# राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औं बैठकको प्रतिवेदन

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
**सिंहदरबार**

२०७६, माघ २६ गते

# विषय - सूची


| | | पेज नं. |
|---|---|---|
| १. | राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औं बैठकका निर्णयहरु : | १ |
| २. | राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औं बैठकको संक्षिप्त प्रतिवेदन | ३ |
| ३ | आ.व. २०७६/७७ को प्रथम चौमासिकको प्रगति स्थिति. | ९ |
| ४. | राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७६।७७ को प्रथम चौमासिक प्रगति | १३ |
| ५. | पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति | २५ |
| ६. | राष्ट्रिय विकास समस्या समाधान समितिको ४४, ४५ र ४६ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति | २७ |
| ७. | विभिन्न मन्त्रालयहरूवाट ४७ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न उपसमितिको बैठकमा प्रस्तावित विषयहरु | ४२ |
| ८. | प्रदेश अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरुबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुतिका लागि प्राप्त भएका समस्याहरु | ४८ |
| ९. | आयोजनाहरुको स्थलगत अनुगमन निरीक्षणमा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु | ५२ |
| १०. | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण | ६० |

## १. राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औं बैठकका निर्णयहरु

१. संयुक्त राष्ट्र संघ लगायतका अन्तर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संगठनहरुमा नेपालको प्रतिनिधिका रुपमा विदेशस्थित सभा सम्मेलन आदिमा सम्बन्धित मन्त्रालयबाट मात्रै प्रतिनिधित्व हुने र प्रभावकारी समन्वयको अभावले समग्ररुपमा नियोग प्रमुख र नियोगहरुको भूमिका छायाँमा परी ती सभा सम्मेलनमा प्रतिनिधित्व समेत हुन नसक्दा अन्तरसरकारी निकाय तथा संघ संगठनले गर्ने क्रियाकलाप, छलफल, नयाँ एजेन्डा आदिको Follow-up गर्न, बैदेशिक सहायता जुटाउन गर्नुपर्ने भेटघाट र सम्पर्क समेत प्रभावकारी हुन कठिनाई भैरहेको सन्दर्भमा परराष्ट्र मन्त्रालयले २ महिना भित्र आवश्यक राष्ट्रिय ढाँचा तयार गरी स्वीकृतिका लागि मं.प. मा प्रस्ताव पेश गर्ने ।

२. यही २-४अप्रिल, २०२० मा काठमाडौंमा "Climate Change, Mountains and the Future of Humanity" शीर्षकमा आयोजना गरिने सगरमाथा संवादको पहिलो संस्करण राष्ट्रिय महत्वको Mega Event लाई सफलतापूर्वक सम्पन्न गर्न सबै मन्त्रालय एवम् निकायहरुको सहयोग र समन्वय आवश्यक पर्ने भएकोले परराष्ट्र मन्त्रालय र सगरमाथा संवाद सचिवालयसंगको समन्वयमा सबै निकायले आ-आफ्नो जिम्मेवारी अनुरुप कार्य अगाडि बढाउने ।

३. समृद्ध नेपाल: सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न गत वर्ष नेपालमा सम्पन्न लगानी सम्मेलनमा मित्रराष्ट्रहरुबाट व्यक्त लगानीको प्रतिवद्धता समेतलाई Follow-up र वैदेशिक लगानी आकर्षण गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगको आर्थिक क्षेत्र हेर्ने मा.सदस्यको संयोजकत्वमा सरोकारवाला अन्य निकायका पदाधिकारीहरु समेत सम्मिलित एक संयन्त्र गठन गरी ४ महिना भित्र एकीकृत अवधारणा तयार गर्ने ।

४. सिंचाइ लगायत अन्य व्यवसायहरु जस्तै बाली, तरकारी, फलफूल आदिको व्यावसायिक उत्पादनमा प्रयोग हुने विद्युत महसुलमा ५० प्रतिशत अनुदान रहेको तर नेपाल विद्युत प्राधिकरणले मत्स्यपालनलाई उद्योग सरहको समूहमा राखी अनुदान उपलब्ध नगराउँदा माछा उद्यमी तथा व्यवसायीहरुको उत्पादन लागत बढ्न गई व्यावसायिक उत्पादनमा कठिनाई परेकोले मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयले अर्थ मन्त्रालयसंग आवश्यक समन्वय गरी अनुदानसम्बन्धी कार्यविधि संसोधन लगायतका प्रकृयाहरु एक महिना भित्र टुङ्ग्याउने ।

५. प्रदेश सरकारको स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम विभिन्न विकास निर्माणका आयोजनाका लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारको नाममा रहेकोले विकास निर्माणका आयोजनाहरुलाई तीब्र गतिमा कार्यान्वयन गर्न प्रदेश सरकारको निर्णय बमोजिम प्रादेशिक कार्यालय र विकास आयोजना कार्यान्वयन गर्न द्विविधा र कठिनाई भएको देखिंदा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रदेश सरकारहरुसंग आवश्यक समन्वय गरी विद्यमान कार्यनीतिमा समयानुकूल संसोधन गर्ने प्रयोजनका लागि एक महिना भित्र मं.प.मा प्रस्ताव पेश गर्ने ।

६. नदिजन्य ढुङ्गा, गिट्टी, वालुवाको दिगो उपयोग र व्यवस्थापन हुन नसक्दा पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न कठिनाई भईरहेको सन्दर्भमा एउटा स्पष्ट र उपयुक्त मापदण्ड तयार गर्न संघीय मामिला तथा सामान्य मन्त्रालयलाई राष्ट्रिय

विकास समस्या समाधान समितिको ४६ औं बैठकबाट निर्देशन भएकोमा हालसम्म सो बमोजिम नभएकोले उक्त मन्त्रालयले उक्तानुसार १५ दिन भित्र मं.प. मा प्रस्ताव पेश गर्ने ।

७. तीव्र रुपमा गर्नुपर्ने पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न एकातिर चुलिंदो समस्या देखिएको छ भने अर्कोतिर देशको विभिन्न क्षेत्रमा प्राकृतिक स्रोतको रुपमा रहेका ढुङ्गा र बालुवा खानीको पहिचान, विकास र उत्खनन् हुन नसकेको सन्दर्भमा एउटा ठोस नीति बनाई कार्यान्वयन गर्न अत्यावश्यक भएकाले राष्ट्रिय योजना आयोगका मा.सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, वन तथा वातावरण, गृह एवं अर्थ मन्त्रालय समेतका सचिवहरु सम्मिलित कार्यक्षेत्र र कार्यादेश सहितको एक उच्चस्तरीय समिति गठन गर्ने र सो समितिबाट एउटा उपयुक्त राष्ट्रिय नीति चार महिना भित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मं.प.मा प्रस्ताव पेश गर्ने ।

८. जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भैरहने तथा जग्गा प्राप्तिसम्बन्धी आयोजना पिच्छे फाईलहरू मन्त्रिपरिषद्मा लैजानु पर्ने एवं विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने हुँदा सरोकारवाला निकायसंगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारणसम्बन्धी एकीकृत राष्ट्रिय नीति २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्न गृह मन्त्रालयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको ४६औं बैठकबाट निर्देशन भएको ।

जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मुआव्जा क्षतिपूर्ति र राहतसम्बन्धी मार्गदर्शन, २०७६ का साथै एकीकृत भूमि तथा जग्गा प्राप्ति ऐनको मस्यौदा तयार भै छलफलमा रहेको ।

यस सन्दर्भमा गृह मन्त्रालयबाट तयार पारिएको बुंदाहरुलाई एकीकृत राष्ट्रिय नीति, २०७६ मा समावेश गर्ने गरी राष्ट्रिय योजना आयोगबाट समन्वय र एकीकरण हुन अनुरोध भै आएको हुँदा सहजीकरण गर्न आयोगका सम्बन्धित मा.सदस्यको संयोजकत्वमा सरोकारवाला निकायका सह-सचिव स्तरका पदाधिकारीहरु सम्मिलित समिति गठन गरी सो समितिले ३ महिना भित्र उपयुक्त एकीकृत राष्ट्रिय नीति तयार गरी प्रतिवेदन पेश गर्ने ।

## २. राष्ट्रिय विकास समस्या समाधान समितिमको ४७ औ बैठकको संक्षिप्त प्रतिवेदन

### २.१ बैठकको संक्षिप्त विवरण

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७६/७७ मा संचालित विकास आयोजना / कार्यक्रमहरुको प्रथम चौमासिक प्रगति समीक्षा एवं राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औ बैठक २०७६ माघ २६ गते राष्ट्रिय योजना आयोगको सभाकक्षमा सफलतापूर्वक सम्पन्न भयो । बैठकमा माननीय उपप्रधानमन्त्री, नेपाल सरकारका माननीय मन्त्रीहरु, प्रदेश नम्वर १, प्रदेश नम्वर २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नम्वर ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार तथा अन्य सल्लाहकारहरु, नेपाल सरकारका माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु, महालेखापरिक्षक, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो । आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले बैठकको शुरुवात गर्नुका साथै स्वागत मन्तव्य राख्नु भएको थियो । आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरण पश्चात सम्माननीय प्रधानमन्त्रीज्यूले छलफलको कार्यक्रमलाई सहजीकरण र विभिन्न विषयहरुमा निर्देशन दिनुका साथै बैठकको संचालनका लागि माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेललाई जिम्मेवारी दिनु भएको थियो । बैठकमा मन्त्री तथा मुख्यमन्त्रीहरूले आ-आफ्नो विषयसंग सम्बन्धित समस्याहरू राख्नु भएको थियो । अन्त्यमा विभिन्न क्षेत्रसँग सम्वन्धित आठ (८) वटा विषयहरुमा निर्णय गरी बैठक समापन भएको थियो ।

### २.२ राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संक्षिप्त विवरण

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलबाट आ.व. २०७६/ ७७ को प्रथम चौमासिक अवधिको प्रमुख आर्थिक परिसूचक, खर्च र प्रगति, रा.वि.स.स.स.को ४३,४४,४५ र ४६ औं बैठकका निर्णय कार्यान्वयनको स्थिति, मन्त्रालयबाट प्राप्त समस्या, आ.व. २०७६/७७ को राष्ट्रिय गौरवका आयोजनाहरुको पहिलो चौमासिक प्रगति स्थिति, पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको भौतिक प्रगति स्थिति, भुकम्पपछिको पुनर्निमार्णको प्रगतिका साथै ४७ औं रा.वि.स.स.स.को बैठकमा समस्याहरु निर्णयार्थ प्रस्तुत गर्नु भएको थियो।

यसै गरी राष्ट्रिय योजना आयोगका माननीय सदस्य ई. सुशील भट्टबाट राष्ट्रिय आयोजना बैंकसम्बन्धी विद्यमान अवस्था, राष्ट्रिय आयोजना बैंक, नीतिगत व्यवस्था, कार्यान्वयन खाका र प्रक्रिया, राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली लगायत राष्ट्रिय आयोजना बैंकको आगामी कार्यदिशा लगायतका विषयहरुमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

आ.व.२०७६/७७ को प्रथम चौमासिक समिक्षा अवधिमा कूल २५७ (राष्ट्रिय गौरवको आयोजना सहित) पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका आयोजनाहरुको संख्या ८१, ५० देखि ७९.९९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या ८५ र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या ७० रह्यो । तीमध्ये २१ वटा आयोजनाहरुको प्रगति विवरण प्राप्त हुन नसकेको अवस्था छ । साथै यसमध्ये राष्ट्रिय गौरवका विभिन्न २२ वटा आयोजनाहरुमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका आयोजनाको संख्या १० (४५.४५%), ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ४ (१८.१८%) र ५०

प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ५ (२२.७२%) रहेको र ३ वटा आयोजनाको प्रगति (१३.६३ %) विवरण प्राप्त नभएको पाइयो ।

२.३. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले ४७ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा दिनुभएको निर्देशनहरुको बुँदागत विवरण

१. सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले बैठकलाई सम्बोधन गर्ने क्रममा विकासको वर्तमान अवस्था, आयोजना र कार्यक्रमको प्रगति र विकासका अवरोधहरु हटाउने विषयमा समीक्षा गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउनु पर्ने तथा राष्ट्र प्रगतिको पथमा रहे तापनि वार्षिक बजेटको तुलनामा प्रथम चौमासिकको पूंजिगत खर्च लक्ष्य अनुरुप हुन नसकेको हुँदा हाम्रा सरकारी निकायका पूँजीगत खर्च गर्ने क्षमता कमजोर रहेकोले यसलाई समेत थप सुधार गर्ने ।

२. आयोजना तर्जुमा तथा व्यवस्थापनमा सुशासन कायम गर्न राष्ट्रिय आयोजना बैंको स्थापना भएको, यस प्रणालीलाई थप आधुनिकीकरण गरी कार्यान्वयन गर्ने काम राष्ट्रिय योजना आयोगबाट  हुने र आगामी आ.व. को बजेट तथा कार्यक्रम यसै प्रणालीबाट बनाउने गरी कार्यान्वयनमा जाने ।

३. विगतका बैठकले धेरै महत्वपूर्ण निर्णय गरेका छन् ती निर्णयहरु पूर्ण रुपले कार्यान्वयन हुन सकेको देखिएन । सबै मन्त्रालय निकायहरुले विगतका निर्णय कार्यान्वयनमा तदारुकता ल्याउने र यस बैठकले गर्ने निर्णय समयमै कार्यान्वयन गर्ने ।

४ सरकारका सबै अंग र तहले समन्वयात्मक ढंगबाट कार्य गर्नु पर्दछ । प्रदेशबाट धेरै महत्वपूर्ण सवालहरु आएका छन् । समन्वय गरी समाधान गर्न आयोगले सहजीकरण गर्ने।

५. राष्ट्रिय विकास समस्या समाधान समितिले गरेका निर्णयहरु सम्बन्धित मन्त्रालयमा लगेर टिप्पणी उठाई पुनः निर्णय गर्दै जाँदा कार्यान्वयनमा ढिलाई हुन्छ । त्यसैले तत्काल सबै मन्त्रालय निकाय कार्यान्वयनमा उत्रिने ।

६. आयोगवाट विगतमा भएका निर्णयहरु मध्ये विशेषगरी कृषि क्षेत्रको अनुदानको अवस्था अध्ययन गरी सुधार गर्ने सुझाव छिटो प्रस्तुत गर्ने । आयोगबाट विगतमा भएका निर्णय बमोजिम समाजिक सुरक्षा सुरक्षणको एकीकृत ढाँचा सहितको प्रतिवेदन छिटै प्रस्तुत गर्ने लगायतका विषयहरुमा निर्देशन दिनु भएको थियो ।

## २.४.बैठकमा छलफलको समयमा माननीय मन्त्री, मुख्यमन्त्री तथा अन्य विशिष्ट पदाधिकारीहरुले राख्नु भएका विचारहरु

### माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल, प्रदेश नं. ५

NDAC बाट भएका निर्णयहरु कार्यान्वयन नभएको, राष्ट्रिय योजना आयोगले देखाएका समस्यालाई मात्र समस्याको रुपमा लिने । राष्ट्रिय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरुको कार्यान्वयन हुदैन भने यसको औचित्य खोज्नु पर्ने । राष्ट्रिय योजना आयोगले संश्लेषण गरेका योजना किन कार्यान्वयन भएनन्? NDAC बैठकको गरिमा बढाउने हो भने समस्या पहिचान, छनौट र प्रस्तुतीकरणलाई गम्भिर रुपमा लिनु पर्ने, यस समितिले गरेका निर्णयहरु कार्यान्वयन किन गरिएन त्यस सम्बन्धमा प्रश्न उठाउने गरी बैठक आयोजना गरिनु पर्ने । पूँजीगत खर्च  कसरी कम भयो ? त्यसको समाधान कसले खोज्ने ? प्रक्रिया पुगेन भनेर अड्काउने की त्यसलाई समाधान गर्ने भन्ने विषयमा पनि विशेष चासो राख्नु भएको थियो ।

### माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट, सुदूर पश्चिम प्रदेश

सुदुरपश्चिम प्रदेशले राजधानी तोकेको लामो समयसम्म पनि जग्गा प्राप्तिमा कठिनाई हुनु । सडक निर्माण र वनसंगको समस्या समाधान नहुनु, खर्चका लागि काम गर्ने वातावरण नै बन्न नसकेको अवस्था सिर्जना हुनु । पूंजीगत खर्च नभएको अवस्थामा पटक पटक उही रोग किन निम्त्याउने, कर्मचारीको सन्दर्भमा कर्मचारी ठाँउमा नपुग्दै अर्को ठाँउमा सरुवा हुने, जनशक्तिको समस्या, प्रदेशले कर्मचारी Hire गर्न पनि नसकिने र त्यहाँ संघले कर्मचारी नखटाउने गर्दा योजना कार्यान्वयनमा समस्या सृजना भएको  । प्रदेश सरकार गठन हुनु अघिदेखिका योजनाहरुको अवस्था, हाल भएका योजनालाई के गर्ने, कसले समाधान गर्ने, जिल्लास्तरको खरिद दररेटमा प्रदेश सरकारको भूमिका नदेखिएको । ढुङ्गा, गिटी र बालुवासम्बन्धी समस्या सधै रहि रहने हो भने काम अगाडि बढाउन नसकिने अवस्था, प्रदेश सरकारसंगको समन्वय कमजोर रहेको अवस्था औंल्याउनुका साथै प्रदेश सरकारलाई आवश्यक जग्गा उपलव्ध गराउने विषयमा आफ्नो भनाई राख्नु भएको थियो ।

### माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ, गण्डकी प्रदेश

जिल्लास्तरका संघीय कार्यालयहरु तत् तत् प्रदेशलाई हस्तान्तरण गर्ने भनिएकोमा हालसम्म पनि प्रक्रिया अगाडि बढ्न नसकेको । एकात्मक शासन व्यवस्था हुँदा कर्मचारी पुर्ण थियो तर संघीयता लागु भएपछि कर्मचारी अभाव र दरबन्दी घटाइएको अवस्थाले समस्या अझै व्यापक बनेको । गण्डकी प्रदेशका २७ वटा समस्या मध्ये २ वटा समस्या समाधान भएको, पर्यटन विकासको लागि पोखरा फेवाताल महत्वपुर्ण रहेको, जसको जग्गा नाप नक्सा गरी सीमाकंन गरेर निर्णय गरिनुपर्ने २२ हजार रोपनीबाट हाल ८ हजार रोपनीमा जग्गामा सिमित हुन गएको अवस्था रहेको । प्रदेश लोकसेवा आयोग ऐन २०७६ बनिसकेको अवस्थामा पोखरा स्थित लोकसेवा आयोगको भवन प्रदेश सरकारलाई हस्तान्तरण गरिनु पर्ने । प्रदेश सभाको लागि नगर प्रशिक्षणको भवन हस्तान्तरण हुनु पर्ने । प्रदेश सरकारलाई हस्तान्तरण भएका सडक योजना कार्यान्वयनका लागि बजेटको प्रत्याभुति हुनुपर्ने । धौवादी फलाम खानीको आय संघीय ऐनमा व्यवस्था भए बमोजिम १५% प्रदेश सरकारलाई दिनुपर्ने । प्रदेश एकल अधिकार खोजिने गरी वन ऐन बनेको हुँदा सो को संशोधन हुनुपर्ने। जस्तै ACAP र MCAP प्रदेश सरकारलाई हस्तान्तरण गरिनु पर्ने । ढुङ्गा, गिटी, बालुवा उठाउने काम स्थानीयलाई दिनु पर्ने । गोरखा लिगलिग कोटमा रहेको जग्गासम्बन्धी समस्या समाधान गरिनु पर्ने । सबै स्थानीय तहमा कानुन अधिकृतको दरवन्दीको व्यवस्था हुनुपर्ने विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

माननीय मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश नं.२

यस अगाडिको NDAC बैठकमा भएका निर्णय कार्यान्वयनको अवस्था, प्रदेश सरकारका कार्यालयहरुमा एक तिहाई जतिपनि कर्मचारी नरहेको अवस्था, डुवानको समस्यालाई बेलैमा सम्बोधन गरी कुन कुन नदीको तटवन्धमा सुधार गर्नु पर्ने हो सो को लागि विशेष प्याकेजको व्यवस्था हुनु पर्ने । Unwanted Baby को रुपमा जिल्ला समन्वय समितिको अवस्था रहेको । क्रसर उद्योग, चुरे दोहन जस्ता कार्यले भू-क्षय हुदै गएको । बालुवा, गिटीसम्बन्धी अध्ययन गरिनु जरुरी रहेको । तीन तहको सरकारमा साना साना काम गर्दा पनि संघमा पत्राचार गर्नु पर्ने । संविधानमा उल्लेख भएका साझा अधिकारका सूचीका सम्बन्धमा गम्भिर हुन पर्ने । कानुन बनाउदा सबैले अतिक्रमण गरेको, भूमि व्यवस्थापन र प्रयोगका लागि संघीय सरकारलाई गुहार्नु पर्ने अवस्था, नवलपुर नक्टा जेल जस्ता विषय सघीय सरकार अन्तर्गत राखिएको । विभिन्न कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण गर्न नसकिएको अवस्थाका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो ।

माननीय मन्त्री श्री पद्मा कुमारी अर्याल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

NDAC को ४२ औं बैठकले जग्गासम्बन्धी निर्णय गरेको, तर सो निर्णय जग्गासम्बन्धी ऐनले नसमेटेको विषय सम्बोधन गर्ने भनिएको थियो । भूमि ऐन, २०२१ को आठौं संशोधनले ल्याएको क्षतीपुर्तिसम्बन्धी व्यवस्था, गृह मन्त्रालयलाई ४२ औं बैठकले गरेको निर्णयप्रति ध्यानाकर्षण गराउनु पर्ने, मालपोत कार्यालयको श्रोत सुधार सम्बन्धमा प्रदेश सरकारले साझेदारी गरिनु पर्ने । जग्गा प्राप्ति सम्वन्धमा (NDAC) मा विषय उठेको मन्त्रालयमा पठाईदा कानुन बमोजिम हुने । यस विषयलाई मन्त्रिपरिषद् बाट निर्णय गराउन आवश्यक रहेको । विना बजेटको दायित्व, सुकुम्वासी समस्या समाधानको विषय, कर्मचारी समस्या समाधान हुन नसकेको विषय सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो ।

माननीय मन्त्री शक्ति बहादुर बस्नेत, वन तथा वातावरण मन्त्रालय

संघमा वनका कर्मचारीको समस्या एकदम नाजुक रहेको अवस्था, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग सम्बन्धित अघिल्लो बैठकमा भएको निर्णयहरुको अवस्था, वन क्षेत्रमा आउने प्रस्ताव भूमि ऐन अन्तर्गत आउदा समस्या समाधान हुन नसकेकोले वन ऐनलाइ टेकेर आउनु पर्ने । EIA/IEE प्रदेशको आयोजना प्रदेशले र स्थानीयको स्थानीयले गर्न मिल्ने गरी वातावरण संरक्षण ऐन बन्ने अवस्था, फौजदारी ऐन, वन क्षेत्रको अधिकार संघमा रहेकोले अधिकार प्रत्यायोजन गर्न पाउने व्यवस्था नभएको हुदा समस्या सृजना भएको । संरक्षण क्षेत्र र राष्ट्रिय वन फरक फरक विषय हो । यसको व्यवस्थापनको मोडालिटी तयार हुनुपर्ने । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र वन तथा वातावरण मन्त्रालय बीच समन्वय र सहकार्य भएको र प्रक्रिया मिलाएर ल्याउनु पर्ने अवस्थाका बारेमा विशेष ध्यानाकर्षण गराउनु भएको थियो ।

माननीय मुख्यमन्त्री श्री डोरमणी पौडेल, बागमती प्रदेश

सम्मानीय प्रधानमन्त्री समक्ष पेश भएका समस्याहरु नै समाधान हुन नसकेको । निजामती कर्मचारी ऐन बन्न नसकेकोले प्रदेश ऐन बनाउन नसकिएको । कर्मचारीका विषयमा मन्त्रालय तोकेर पठाउदा काम लगाउन कठिन भएको । ढुङ्गा, बालुवा, गिट्टी क्रसरबाट उठाईएको कर अवैधानिक भएकोले यसलाई कसले र कसरी सम्बोधन गर्ने । ढुङ्गैढुङ्गाको पहाडलाई अध्ययन गरेर उत्खनन् गरिनु आवश्यक भएको । परम्परागत शैलीलाई परिवर्तन गरिनु पर्ने जस्ता विषयहरुमा आफ्नो धारणा राख्नु भएको थियो ।

माननीय मुख्यमन्त्री श्री महेन्द्र बहादुर शाही, कर्णाली प्रदेश

प्रोजेक्ट बनाउने विषय अत्याधिक महत्वपुर्ण विषय रहेको । तीनवटा सरकारको कार्यक्षेत्र स्पष्ट हुन जरुरी रहेको । स्थानीय सरकारले कति सम्मका, प्रदेश सरकारले कति सम्मका र संघले कतिवटा आयोजना संचालन गर्ने भन्ने विषय स्पष्ट हुन जरुरी रहेको । कर्णाली प्रदेशमा इन्जिनियरिङ कम्पनी आवश्यक रहेको । प्रोजेक्ट बैंकमा सम्पूर्ण सम्भाव्यता अध्ययन गरिएको विषय हुनु आवश्यक रहेको विषयमा विशेष ध्यानाकर्षण गर्नु भएको थियो ।

माननीय मन्त्री श्री युवराज खतिवडा, अर्थ मन्त्रालय

प्रोजेक्ट बैंकमा प्रारम्भिक चरणमा कति भन्दा माथिका आयोजना प्रोजेक्ट बैंकमा राख्ने Thress hold तोकिनु पर्ने । वहुवर्षिय ठेक्कामा जाने आयोजना-प्रदेशको पनि Thress hold तोक्नु पर्ने । राष्ट्रिय गौरवका आयोजना बजेट सुनिश्चत हुने बाहेक केही फरक नभएको हुँदा खरिद आयोजनामा केही फरक नपरेको । आयोजना दुई किसिमका बनाउनु पर्ने, राष्ट्रिय गौरवका र अन्य p1 आयोजना र p2 आयोजना आवश्यक नरहेको । कार्यविधि असोज, कार्तिकसम्ममा बनाईसक्नु पर्नेमा फागुनसम्म बन्दै गरेको । निजी क्षेत्रवाट संचालन गरिने परियोजना प्रोजेक्ट बैंकमा नआउने । प्रदेशको लागि लागु हुने कानुन निर्माण संयन्त्र के हुने यसलाइ एउटा विधि निर्माण गरी  अन्तर प्रदेश  बैठकवाट टुङ्गयाउनु पर्ने । ढुङ्गा, बालुवा, गिट्टीसम्बन्धी कानुन छिटो पारित हुने अवस्था रहेको । अधुरा आयोजनालाई पूर्णता दिनका लागि चालु आ.व.मा Complete हुदै जाने । प्रदेश कम्पनी कानुन निर्माण गर्ने हो भने मात्र प्रदेशले इन्जिनियरिङ कम्पनी खोल्न सक्दछ । अहिले प्रदेश कानुन बनाउने पछि संघीय कानुन अनुसार संसोधन गर्दै जाने लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

आयोगका माननीय उपाध्यक्षज्यूले छलफलमा उठेका विषयवस्तुहरुलाई सम्बोधन गर्दै राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक सिर्जनशिल हुन नसकेको र यसलाई समय सापेक्ष बनाउदै लैजानु पर्ने, प्रदेशहरुले राखेको खर्चसम्बन्धी अनुगमनका विषयमा यसको प्रतिवेदन प्रदेशले नै  गर्नु पर्ने । मन्त्रालयगत समन्वय अभावका सम्बन्धमा यसको जिम्मेवारी मन्त्रालयका सचिवज्यूहरुले नै लिनु पर्ने । यसै गरी जग्गा, ढुङ्गा, बालुवा, गिट्टीको विषय, वनसंग सम्बन्धित विषय, प्रोजेक्ट बैंक तथा स्थानीय खर्चसम्बन्धी उठेका विषय, कर्मचारी पदपूर्ति सम्बन्धमा उठेका विषय, समपुरक र विशेष अनुदान सम्बन्धी उठेका प्रश्नहरुका सम्बन्धमा प्रष्ट पार्नु भएको थियो।

माननीय उपप्रधानमन्त्री श्री ईश्वर पोखरेल, रक्षा मन्त्रालय

अन्तर प्रदेश परिषद्को बैठकमा आवश्यकता अनुसार प्रदेशको समस्याहरु सम्बोधन हुने । विगतमा भएका सबै निर्णयहरु कार्यान्वयन नै नभएका होइनन् र केही लागु नभएकाहरु भविष्यमा समाधान हुँदै जाने । विकास व्यवस्थापन र आयोजना सुशासनको लागि थप जानकारीको आवश्यकता रहेको सन्दर्भमा संघमा धेरै कर्मचारी नराख्ने पक्षमै रहेको । जग्गा प्राप्तिको विषयमा भूमि व्यवस्था गरिवी तथा सहकारी मन्त्रालय र गृह मन्त्रालय बीचको समन्वयमा समाधान हुने । जनशक्तिको सही

तरिकाले समायोजन भएन भन्ने विषयमा छलफल पछि निष्कर्ष निकालिने । स्थानीय तहमा भएका अनियमिततालाई लेखापरिक्षण गर्नका लागि थप कानुन संसोधन गरिनु पर्ने । समन्वयको विषयमा प्रदेश सरकारले सामना गरिरहेको विषयहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा आउनु जरुरी रहेको । ढुङ्गा, बालुवा, गिट्टीका विषयमा कानुनी रुपमा ध्यान दिइने । राष्ट्रिय विकास समस्या समाधान सम्बन्धमा राष्ट्रिय योजना आयोगले गरिने समन्वय औपचारिक र झाराटार्ने किसिमले जानु भएन, विषय केन्द्रित भएर समाधान गरिनु पर्ने जस्ता विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

विगतका निर्णयहरु कार्यान्वयन नभएका सन्दर्भमा सम्पूर्ण मन्त्रालयहरुले मनन गर्नु जरुरी रहको । प्रदेश र स्थानीय तहमा उपयोग गरिने जमिनको जटिलता आउँदा दिनमा छलफल गरिने । संघीयता आएपछि सरकारी संरचना कम भए भन्ने विषयलाइ संरचनाको विषयले कति र समायोजनको विषयले कति ? भन्ने विषयमा एकिन हुन जरुरी रहेको । सरकार परिवर्तन जस्तो अभ्यास र आदतलाइ परिवर्तन गरेर प्रणालीमा परिवर्तन भएको घोषणालाई व्यवहारमा ल्याउन विशेष कानुन विधि बन्न नसक्दा सेवा प्रवाहमा असर परेको । विद्यमान प्रणाली अनुसार सबै क्षेत्रमा अद्यावधिक गरिनु जरुरी रहेको, जनता बीच गरेका प्रतिवद्धता पूरा गर्न समन्वयात्मक व्यवहार र प्रणालीको अभ्यास जरुरी रहेको र सम्बन्धित मन्त्रालयवाट समस्याको Follow up नहुँदा समाधान हुन नसकेको । कृषि अनुदानमा आएका विकृतिहरुलाई छुटाउन र अनुदान मोडालिटी निर्माण गरेर जानु जरुरी रहेको । राष्ट्रिय योजना आयोगले १ महिना भित्र औद्योगिक संरचना सम्बन्धमा मोडालिटी निर्माण गर्नुपर्ने । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको Action War Room को प्रयोग गरेर पनि समस्या समाधान गर्न सकिने । मन्त्रिपरिषद्बाट आउने विषयहरु प्रस्तावका रुपमा आउनु आवश्यक रहेको लगायतका विषयहरुमा विशेष ध्यानाकर्षण गराउनु भएको थियो ।

## ३. आ.व.२०७६/७७ को प्रथम चौमासिकको प्रगति स्थिति

### ३.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरण

आ.व. २०७६/७७ मा सञ्चालित कूल ३२६ आयोजनाहरुमध्ये राष्ट्रिय गौरव र पहिलो प्राथमिकता प्राप्त आयोजना २५७ र दोस्रो प्राथमिकता प्राप्त आयोजना ६९ रहेका छन् ।

### ३.२ राष्ट्रिय गौरव लगायत पहिलो प्राथमिकता प्राप्त २५७ आयोजनाहरुको भौतिक प्रगति

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या : ८१
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ८५
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या : ७०

यी आयोजनाहरुको मन्त्रालयगत विस्तृत विवरण पृष्ठ १० मा प्रस्तुत गरिएको छ । तीमध्ये २१ आयोजनाहरुको प्रगति स्थिति / विवरण प्राप्त नभएको अवस्था छ ।

### ३.३ वित्तीय प्रगति

आ.व. २०७६/७७ को कुल बजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसार वार्षिक बजेट र खर्च स्थिति देहाय बमोजिम रहेको छ ।

(रकम रु.करोडमा)

| विवरण | चालू | पूंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कूल वार्षिक बजेट | ९५७१०१४ | ४०८००५९ | १६७८५९८ | १५३२९६७१ |
| कूल खर्च | १९६९०५२ | २४७१४६ | ४२७३५ | २२५८९३३ |
| खर्च (प्रतिशतमा) | २०.६ | ६.१ | २.५ | १४.७ |

### ३.४ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरवका २२ आयोजनाहरुको प्रगति स्थिति देहाय बमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या : १० (४५.४५%)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या : ४ (१८.१८%)
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या : ५ (२२.७२%)
- प्रगति प्राप्त नभएका आयोजना संख्या ३ (पश्चिम सेती जलविद्युत, विद्युत प्रसारण लाईन रेल्वे तथा मेट्रो विकास आयोजना ) : ३ (१३.६३%)

## ३.५ पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरूको आ.व.२०७६/७७ को प्रथम चौमासिकको भौतिक प्रगति

| क्र. सं. | मन्त्रालय/निकाय | P1 आयोजना/ कार्यक्रमको संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा बढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका आयोजनाको संख्या |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २६ | ६ | १३ | ७ | |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७ | ३ | २ | १ | १ |
| ३ | वन तथा वातावरण मन्त्रालय | १३ | ४ | ७ | २ | |
| ४ | अर्थ मन्त्रालय | ७ | | | ६ | १ |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १० | ३ | ५ | २ | |
| ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८ | ४ | १ | १ | २ |
| ७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३ | | २ | १ | |
| ८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १५ | २ | ४ | ९ | ० |
| ९ | खानेपानी मन्त्रालय | १४ | ५ | ४ | ३ | २ |
| १० | युवा तथा खेलकूद मन्त्रालय | २ | | | २ | |
| ११ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६ | ५ | १ | | |
| १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २ | १ | १ | | |
| १३ | ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | ५९ | २५ | १८ | १६ | |
| १४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ४६ | १५ | १८ | १३ | |
| १५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ | १ | | १ | |
| १६ | सहरी विकास मन्त्रालय | १३ | ३ | ५ | ५ | |
| १७ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १ | १ | | | |
| १८ | संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय | १४ | ३ | ४ | १ | ६ |
| १९ | गृह मन्त्रालय | ३ | | | | ३ |
| २० | राष्ट्रिय योजना आयोग | २ | ० | | | २ |
| २१ | अर्थ मन्त्रालय (विविध समेत) | ४ | | | | ४ |
| | जम्मा आयोजना | **२५७** | **८१** | **८५** | **७०** | **२१** |

## ३.६ आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिक सम्मको निकाय र मन्त्रालयगत खर्चको प्रगति विवरण (श्रोत : महालेखा नियन्त्रक कार्यालय)

| सि.नं. | निकाय | खूद बजेट (रु.लाखमा) | | | प्रगति % | | |
|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | जम्मा | चालू | पूँजीगत | जम्मा |
| १ | राष्ट्रपति | ११९२ | १३३६ | २५२८ | ३२.२ | २.८ | १६.७ |
| २ | उपराष्ट्रपति | ४४३ | १६ | ४५९ | ३३.६ | २१.६ | ३३.२ |
| ३ | प्रदेश प्रमुखहरु | २२९७ | १७८ | २४७५ | १८ | ४.६ | १७ |
| ४ | संघीय संसद | १२७१० | ३७८ | १३०८८ | २४.२ | | २३.५ |
| ५ | अदालत | ४४९१६ | १७१६० | ६२०७६ | ३०.२ | ६.६ | २३.७ |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९७७५ | ३६१३ | १३३८८ | २५.५ | १०.१ | २१.३ |
| ७ | महालेखा परीक्षकको कार्यालय | ४७२६ | २३४२ | ७०६८ | ३३.६ | ७.२ | २४.९ |
| ८ | लोक सेवा आयोग | ७१३८ | ३९६ | ७५३४ | ३४ | ७.३ | ३३.३ |
| ९ | निर्वाचन आयोग | ४६५२ | ५७१ | ५२२३ | २८.४ | | २५.३ |
| १० | राष्ट्रिय मानव अधिकार आयोग | २५२३ | ३५ | २५५८ | २१.७ | १६.१ | २१.६ |
| ११ | न्याय परिषद् | ४९४ | २७ | ५२१ | ३०.८ | ६ | २९.५ |
| १२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९५० | ७० | १०२० | १५.१ | १७.६ | १५.३ |
| १३ | राष्ट्रिय महिला आयोग | ११३२ | ७१ | १२०३ | १०.९ | २.७ | १०.४ |
| १४ | राष्ट्रिय दलित आयोग | ४४९ | ५४ | ५०३ | ९.६ | | ८.६ |
| १५ | राष्ट्रिय समावेशी आयोग | ४१० | ९१ | ५०१ | १४.३ | | ११.७ |
| १६ | आदिवासी जनजाति आयोग | ३८४ | ११८ | ५०२ | ७ | | ५.४ |
| १७ | मधेशी आयोग | ४१६ | ८५ | ५०१ | १४.४ | २३.३ | १५.९ |
| १८ | थारू आयोग | ३९६ | १०३ | ४९९ | १७.३ | २५.९ | १९.१ |
| १९ | मुस्लिम आयोग | ३७८ | १२३ | ५०१ | ११ | १ | ८.५ |
| २० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३६९८७ | ९५८१ | ४६५६८ | २३.७ | ५.९ | २० |
| २१ | अर्थ मन्त्रालय | १२३९६४ | १०२६५७ | २२६६२१ | ११.२ | ३.२ | ७.६ |
| २२ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४०३७७ | ६५८९७ | १०६२७४ | ८.४ | २.४ | ४.६ |
| २३ | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ६२२४२ | ४०२५६१ | ४६४८०३ | ८.६ | ५.८ | ६.२ |
| २४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५०३१ | ६० | ५०९१ | १७.३ | ८.३ | १७.२ |
| २५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २५२१६६ | २८७६८ | २८०९३४ | २०.४ | ४.५ | १८.८ |
| २६ | खानेपानी मन्त्रालय | २७९४४ | २२६०४१ | २५३९८५ | ६ | ४.८ | ४.९ |
| २७ | गृह मन्त्रालय | १२५४२९२ | १०१६४२ | १३५५९३४ | ३०.८ | ७.६ | २९.१ |
| २८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २९६७८ | २३१४६ | ५२८२४ | २५.१ | ६.५ | १६.९ |
| २९ | परराष्ट्र मन्त्रालय | ४३१२० | १७४६४ | ६०५८४ | ३४.४ | ०.१ | २४.५ |

| सि.नं. | निकाय | खूद बजेट (रु.लाखमा) | | | प्रगति % | | |
|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | जम्मा | चालू | पूँजीगत | जम्मा |
| ३० | वन तथा वातावरण मन्त्रालय | ८२४०५ | ५५९८८ | १३८३९३ | २०.९ | २.९ | १३.६ |
| ३१ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५९६७१ | १७२०६ | ७६८७७ | १८.५ | ७.१ | १६ |
| ३२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ११७४५५ | १४४८८७७ | १५६६३३२ | ४.९ | ५.९ | ५.९ |
| ३३ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७६२० | १३५ | ७७५५ | ९.१ | ७.१ | ९.१ |
| ३४ | युवा तथा खेलकूद मन्त्रालय | १४१८० | २०५७१ | ३४७५१ | ५६.९ | १९.२ | ३४.६ |
| ३५ | रक्षा मन्त्रालय | ४२४६४१ | ७८०७० | ५०२७११ | ३४.४ | १ | २९.२ |
| ३६ | शहरी विकास मन्त्रालय | ७९६५६ | २८४५२० | ३६४१७६ | ३२.५ | १३.९ | १८ |
| ३७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६४६७८० | ६०३७ | ६५२८१७ | १७.६ | २.७ | १७.५ |
| ३८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४८०६२ | १५५३१ | ६३५९३ | ३१.२ | ४.७ | २४.७ |
| ३९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २१७८८८ | १००३५४ | ३१८२४२ | २.५ | ७ | ४.२ |
| ४० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३४४९०८ | ८१८०१ | ४२६७०९ | १५.५ | ९.२ | १४.३ |
| ४१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ६२३८० | १६७२ | ६४०५२ | १.९ | १.१ | १.८ |
| ४२ | राष्ट्रिय योजना आयोग | ९४४८ | ७०८ | १०१५६ | १५.२ | १.५ | १४.२ |
| ४३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ६७१३६३ | ७४०१८३ | १४११५४६ | ११.६ | ६.१ | ८.७ |
| ४४ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | | | १०१२२१२ | | | १ |
| ४५ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २२६१२० | | ६२४३५१ | २९.९ | | १२.३ |
| ४६ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३८३३७ | | २४७३८८ | १०.५ | | ९.८ |
| ४७ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (दुईपक्षीय) | ४५८० | | ६३६८४ | ३३.७ | | ७.२ |
| ४८ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ८६१००० | | ८६१००० | २३.१ | | २३.१ |
| ४९ | अर्थ मन्त्रालय- विविध | ५४६६८३ | २२३८२२ | ७७०५०५ | ०.१ | | ०.१ |
| ५० | प्रदेश | ९९८४४४ | | ९९८४४४ | १३.३ | | १३.३ |
| ५१ | स्थानीय तह | २१३८२११ | | २१३८२११ | २६.२ | | २६.२ |
| | जम्मा | **९५७१०१४** | **४०८००५९** | **१५३२९६७१** | **२०.६** | **६.१** | **१४.७** |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७६/७७ को प्रथम चौमासिकको प्रगति स्थिति

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७६/७७ को वार्षिक बजेट, प्रथम चौमासिकको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | आयोजना | आ.व ०७६/७७ को वार्षिक बजेट (रु.करोडमा) | आ.व ०७६/७७ को पहिलो चौमासिक बजेट (रु. करोडमा) | आ.व ०७६/७७ को पहिलो चौमासिक लक्ष्यको तुलनामा भौतिक प्रगति (%) | आ.व ०७६/७७ को पहिलो चौमासिक बजेटको तुलनामा वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | १५२.०३ | ३३.१० | ८०.१६ | ६१.८७ |
| २. | बबई सिंचाइ आयोजना | १४९.८६ | ३१.०४ | ८०.२८ | २४.८६ |
| ३. | रानीजमरा कूलरीया सिंचाइ आयोजना | २४२.३४ | ३७.६० | ८१.२९ | ८३.२७ |
| ४. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ४२०.२८ | ६३.५१ | ३८.६ | १०० |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ६०० | २४६.३८ | ७६.५५ | ७१.२५ |
| ६. | बुढीगण्डकी जलविद्युत आयोजना | १३५७.५६ | ५६.६५ | ६२.०९ | ६२.०९ |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | | - | - | - |
| ८. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ३७०.५० | १८५.२७ | ३८.५६ | ७.६ |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ७५० | १८७.५० | १०० | १०० |
| १० | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | १५० | २७.७७ | १६.५ | १५.५ |
| ११. | पशुपति क्षेत्र विकास कोष | ३५ | ८.८० | ४५ | ११ |
| १२. | लुम्बिनी क्षेत्र विकास कोष | १०० | ३७.७४ | १०० | ५२.१७ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | १२११ | २९५ | ९१.५ | ६५ |
| १४ | रेल्वे तथा मेट्रो विकास आयोजना | ७६८ | १९० | - | ३७.२ |
| १५ | हुलाकी लोकमार्ग | १३५० | ८० | ९४ | ९५ |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | १०४ | २५.४० | ६८ | १६ |
| १७ | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | २८५ | ५७.७७ | ७५.३१ | ७७.५७ |
| १८ | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ७० | १६.०१ | ९८.७५ | १०० |
| १९ | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | १५०० | १२१.९७ | ८८ | ६.०६ |
| २० | मेलम्ची खानेपानी आयोजना | ७३८.९५ | १८५.२५ | ३७.२८ | १३.६७ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १७३.६९ | १४.५८ | ८९.६७ | २७.३२ |
| २२ | विद्युत प्रसारण आयोजना | | - | - | - |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७६/७७ मा विनियोजित बजेट, यस आ.व. को प्रथम चौमासिकमा भएका कार्य, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ ।

१. सिक्टा सिंचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी राप्ती जिल्लाको पशिचम दाँयातर्फ ३३,७६६ हेक्टर एवम् राप्ती पूर्व बाँयातर्फ ९,००० हेक्टर गरी कुल ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.२०७१/७२ मा सम्पन्न हुने प्रारम्भिक लक्ष्य रहेकोमा संशोधित भई आ.व. २०७६/७७ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनाको सुरु वर्ष २०६१/६२ को लागत अनुमान रु.१,२८० करोड रहेकोमा संशोधित लागत अनुमान रु.२५०२ करोड रहेको र यस आयोजनाको लागि चालू आ.व. २०७६/७७ मा रु.१५२.०३ करोड विनियोजन गरिएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ८०.१६ प्रतिशत र वित्तीय प्रगति ६१.८७ प्रतिशत रहेको छ। आयोजनाको हाल हेडवर्कस् तथा गेट निर्माण कार्य, पशिचमी मूल नहर (४५ कि.मि.) निर्माण कार्य र सिधनिया शाखाको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। पूर्वी मूल नहरको १६ कि.मि. खण्डको निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने पशिचमी मूल नहरको समस्याग्रस्त खण्डको मर्मत सम्भार कार्य जारी रही हाल करिब १.५ क्युमेक पानी संचालनमा आएको छ। शाखा नहर निर्माणको लागि ३.५ हेक्टर जग्गाको मुआब्जा वितरण कार्य सम्पन्न भएको छ।

आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : नहर रेखाङ्कन तथा जग्गा अधिग्रहणमा अवरोध, वन तथा निकुञ्ज क्षेत्रमा नदीजन्य निर्माण सामग्री गिट्टि, ढुङ्गा र बालुवाको आपूर्तिमा कठिनाई, नहरको केही भागको माटो Dispersive भएकाले नहर पूर्ण रूपमा सञ्चालनमा आउन समस्या पर्न गएको जस्ता विषय प्रमुख समस्याका रुपमा रहेका छन्।

२. बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर (पूर्वमा २१,००० हे. र पशिचममा १५,००० हे.) कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य लिइ आ.व. २०४५/४६ मा सुरु भएको यस आयोजना आ.व. २०६९/७० मा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधन भई आ.व. २०७९/८० सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनाको संशोधित कूल लागत रु.१८ अर्व ९६ करोड रहेको र यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.१४९ करोड ८६ लाख विनियोजन भएको छ। आयोजनाको सम्पूर्ण लागत नेपाल सरकारको आफ्नै स्रोतबाट विनियोजन भएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ८०.२८ प्रतिशत र वित्तीय प्रगति २४.८६ प्रतिशत रहेको छ। आयोजनाको हेडवर्क्स, मूल तथा शाखा नहर निमार्ण भइ २९,५०० हे.मा सिंचाइ सुविधा पुगेको अवस्था छ। पशिचम मूल नहरको ch.२४+८०० सम्म निर्माण सम्पन भएको र २२ कि.मि.शाखा र उपशाखा नहरको लागि १५ वटा प्याकेजहरुमा निर्माण शुरू भएको छ।

आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : जग्गा प्राप्तिसम्बन्धी समस्या, आयोजना संचालन संगै विस्तार तथा सुधारका कार्य गर्दै जाँदा काममा ढिलाइ हुन गएको, राष्ट्रिय निकुन्ज क्षेत्र भित्र आयोजना परेकोले मानव, मेसिनरी सामाग्री ढुवानी, आवागमनमा समस्या पर्न गएको जस्ता आयोजनाको प्रमुख समस्याका रुपमा रहेका छन्।

३. रानीजमरा कुलरीया सिंचाइ आयोजना

रानी जमरा र कुलरिया सिंचाइ प्रणाली नेपालको सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लामा अवस्थित कृषकबाट निर्माण गरी व्यवस्थापन समेत गरिएको सबै भन्दा ठूलो सिंचाइ प्रणाली हो । यस प्रणालीको पानीको श्रोत कर्णाली नदीको पश्चिमी भङ्गालो झरही नाला रहेको छ। यस आयोजनाले कैलाली जिल्लाको २०,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने तथा सिंचाइ प्रणालीहरुको आधुनिकीकरण गर्ने लक्ष्य लिएको छ । यस आयोजना आ.व. २०६७/६८ बाट सुरु भई संशोधित कार्यतालिका अनुसार आ.व. २०८०/८१ मा सम्पन्न हुने लक्ष्य रहेको छ । आयोजनाको कूल संशोधित लागत रु.२७७० करोड रहेको र यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.२४२.३४ करोड विनियोजन भएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ८१.२९ प्रतिशत र वित्तीय प्रगति ८३.२७ प्रतिशत रहेको छ । आयोजनाको इन्टेक निर्माण भै ८ वटा गेटहरुको जडान सम्पन्न भएको छ । पुरानो फिडर नहर सहित रानी, जमरा, कुलरिया शाखा नहर आधुनिकीकरण कार्य सम्पन्न भएको छ । मूल नहर (८.९ कि.मि.) र लम्की शाखाको ६ कि.मि. निर्माण कार्य सम्पन्न भएको छ । यस्तै सिंचित क्षेत्र बचावट तर्फ ७५ प्रतिशत कार्य सम्पन्न भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : जग्गा प्राप्ति (ऐलानी जग्गा प्राप्तिको लागि पुन: नेपाल सरकारमा प्रस्ताव पेश भएको र यस सम्बन्धी निर्णय हुन बाँकी) सम्बन्धी विषय यस आयोजनाको मुख्य समस्याको रुपमा रहेको छ ।

४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

यस आयोजनाले बाँके र बर्दिया जिल्लाको करिव ५१ हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने र ४८ मे.वा. जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । बाह्रै महिना सिंचाइ उपलब्धताबाट कृषि उत्पादन बढ्न गई वार्षिक ३.१ अर्ब अप्रत्यक्ष तथा विद्युतबाट २.१ अर्ब प्रत्यक्ष आम्दानी हुने अनुमान छ। यस आयोजना आ.व. २०६८/६९ मा सुरु भई आ.व. २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न हुने लक्ष्य रहेको छ । आयोजनाको संशोधित लागत (२०७५/८/१० मा स्वीकृत भए अनुसार) रु.३३१९.६६ करोड रहेकोमा यस आयोजनाका लागि आ.व. २०७६/७७ मा कूल रु.४२०.२८ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ३८.६ प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेको छ । आयोजनाको सुरुंग निर्माणको अन्तिम चरणका कार्यहरु भइरहेको, हेडवर्क्स तथा पावरहाउसको सिभिल कार्यको निम्ति ठेकेदार साइटमा मोविलाइज भएको, हाइड्रो मेकानिकल कार्यको सूचना प्रकाशित भई टेण्डर संकलन भईरहेको तथा बाँध स्थलको जग्गा प्राप्तिको लागि मूल्य निर्धारण भई मुआब्जा वितरण सुरु भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : वनको जग्गा प्राप्ति, रूख कटानमा ढिलाई, स्थानीय निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई जस्ता विषयहरु यस आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन् ।

५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ । आ.व. २०६७/०६८ देखि सुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अवरोध लगायतको कारणबाट यस आयोजना आ.व. २०७६/७७ मा सम्पन्न हुने संशोधित कार्यतालिका रहेको छ । आयोजनाको सुरु लागत अनुमान रु.३५२९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गएको कारणले संशोधित लागत रु.४९२९ करोड हुने देखिएको छ । यस आयोजनाको आ.व. २०७६/७७ को बजेट ६०० करोड रहेको छ जसमध्ये १०० करोड नेपाल सरकारको तथा बाँकी ५०० करोड स्थानीय वित्तीय संस्थाहरुको ऋण लगानी रहेको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ७६.५५ प्रतिशत र वित्तीय प्रगति ७१.२५ प्रतिशत रहेको छ । यस आयोजनाको माथिल्लो पेनस्टक साफ्ट ६२ वटा (३११ मि.) मध्ये ९ वटा (४२.५ मि.)जडान कार्य सम्पन्न भएको छ । यस्तै तल्लो पेनस्टक साफ्ट ७४ वटा (३७३ मि.) मध्ये २६ वटा (१३० मि) जडान कार्य सम्पन्न भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु : ठेकेदारको कमजोर कार्यसम्पादनको कारण आयोजनाको पेनस्टक पाइप जडान कार्यमा ढिलाई हुन गएको विषय यस आयोजनाको प्रमुख समस्याको रुपमा रहेको छ ।

६. बुढीगण्डकी जलविद्युत आयोजना

बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण गरी कूल १२०० मेगावाट विद्युत उत्पादन गरी मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतीय उर्जा उपलब्ध गराउने लक्ष्य लिएको यस आयोजना धादिङ र गोरखा जिल्लामा रहेको छ । यस अयोजना आ.व. २०६९/७० मा सुरु भई आ.व. २०८३/८४ मा सम्पन्न गर्ने संशोधित कार्यतालिका रहेको र आयोजनाको कूल लागत रु.२ खर्ब ६० अर्ब लाग्ने अनुमान रहेको छ । यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.१३५७.५६ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ६२.०९ प्रतिशत र वित्तीय प्रगति ६२.०९ प्रतिशत रहेको छ । आयोजनाको डुवान क्षेत्रमा पर्ने ५८१५३ रोपनी मध्ये ४४६५९ रोपनीको मुआब्जा वापत रु. २६ अर्ब ८४ करोड ४६ लाख वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : मुआब्जा निर्धारण, पुनर्वास/पुनर्स्थापना नीति पारित नहुनु, लाभकर तथा ह्रासकट्टी नगर्ने सम्बन्धमा नीतिगत निर्णय हुनुपर्ने जस्ता विषय यस आयोजनाका प्रमुख समस्याहरु रहेका छन् ।

७. पश्चिम सेती जलविद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ । यस आयोजना सम्बन्धमा लगानी बोर्डले आवश्यक अध्ययन कार्य गरिरहेको छ । आयोजनाको विकास एवं निर्माणको कार्य तत्काल अघि बढाउन आयोजनाको विकास ढाँचा (Development Modality) तय गर्ने सम्बन्धमा समिति गठन भई कार्य भैरहेको छ ।

८. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्गलाई (१५०० मि.*३० मि.) स्तरोन्नती गरी (३००० मि.*४५ मि.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्वार भवन लगायत सञ्चार तथा पथप्रदर्शक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य यस आयोजनाले राखेको छ । यस आयोजना सन् २०१५ मा सुरु भई सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएकोमा हाल संशोधित कार्यतालिका अनुसार दोस्रो पटक ३० डिसेम्बर, २०१९ सम्म सम्पन्न गर्ने गरी म्याद थप गरिएको छ । यस आयोजनाको आ.व. २०७६/७७ मा कूल रु.३७०.५० करोड विनियोजन भएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ३८.५६ प्रतिशत र वित्तीय प्रगति ७.६ प्रतिशत रहेको छ । आयोजनाको ट्याक्सी वे र जहाज पार्किङ्ग क्षेत्र (एप्रोन) निर्माण कार्य सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय टर्मिनल भवनको संरचनात्मक कार्य सम्पन्न भैसकेको छ भने इट्टाको गाह्रो लगाउने तथा प्लाष्टर गर्ने काम अन्तिम चरणमा पुगिसकेको अवस्था छ । कार पार्किङ्ग क्षेत्र, AC Cooling Tower र सुरक्षा भवनको पश्चिम तर्फको निर्माण कार्य सुरु भएको छ । यस्तै नयां रन वे प्रशासन भवन, कन्ट्रोल टावर, ITB भवन लगायतको निर्माण कार्य जारी रहेको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या : धावनमार्ग, ट्याक्सी वे लगायत कार पार्किङ्ग क्षेत्रमा वर्षाका कारण निर्माण कार्यमा कठिनाई भएको, टर्मिनल भवन/प्रशासकिय भवन एवम् कन्ट्रोल टावरमा फिनिसिङ्गसम्बन्धी कार्य चालु रहेता पनि उपकरण जडानका काम फिनिसिङ्ग कार्य सम्पन्न नभई अगाडि बढाउन नसकिने भएकोले उल्लेख्य प्रगति नदेखिएको र निर्माण कम्पनीसंग नगद प्रवाहको समस्या जस्ता विषय प्रमुख समस्याका रुपमा रहेका छन् ।

९.पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लाको पोखरा महानगरपालिकामा विगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने लक्ष्य रहेको छ । आ.व. २०६४/६५ देखि प्रारम्भिक कार्य र आ.व. २०७३/७४ देखि निर्माण कार्य सुरु गरिएको यस आयोजना आ.व. २०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजना निर्माणका लागि आ.व. २०७६/७७ मा रु.७५० करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेको छ । आयोजनाको Apron area मा fire fighting, waterman line विस्तार गरिएको छ भने Hanger भवनमा Trust, Control tower, Ancillary Building, Terminal Building लगायतमा निर्माण कार्य जारी रहेको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : जमिन खन्ने क्रममा कडा माटो देखिएको, Outer Periphery Road को लागि अधिग्रहणमा परेको जग्गामा सुकुम्वासीहरुलाई हटाउन समस्या परेको, Glide Path तथा Approach Light को लागि थप जग्गा अधिग्रहण गर्न ढिला भएको र आयोजना संचालनमा आवश्यक Fuel/Dedicated Feeder Line/WAM Surveillance System

सम्बन्धमा आवश्यक व्यवस्था हुन समय लाग्ने देखिएको जस्ता विषय यस आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन् ।

१०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

सुविधासम्पन्न तथा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा बारा जिल्लाको निजगढमा विमानस्थल निर्माण गर्ने कार्य सुरु भएको छ । आ.व. २०७१/७२ मा सुरु भएको यस आयोजना आ.व. २०९१/९२ मा सम्पन्न हुने अपेक्षा रहेको यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.१५० करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति :यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति १६.५ प्रतिशत वित्तीय प्रगति १५.५ प्रतिशत रहेको छ । विमानस्थलको Site Clearance को खाका तयार भई मन्त्रालयमा छलफल भैरहेको छ साथै निर्माणको Modality बारे लगानी बोर्ड मार्फत छलफल भैरहेको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : रुख कटानसम्बन्धी आदेश प्राप्त नभएको, जग्गा धनीहरुले मुआब्जाको लागि निवेदन नदिएको, निर्माण क्षेत्रको मध्य भागमा पर्ने टाँगिया बस्ती वन क्षेत्र भित्र सरकारी जग्गामा रहेको र सो वस्तीको व्यवस्थापनको विषय यस आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन् ।

११. पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोषको गुरुयोजना अनुसार योजनावद्ध विकास कार्यक्रमहरुको माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्ने तथा पशुपति क्षेत्रलाई हिन्दूहरुको अन्तर्राष्ट्रिय तीर्थस्थलको रुपमा विकास गर्ने लक्ष्य रहेको छ । यस आयोजनालाई आ.व. २०७६/७७ मा रु.३५ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ४५ प्रतिशत र वित्तीय प्रगति ११ प्रतिशत रहेको छ । यस आयोजना अन्तगर्तको विद्युतीय शवदाहगृहमा क्षमता विस्तार गर्न बोलपत्र प्रकाशित भएको छ भने वृहत गुरुयोजनाको मस्यौदा तयार भएको छ । यस्तै श्री पशुपतिनाथको भान्छाघर पुनर्निर्माण र जीतजंग प्रकाशेश्वर मन्दिर प्रांगण संरक्षणको कार्य चालु रहेको छ । गौशाला भुवनेश्वरी दर्शन मार्ग स्तरोन्नतिका निम्ति बोलपत्र आव्हान गरिएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : परम्परागत निर्माण सामाग्री तथा पर्याप्त संख्यामा दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु, Bidding सम्बन्धी झन्झटिलो र अप्ठेरो प्रावधान रहेको, स्मारक संरक्षणसम्बन्धी आयोजनाहरुमा पुरातात्विक मापदण्ड अनुसार काम गर्नुपर्ने र पुरातत्व विभागसंग सहमति लिनु पर्दा प्रक्रियागत ढिलाई हुने गरेको र गुठी संस्थान र कोषको क्षेत्राधिकारमा दोहोरोपना रहेकोमा एकद्वार प्रणालीको आवश्यक देखिएको जस्ता यस आयोजनाका समस्याहरु रहेका छन् ।

१२. लुम्बिनी क्षेत्र विकास कोष

लुम्बिनी गुरुयोजना अनुसार गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकास निर्माण गर्ने लक्ष्य यस कोषले राखेको छ । यस गुरुयोजनाको काम आ.व. २०६९/७० मा सुरु भई आ.व.२०७७/०७८ मा सम्पन्न गर्ने कार्यतालिका रहेको छ । आयोजनाको सुरु लागत अनुमान रु.५ अर्ब ५० करोड रहेकोमा

संशोधित लागत अनुमान रु.६ अर्ब १० करोड रहेको छ। आ.व. २०७६/७७ मा यस आयोजनाका निम्ति रु.१०० करोड विनियोजन गरिएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ५२.१७ प्रतिशत रहेको छ। बृहत लुम्बिनी गुरुयोजना तयार गर्ने सम्बन्धी अवधारणा पत्र तयार हुनुका साथै रामग्रामको गुरुयोजना समेत तयार भैसकेको र ५००० बिरुवाको वृक्षारोपण गर्ने कार्य समेत सम्पन्न भएको छ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : विगत २ वर्षदेखि सदस्य सचिव नियुक्ति हुन नसक्नु र २०६० सालदेखि हालसम्म स्थायी पदपूर्ति हुन नसक्नु यस आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन्।

१३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

नेपालको पूर्वको पाँचथर जिल्लाको चियो भञ्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्दै पहाडका वस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य सहित कूल संशोधित लम्बाई १८७९ कि.मि. र १३० वटा पुल निर्माण लक्ष्य रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ। यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको कुल संशोधित लागत रु.१ खर्ब १ अर्ब ५० करोड रहेको र आ.व. २०७६/७७ मा रु.१२११ करोड विनियोजन गरिएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ९१.५ प्रतिशत र वित्तीय प्रगति ६५ प्रतिशत रहेको छ। यस चौमासिकमा यस सडक खण्डमा २०.५ कि.मि. कालोपत्रे, ६९ कि.मि. ग्राभेल सडक निर्माण कार्य सम्पन्न भएको र २ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : मुआब्जा वितरण नगरिदा जग्गा प्राप्तिको प्रक्रिया पुरा नगरी ठेक्का व्यस्थापन गर्न नमिल्ने कानूनी प्रावधान रहेको तर मुआब्जा वितरणको लागि बजेटको व्यवस्था नभएको हुँदा जग्गा प्राप्ति हुन नसकी ठेक्का व्यस्थापनमा कठिनाई भएको, रेखांकनमा विवाद हुने गरेको हुँदा सडक निर्माण तथा सीमा सुरक्षा गर्न कठिन हुने गरेको छ। EIA/IEE को प्रक्रियामा समय लाग्ने गरेको, रुख कटानको प्रक्रिया लामो तथा झन्झटिलो हुँदा निर्माण कार्य ढिलो हुन गएको साथै समय समयमा वन कार्यालयबाट निर्माण कार्यमा अवरोध हुने गरेको छ। उपयुक्त Quarry Site को अभावले गर्दा निर्माण सामाग्रीको अभाव हुन गई निर्माण कार्यमा बाधा पुग्ने गरेको र विद्युतका पोल एवं खानेपानी स्थानान्तरणमा समस्या आउने गरेको जस्ता विषय यस आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन्।

१४. रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग अन्तर्गत रहेको रेल, मोनोरेल तथा मेट्रोरेल विकास आयोजना आ.व. २०६६/६७ देखि कार्यान्वयनमा रहेको छ। रेलमार्गको विकासबाट देशको आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ

स्थापित यस आयोजनाले मुख्यतया पूर्व-पश्चिम रेलमार्ग, काठमाडौ-वीरगंज रेलमार्ग, केरुङ्ग-काठमाण्डौ-पोखरा-लुम्बिनी रेलमार्ग तथा भारतीय रेलसंग जोड्ने गरी विभिन्न ६ स्थानमा अन्तरदेशीय रेलमार्ग निर्माणमा आफ्ना क्रियाकलापहरु केन्द्रित गर्दै अगाडि बढेको छ । आ.व.२०७६/७७ मा यस आयोजनाका निम्ति रु.७६८ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक वित्तीय प्रगति ३७.२ प्रतिशत रहेको छ । जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग (६९ कि.मि.) मध्ये जयनगर जनकपुर (३४कि.मि.) खण्डमा निर्माण कार्य सम्पन्न भएको र सो खण्डमा चाँडो रेल सेवा संचालन गर्नेगरी रेल्वे विनियमावली तयार भएको तथा मन्त्रिपरिषद्को निर्णय बमोजिम भारतीय रेल्वे कम्पनी मार्फत रेल गाडी खरीद गर्न खरीद सम्झौता भइ DEMU रेल निर्माण अन्तिम चरणमा रहेको छ । जोगबनी-विराटनगर रेलमार्ग १८ कि.मि. मध्ये १० कि.मि. रेलमार्ग निर्माण सम्पन्न भएको, अन्य क्षेत्रमा ८० प्रतिशत कार्य सम्पन्न भएको छ । बर्दिबास-निजगढ (७० कि.मि.) रेलमार्ग निर्माण मध्ये बर्दिबास लालबन्दी खण्डको ३० कि.मि. क्षेत्रमा ट्र्याक बेड निर्माण भैरहेकोमा हालसम्म ३८ कि.मि. कार्य सम्पन्न तथा लालबन्दी-निजगढ रेलमार्ग खण्डको ४० कि.मि.लम्बाईमा रेलमार्ग निर्माण सुरु भएको छ । यस्तै बर्दिबास-निजगढ खण्डको थप १० वटा पुलको ठेक्का व्यवस्थापन भई निर्माण प्रारम्भ भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : वन क्षेत्रमा पर्ने रुख कटानीको स्वीकृतिमा ढिलाईले गर्दा निर्माण अगाडि बढाउन समस्या रहने गरेको, जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्य विवादयुक्त भैरहने, ऐलानी जग्गाको प्राप्तिमा नीतिगत अस्पष्टता भएको, खोलाजन्य निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई भएको, मुआब्जा निर्धारण कार्यमा उपयुक्त समन्वय नहुँदा जग्गा आधिग्रहणमा ढिलाई भैरहेको जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

१५. हुलाकी लोकमार्ग

नेपालको पूर्व पश्चिम हुँदै तराईका वस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएको यस हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झाँपा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भागलाई जोड्ने छ । यस आयोजनाको कूल प्रारम्भिक लागत अनुमान करिब रु. ४७२७ करोड रहेकोमा संशोधित लागत रु. ६५२० करोड रहेको छ । यस आयोजनामा नेपाल सरकार तथा भारत सरकारबाट प्राप्त हुने अनुदान रकमबाट लागत व्यहोरिने छ । आ.व. २०६५/६६ मा सुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कूल लम्बाई १७९२.४२ कि.मि. रहेको छ जसमध्ये पूर्व देखि पश्चिम तर्फको लम्बाई ९७५ कि.मि. रहेको । उत्तर दक्षिण जोड्ने २८ वटा सहायक सडकहरुको लम्बाई ८१७.४२ रहेको । यस आयोजनाले सडक निर्माण तथा स्तरोन्नति र २१९ वटा पूलहरुको निर्माण गर्ने लक्ष्य रहेकोमा यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.१३५० करोड विनियोजन गरिएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ९४ प्रतिशत र वित्तीय प्रगति ९५ प्रतिशत रहेको छ । यस अवधिको चौमासिकमा यस आयोजना अन्तर्गत ५० कि.मि. कालोपत्रे, २५ कि.मि. ग्राभेल सडक

र ६ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ । यस्तै ३०० कि.मि. सडकको ठेक्का सम्झौता भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : Utility relocation/Electric pole shifting मा सम्बन्धित क्षेत्रबाट पूर्ण रुपमा सहयोग प्राप्त नभएको, सहरी क्षेत्रमा (Built-up area) सडक सीमाको विवाद रहेको, निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई, विभिन्न सडकमा अलाईमेंट तथा अदालतमा मुद्दा बिवाराधीन रहेको कारणले काममा अवरोध भैरहेको आदि विषय यस आयोजनाको समस्याको रुपमा रहेका छन् ।

१६.उत्तर दक्षिण (कोशी) लोकमार्ग

तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य यस आयोजनाले लिएको छ । आ.व. २०६५/६६ मा सुरु भई २०७०/७१ मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुन: म्याद थप गरी आ.व. २०८०/८१ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाको संशोधित लागत अनुमान रु.१६२० करोड रहेको र आ.व. २०७६/७७ मा यस आयोजनाको लागि रु.१०४ करोड विनियोजन गरिएको छ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ६८ प्रतिशत र वित्तीय प्रगति १६ प्रतिशत रहेको छ । यस चौमासिकमा यस आयोजना अन्तर्गत १ कि.मि. सडक चौडा, ०.२ कि.मि. कालोपत्रे र वटा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : विस्फोटक पदार्थको अभाव, मकालु वरुण राष्ट्रिय निकुञ्ज भित्र निर्माण कार्य गर्नु पर्ने हुदा विभिन्न समयमा निर्माण अवरुद्ध हुने गरेको, घर टहराहरु सडक सस्मानाभित्र पर्दा मुआब्जासम्बन्धी विवाद हुने गरेको जस्ता विषयहरु यस आयोजनाका चुनौतिका रुपमा रहेका छन् ।

१७. उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङ्गजा, गुल्मी, बाग्लुङ्ग, पर्वत, म्याग्दी मुस्ताङ्ग जिल्ला समेटेको छ। कूल लम्बाई ४३५ कि.मि. रहेको यस आयोजना आ.व. २०६५/६६ मा सुरु भई आ.व. २०७६/०७७ सम्ममा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका बमोजिम म्याद थप भै आ.व. २०८०/८१ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ । आ.व. २०७६/७७ मा यस आयोजनाको बेनी-जोमसोम-कोरला सडक खण्डमा रु. १८० करोड, मालढुंगा-राम्दी-गैडाकोट सडक खण्डमा रु.८० करोड र रिडी-रुद्रबेनी-पालू खोला-मालढुङ्गा खण्ड अन्तर्गत नेपाली सेना मार्फत रु.२५ करोड गरी जम्मा रु.२८५ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ७५.३१ प्रतिशत र वित्तीय प्रगति ७७.५७ प्रतिशत रहेको छ। बेनी जोमसोम कोरला सडक खण्डमा ३३ कि.मि. ग्राभेल बिछ्याउने कार्य गरिएको छ भने मालढुंगा राम्दी गैडाकोट सडक खण्डमा १ कि.मि. सडक चौडा, १ कि.मि. ग्राभेल र ५ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ । यस्तै नेपाली सेनाद्वारा संचालित आयोजनातर्फ यस चौमासिकमा ६.५ कि.मि. ट्रयाक चौडा गर्ने कार्य सम्पन्न भएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : यस आयोजनाको मालढुंगा-राम्दी-गैडाकोट सडक खण्डमा सीमानासम्बन्धी विवाद रहेको, यातायातको चाप बढ्दै गएको कारण

निर्माण कार्यमा समस्या पर्ने गरेको छ । चिसो हावापानी एवं मौसमका कारण कामदारहरु काम गर्न नसकी फिर्ता हुने गरेको, उचाईका कारण कामदारहरुको मृत्यु भएको, हिउँदे महिनामा चिसोका कारण मेसिनहरुले राम्रो संग काम गर्न नसक्ने अवस्था रहेको छ । यस्तै नेपाली सेनाद्धारा संचालित सडक खण्डमा बैंक एकाउन्ट तथा प्यान नम्बरको आवश्यकताले यथेष्टमात्रामा कामदारहरु उपलब्ध नभएको विषय समस्याका रुपमा रहेका छन् ।

१८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजना मार्फत खुलालु-सिमकोट खण्डमा करिब १४५ कि.मि. र हिल्सा-सिमकोट खण्ड (हुम्ला) मा ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यस आयोजना आ.व. २०६५/६६ देखि सुरु भई आ.व. २०७०/७१ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा संशोधन भई आ.व. २०७९/८० मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ । आ.व. २०७६/७७ मा यस आयोजनाको हिल्सा सिमकोट सडक खण्डमा रु.३० करोड र नेपाली सेनाद्वारा संचालित खुलालु लैफु सिमकोट खण्डमा रु.४० करोड गरी जम्मा रु.७० करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ९८.७५ प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेकोछ । आयोजनाको खुलालु लैफु सिमकोट खण्डमा यस चौमासिकमा ३.९ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने हिल्सा सिमिकोट खण्डमा ४ कि.मि. ट्र्याक खोल्ने र १० कि.मि. सडक चौडा गर्ने कार्य सम्पन्न भएकोछ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : विस्फोटक पदार्थको अभाव, नेपाली सेनाद्वारा संचालित लालिघाट इलाका कर्णाली नदीमा पुल नभएको कारण फेरीमा निर्भर हुनुपर्ने हुँदा ढुवानीमा समस्या पर्न गएको, बैंक एकाउन्ट तथा प्यान नम्बरको आवश्यकताले यथेष्टमात्रामा कामदारहरु उपलब्ध नभएका विषयहरु यस आयोजनाका समस्याका रुपमा रहेका छन् ।

१९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

राजधानी काठमाण्डौलाई तराई-मधेशसँग Asian Highway Design Standard (Primary Class A) स्तरको सडकले जोड्ने लक्ष्य यस आयोजनाको रहेको छ । बारा जिल्लाको निजगढदेखि तराईका जिल्ला हुँदै राजधानी काठमाण्डौंसम्म चार लेनमा निर्माण हुने छोटो दुरीको यो द्रुतमार्ग आयोजनाको कूल लम्वाई ७६.४ कि.मि. रहेको छ । नेपाली सेना मार्फत यो आयोजना आ.व. २०७४/७५ देखि सुरु भई ०८०/८१ (डि.पि.आर अनुसार) मा सम्पन्न हुने अनुमान रहेको छ । यस आयोजनाको सुरुको अनुमानित लागत रु.११,६०० करोड रहेकोमा हालको संशोधित लागत अनुमान रु.२१,३९५ करोड (डि.पि.आर. तयार भएपछि VAT, Contingency, PS, Adjustment आदि समावेश गरी) रहेको छ । आ.व. ०७६/७७ मा यस आयोजनाको निम्ति रु.१५०० करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ८८ प्रतिशत र वित्तीय प्रगति ६.०६ प्रतिशत रहेको छ । आयोजनाको सुरुङ्ग मार्गको Inlet तथा Exit Portal मा आवश्यक संख्यामा रुख छपानको कार्य सुचारु रहेको छ । हालसम्म १,५२३ गोटा रुखको छपान कार्य सम्पन्न भएकोमा ७६० गोटा

कटान गरिने गरी कार्य अघि बढिरहेको र आवश्यक Drawing Design र Specification बनाउने कार्य भइरहेको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : आयोजना निर्माण कार्यलाई समयमै सम्पन्न गर्न निर्माणस्थल आसपास रहेको वनजंगल, खोलानाला, खानी, ऐलानी तथा सरकारी जग्गाबाट आवश्यकता अनुसारको निर्माण सामाग्रीहरु निर्विवाद उत्खनन् गरी प्रयोग गर्न कानुनी व्यवस्थाले काममा बाधा पुगेको र द्रुतमार्ग/Expressway निर्माणको लागि आवश्यक अनुभव प्राप्त स्वदेशी विज्ञहरुको कमी रहेको हुदा आयोजना निर्माण कार्यमा बाधा पुगेको जस्ता विषय यस आयोजनाको प्रमुख समस्याका रुपमा रहेका छन् ।

२०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ । सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ कि.मि. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी काठमाण्डौंमा आपूर्ति गराउने लक्ष्य रहेको छ । पहिलो चरण आ.व. २०५५/५६ मा सुरु भई आ.व. २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो संशोधनबाट आ.व. २०७७/७८ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु.७३८.९५ करोड विनियोजन गरिएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ३७.२८ प्रतिशत र वित्तीय प्रगति १३.६७ प्रतिशत रहेको छ । आयोजनाको हेडवर्क्स निर्माण सम्बन्धमा कफर ड्याम निर्माणको लागि दाया र बाँया किनारमा Blasting सहित 500 m3 Excavation सम्पन्न गरिएको छ भने सुरुङ्गको फाईनल फिनिसिङ्ग सम्बन्धमा सिन्धु, ग्याल्थुम तथा अम्बाथान साईटमा रेक्टिफिकेसन (Backfill grouting and installation of Rock bolt) समेत गरी फाईनल सपोर्टको काम गरिएको छ । पानी प्रशोधन केन्द्र निर्माण भाग-२ सम्बन्धमा ईलेक्ट्रोमेकानिकल उपकरण जडान गर्नुका साथै 500 m3 RCC कार्य सम्पन्न गरिएको छ ।

आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : निर्माण व्यवसायी CMC ले स्थानीय निर्माण सामग्री आपूर्तिकर्ताहरुलाई भुक्तानी नदिएको कारण आयोजनामा बर्षा अगावै गर्नु पर्ने अत्यावश्यक कार्यहरु सुचारु गर्दा पटक पटक अवरोध हुन गएको, स्थानीय व्यक्ति फर्महरुबाट निर्माण व्यवसायीलाई उपलब्ध गराईएको निर्माण सामाग्री, Rent/Lease मा लगाईएको Equipment/ Machine हरुको व्यवस्थापनमा समस्या देखिएको छ । पानी प्रशोधन केन्द्र निर्माण भाग-२ मा निर्माण व्यवसायीको कमजोर व्यवस्थापनको कारण ढिलाई हुन गएको आदि आयोजनाका प्रमुख समस्याका रुपमा रहेका छन् ।

२१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रको प्राकृतिक श्रोत संरक्षण दिगो व्यवस्थापन गरी गरिबी न्यूनीकरण एवं समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने लक्ष्य सहित नेपाल सरकारको पूर्ण लगानीमा संचालित यस आयोजना आ.व. २०६६/६७ बाट सुरु भई सालबसाली कार्यक्रमको रुपमा रहँदै आएको भएता पनि आ.व. २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा संचालन हुँदै आएको छ । आ.व. २०७०/७१ देखि नै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने,

उपल्लो तटीय बासिन्दाबीच समूह सञ्जालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका बिरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा वन अतिक्रमण, चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिब तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन् । चुरे तराई मधेशको संरक्षणको लागि २० वर्षे गुरु योजना नेपाल सरकारबाट २०७४ जेठमा स्वीकृत भई सोही अनुसार कार्यान्वयन भईरहेको छ । यस आयोजनाका लागि आ.व. २०७६/७७ मा रु. १७३.६९ करोड विनियोजन भएको छ ।

आ.व. २०७६/७७ को प्रथम चौमासिक प्रगति स्थिति : यस आयोजनाको आ.व. २०७६/७७ को पहिलो चौमासिक भौतिक प्रगति ८९.६७ प्रतिशत र वित्तीय प्रगति २७.३२ प्रतिशत रहेको छ । नदी किनार तटबन्धन मार्फत बाढी नियन्त्रण, जोखिमको न्यूनीकरण तथा नदी किनार/उकास क्षेत्रहरुमा हरियाली प्रवर्द्धन कार्य सुरु भएको छ । गुरुयोजनाले चुरे क्षेत्र भएर बग्ने १६४ नदीप्रणलीको नक्साङ्कन र यस मध्ये पहिलो ५ वर्षको लागि ६४ वटा नदी प्रणाली प्राथमिकीकरण भएको छ। आ.व. २०७६/७७ मा चुरे क्षेत्र भएर बहने ३० वटा नदी प्रणाली क्षेत्र भित्र कार्यक्रम कार्यान्वयन इकाई मार्फत स्थानीय स्तरमा कार्यक्रम संचालनको लागि कार्यक्रम स्वीकृत भई चुरे संरक्षण कार्यक्रम कार्यान्वयन भईरहेको छ । ताल तलैया संरक्षण तथा व्यवस्थापन सम्बन्धमा ७ वटा ताल तलैयाको टेण्डर आह्वान भई ६ वटा डिजाइन तथा लगत इस्टिमेटको काम भइरहेको छ भने चुरे संरक्षण तथा व्यवस्थापनसम्बन्धी विषयहरुमा अनुसन्धान गर्नका निम्ति १० वटा अध्ययन अनुसन्धान विषय छनौट भएका छन् ।
आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु : चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम संचालन गर्न पर्याप्त साधन नहुन राष्ट्रपति चुरे तराइ मधेस संरक्षण विकास समितिको स्थापना लक्ष्य अनुरुपका स्थायी प्रकृतिको संरचनामा कमी, चुरेको प्रभावकारी संरक्षण गर्न एकीकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि चुरे संरक्षण तथा व्यवस्थापन ऐन नहुनु र चुरे क्षेत्रको एकीकृत विकास कार्यक्रम कार्यान्वयनमा संलग्न सबै सरोकारवालाहरुको समान प्राथमिकतामा पर्न नसक्नु जस्ता विषयहरु यस आयोजनाका मुख्य-मुख्य समस्याहरुका रुपमा रहेका छन् ।

२२. विद्युत प्रसारण आयोजना

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (Millennium Challenge Corporation) बीच नेपालमा ऊर्जा र यातायात क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५०० मिलियन अमेरिकी डलर अनुदान सहायता उपलब्ध गराउने सम्बन्धी सम्झौता ( Compact Agreement) सेप्टेम्बर १४, २०१७ मा भए अनुरुप सोको कार्यान्वयनका लागि मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति गठन भएको छ ।

## ५. पुन:र्निर्माण सम्बन्धी प्रगति स्थिति

५.१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट प्राप्त प्रगतिका आधारमा आ.व. २०७६/७७ पहिलो चौमासिकसम्मको पुनर्निर्माणका सम्बन्धमा भएका उपलव्धिहरू देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने संख्या | सम्पन्न संख्या | निर्माणाधिन संख्या | निर्माण सुरू गर्न बाँकी संख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४८३ | ३५१ | ५७ | ७५ |
| २. | विद्यालयको भवन | ७५५३ | ५३४८ | १८१६ | ३८९ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ११९७ | ६६५ | १४९ | ३८३ |
| ४. | पुरातात्विक सम्पदा | ८९१ | ३८७ | १२३ | ३८१ |
| ५. | सुरक्षा निकायको भवन | | | | |
| | नेपाली सेना | २०४ | ६९ | २ | १३३ |
| | नेपाल प्रहरी | १३९ | ८५ | २० | ३४ |
| | सशस्त्र प्रहरी | ३१ | ३१ | ० | - |
| | रा.अ.वि. | ९ | ९ | ० | - |

५.२ निजी आवास अनुदान वितरण सम्बन्धी प्रगति :

| सूचक | आ.व. २०७३/७४ सम्मको प्रगति | आ.व. २०७४/७५ सम्मको प्रगति | आ.व. २०७५/७६ सम्म भएको प्रगति | २०७६/७७ को प्रथम चौमासिकसम्म भएको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा लाभग्राही | ७४९७९६ | ८०७४८६ | ८१६,७१३ | ८२०६९१ | – |
| अनुदान सम्झौता | ६२९६१३ | ७२२०१९ | ७६८,४६९ | ७७९२३० | ९५ |
| पहिलो किस्ता वितरण | ५९७५७७ | ७१३८९३ | ७६३,७५५ | ७६८७६९ | ९९ |
| निर्माण कार्य सुरु भएको घरहरु | ११३०९६ | ५१४४४६ | ६४०,५०६ | ६६८३९४ | ८६ |
| दोस्रो किस्ता वितरण | ५५०५५ | ४६४३९१ | ५९१,४३८ | ६२०७०३ | ८० |
| तेस्रो किस्ता वितरण | २७३४ | २२१७७६ | ४५६,२७२ | ५२३४०३ | ६७ |
| निर्माण कार्य सम्पन्न भएका घरहरु | ४४९२७ | २४९०९३ | ४१८,७६४ | ४८१०५० | ६१ |
| प्रवलीकरण लाभग्राही | – | ५२०५४ | ६९६२१ | ६९६२१ | – |
| निर्माणाधीन घरहरु | – | – | २२१७४२ | १८७३४४ | २५ |
| प्रवलीकरण लाभग्राही सम्झौता | – | ८८३३ | २२,२५० | ३७२२४ | ५३ |

५.३ विकास आयोजनाहरुको पुनर्निर्माण :

१) रणनैतिक सडकतर्फ दोलखा - सिंगटीको ८५ प्रतिशत, धादिङ्ग - गोरखा को ९७ प्रतिशत र पाँचखाल - मेलम्चीको ५५ प्रतिशत सडक पुनर्निर्माण सम्पन्न भएको । त्यसैगरी ग्रामीण सडकतर्फ विभिन्न जिल्लाहरुमा गरी कुल ७६२ कि.मि. सडक मध्ये विभिन्न चरणमा गरी जम्मा ३९४ कि.मि. (५२ प्रतिशत) सडक पुनर्निमाण सम्पन्न भैसकेको ।

२) जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरणको लागि भौगर्भिक अध्ययन सम्पन्न गरिएका १०६८ वस्तीहरुमध्ये ३१३ स्थानान्तरण गर्न सिफारिस भएको ।

५.४ पुनर्निर्माण सम्बन्धमा रहेका सवालहरु:

१. निजी आवास पुनर्निर्माणमा गुनासो व्यवस्थापन

२. Retrofitting प्रविधि बारे सर्वसाधारणमा कम जानकारी

३. विनियोजन भएको बजेट तथा कार्यक्रममा आन्तरिक थपघट, संसोधनमा ढिलाई/बुझाइमा फरक

४.ADB को सहयोगमा संचालित EEAP आयोजनाको Loan Closing December 2019 मा हुने सो आयोजना अन्तर्गत संचालित केही योजनाहरु सम्पन्न हुन नसकेको हुँदा नेपाल सरकारको स्रोतमा व्ययभार थपिने ।

५. निजी आवास पुनर्निर्माण अनुदानमा ओफिडबाट प्राप्त हुने भनिएको करिव ५ अर्ब बराबरको ऋण सहयोगको संझौता भैनसकेको ।

६. विश्व बैंकको सहयोगमा भूकम्प प्रभावित स्थानीय तहहरुको विपतपूर्व तयारी कार्ययोजना कार्यान्वयनमा सहयोगको लागि प्रस्तावित १ अर्ब र भूकम्प प्रभावित जिल्लाहरुमा जिविकोपार्जन सम्बन्धित कार्यक्रमको लागि प्रस्तावित २ अर्ब गरी ३ अर्ब बरावरको कार्यक्रम स्रोतको सुनिश्चितता नभएकोले अगाडि नबढेको ।

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४,४५ र ४६ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति

### ६.१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | योजना, बजेट र खर्चसम्वन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदान नहुँदा कार्यक्रम तथा आयोजनाहरुको यथार्थ स्थिति विवरण प्राप्त हुन नसकेकोले योजना र बजेट सम्वन्धी विषयमा अन्तर प्रदेश परिषद्बाट निर्णय भएका विषयहरुको सम्वन्धित सबै निकायहरुले संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गर्ने । | शहरी विकास मन्त्रालय<br>अन्तरप्रदेशबाट निर्णय भएको विषयसँग सम्बन्धित संघीयता कार्यान्वन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गरिएको ।<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने क्रममा योजना र बजेटसम्बन्धी विषयमा सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन भएको, शिक्षा विकास तथा समन्वय इकाइलाई संघीय सरकार अन्तरगत स्थापना गरी इकाइहरुबाट तोके बमोजिमका कार्यहरु सम्पादन भइरहेको ।<br>वन तथा वातावरण मन्त्रालय :<br>१.निम्न लिखित ऐन तथा नियमावलीहरुको मस्यौदा/संशोधन तयार भएको ।<br>● वनसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक ।<br>● राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई संशोधन गर्न बनेको विधेयक,<br>● वन प्राविधिक परिषद् ABS, NTNC, वनस्पति स्रोत विधेयक<br>● CITES, राष्ट्रिय सुरक्षा तथा वन्यजन्तु संरक्षण नियमावली ।<br>● ऐनका रुपमा राजपत्रमा प्रकाशन भैसकेको ।<br>२. संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट तयार गरिएको कार्यविधिको मस्यौदामा वन तथा वातावरण मन्त्रालयको सू´ ाव तयार गरिएको ।<br>३. चालु आर्थिक वर्षमा निम्न अनुसार बजेट हस्तान्तरण गरिएको ।<br>● रु. ४ अर्ब ८७ करोड ८८ लाख प्रदेशमा<br>● रु. ४५ करोड ४२ लाख स्थानीय तहमा<br>● राष्ट्रपति चुरे कार्यकम मार्फत ९३ वटा स्थानीय तहमा रु. १ अर्ब ४२ करोड र प्रदेशमा ४ करोड २४ लाख ।<br>४.चालु आर्थिक वर्षको संघीय बजेटबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भई सम्बन्धित तहवाट आयोजना सम्पन्न हुने सुनिश्चित भएका आयोजना तथा कार्यक्रम विस्तृत अध्ययन |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | प्रतिवेदन, वित्तीय भौतिक स्थिति र ठेक्का व्यवस्थापनको सम्पूर्ण अभिलेख सहित हस्तान्तरण गर्ने प्रदेश मातहत पर्ने निकाय भएकोले रकमान्तर गरिएको ।<br>५.दातृ निकायसंग भएको सम्झौता र परियोजना दस्तावेज अनुसार प्रदेश र स्थानीय तहसंग समन्वय गरी कार्यक्रम संचालन गरिएको।<br>६.केही नेपाल ऐन संशोधन मार्फत नेपाल सरकारले तोकेका नेपाल वन सेवाका कर्मचारीबाट मुद्दा हेर्ने अधिकारी तोक्ने व्यवस्था गरिएको । तर डिभिजन वन अधिकृत समेत डिभिजन वन कार्यालयहरुका सम्पूर्ण कर्मचारीहरु प्रदेश मातहत समायोजन गरिएको हुँदा वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात र मुद्दा हेर्ने प्रकृयामा समस्या परेको ।<br>७.द टिम्वर कर्पोरेशन अफ नेपाल लिमिटेड र वन पैदावार विकास समिति एक आपसमा गाभी प्रदेशको भूमिका समेत रहने गरी नेपाल वन निगम स्थापना भएको ।<br>८.राष्ट्रिय प्रकृति संरक्षण कोष ऐनको संशोधन मस्यौदा तयार गरिएको ।<br>संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :<br>संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना बमोजिम समयसीमा भित्र कार्य भएको ।<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :<br>संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको सि.नं.१(ख) :<br>● प्रदेश तहमा रहने कार्यालयहरु तथा साबिकमा रहेका क्षेत्रीय कार्यालय, निर्देशनालय तथा जिल्ला कार्यालयहरुको चल अचल सम्पति, दायित्व माननीय उप-प्रधानमन्त्रीज्यूको मिति २०७५/१०/०९ को निर्णयले प्रदेशमा हस्तान्तरण भएको<br>संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको सि.नं.९(छ) (क) :<br>● औषधि खरिदको बजेट प्रदेश र स्थानीय तहमा विनियोजन भएको र सो सम्बन्धमा मिति २०७५/४/६ मा नै पत्राचार भैसकेको । तदअनुरूप प्रदेश तथा स्थानीय तहहरूबाट खरिद कार्य सम्पन्न भएको<br>● संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको सि.नं.९ (छ) (ख)<br>● स्वास्थ्य सेवा विभागबाट विभिन्न आवस्यक खोपहरू सार्वजनिक खरिद ऐन अनुसार खरिद गरिएको ।<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय : |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | अन्तर प्रदेश परिषद्‌बाट निर्णय भएका विषयहरुको सम्बन्धमा सम्बन्धित शाखाहरुवाट प्रगति लिई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा मिति २०७५/११/०५ मा पठाइएको<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय :<br>● मन्त्रालयको कार्यक्रममा रहेको प्रदेश सरकारसँगको लागत साझेदारीमा सञ्चारग्राम स्थापनाका लागि विनियोजन भएको रु. ३ करोड ५० लाख मध्ये ५०/५० लाखका दरले ७ वटा प्रदेशलाई हस्तान्तरण गरिएको ।<br>● राष्ट्रिय प्रसारण ऐनमा संशोधन गरी स्थानीय तहबाट १०० बाट सम्मको एफ.एम. रेडियो र प्रदेशबाट १००० वाटसम्मको एफ.एम. रेडियो तथा केवलमा आधारित टेलिभिजनको इजाजत, नवीकरण र नियमनसम्बन्धी कार्य प्रारम्भ भएको ।<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :<br>सडक विभागबाट विभिन्न मितिहरुमा प्रदेश क्षेत्राधिकार योजनाहरु सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न परिपत्र भएको र सो अनुसार संघीय सडक कार्यालय र प्रदेश कार्यालयबीच समन्वय भई सम्पूर्ण अभिलेख सहित हस्तान्तरण भैसकेको । DPR सम्पन्न भएका सडक योजनाहरुको सम्बन्धित प्रदेशबाट माग हुन आए बमोजिम हस्तान्तरण गरिएको ।<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :<br>● अन्तरप्रदेश परिषद्‌द्वारा निर्णय भएका यस मन्त्रालयसँग सम्बन्धित विषयहरु कार्यान्वयन गरी नियमित प्रतिवेदन गर्ने गरिएको ।<br>● १४ वटा सूचना केन्द्र र १३ व्यावसायिक तथा सीप विकास केन्द्र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने ।<br>गृह मन्त्रालय :<br>● अन्तर-प्रदेश परिषद्‌बाट निर्णय भएका विषयहरुलाई कार्यान्वयनका लागि मातहतका निकायमा पत्राचार गरी सो को आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको ।<br>● प्रदेश नं. २ र ५ मा नयाँ गोदाम घर निर्माणको लागि विनियोजित रकम रु २ करोड वित्तीय हस्तान्तरण भएको ।<br>● सामाजिक सुरक्षा भत्ता वितरणको लागि विनियोजित रु ४३ करोड बजेट रकम ७५३ स्थानीय तह मार्फत वितरण भइरहेको।<br>● प्रहरी चौकी, कारागार निर्माण तथा सुधारमा प्रदेश सरकारसँग साझेदारी गरिएको । |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| २ | राष्ट्रिय नीति तथा कार्यक्रमले लिएको लक्ष्यहरु प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबाट कार्य भईरहेको तर ती कार्यको प्रगति स्थितिको विवरण एकीकृत रुपमा आउने संयन्त्र नभएकोले कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संघीय मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको समन्वयमा २०७५ चैत्र मसान्तभित्र कार्यक्रमहरुको अद्यावधिक स्थिति विवरण लिने प्रणालीको विकास गर्ने | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण :<br>पुनर्निर्माणको कार्यलाई तीव्रता दिइ प्रभावकारी बनाउन तथा स्थानीय तहलाई पुनर्निर्माण कार्यको अपनत्व लिई थप जिम्मेवार बनाउनको लागि भूकम्प प्रभावित ३२ वटै जिल्लाका स्थानीय तह र प्राधिकरणबीच सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न गरी कार्यान्वयन गरिएको ।<br><br>संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनको क्रममा रहेकोले सो ऐनमा स्थानीय तहबाट चौमासिक/वार्षिक कार्यप्रगति विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र जिल्ला समन्वय समितिमा पठाउनु पर्ने प्रावधान राखिएको ।<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :<br>संघीय प्रणालीमा स्वास्थ्य क्षेत्र साझा अधिकारको सूचीमा रहेको, तीनै तहको सरकारको कामलाई पारदर्शी र जवाफदेही बनाउन मिति २०७५/०७/०४ मा उप-प्रधानमन्त्रीस्तरीय निर्णय अनुसार "संघीयताको सन्दर्भमा स्वास्थ्य क्षेत्रको अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७५" जारी गरी लागू गरिएको छ । उक्त निर्देशिका मन्त्रालयको वेबसाईटमा राखिएको छ ।<br>शहरी विकास मन्त्रालय :<br>प्रदेश सरकारमा हस्तान्तरण भएका जनता आवास कार्यक्रमको प्रगति विवरणको लागि प्रदेश सरकारको मन्त्रालयमा पत्राचार गरिएको, हालसम्म २ वटा प्रदेशवाट विवरण प्राप्त भएको । अद्यावधिक विवरण लिने प्रणालीको विकास गर्ने प्रक्रियामा रहेको<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय :<br>● प्रदेश तथा स्थानीय निकायहरुवाट नियमित रिपोर्टिङ्गको लागि ७ वटै प्रदेशमा अन्तरक्रिया सम्पन्न भैसकेको र प्रतिवेदन प्रप्त भएको ।<br>- सफ्टवेयरबाट नियमित रिपोर्टिंग लिइने ।<br>- मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रिस्तरीय समन्वय बैठक गरिने ।<br>- श्रीमान् सचिवज्यूको अध्यक्षतामा उच्चस्तरीय नियमित बैठकको लागि प्रस्ताव गरिने ।<br>वन तथा वातावरण मन्त्रालय :<br>वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा उच्चस्तरीय अनुगमन संयन्त्र गठन गरी प्रत्येक प्रदेश |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | मन्त्रालयको लागि १/१ जना सह-सचिवलाई समन्वय गर्न जिम्मेवारी दिईएको ।<br>उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत प्रगति विवरण पठाइदिने व्यवस्थाका लागि ढाँचा सहित सबै प्रदेश सरकारलाई अनुरोध गरिएको ।<br>गृह मन्त्रालय :<br>प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त कार्यप्रगतिको रिपोर्टिङ्ग संयन्त्रको विषयमा थप छलफल गर्नुपर्ने देखिएको । हाल प्रमुख जिल्ला अधिकारीबाट समन्वय भइरहेको । |
| ३ | बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/ आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट एकिन तथ्याङ्क तयार गरी विषयगत मन्त्रालयहरुले २०७५ चैत्र मसान्तभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराउने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण :<br>उल्लेखित निर्णय कार्यान्वयन भएको ।<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>विवरण तयार गरी पेश गरिसकिएको ।<br>संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :<br>बहुवर्षीय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट तथ्याङ्क तयार गरी अर्थ मन्त्रालयमा पठाईएको ।<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :<br>● ७४४ निर्माणाधीन स्वास्थ्य संस्था (भवन विभाग अन्तरगत) निर्माण सम्पन्न गर्नका लागि कूल बजेट १७ अर्ब ७० करोड आवश्यक पर्नेमा यस आ.व.मा ५ अर्ब ५० करोड बजेट विनियोजन भएको ।<br>● १२०० वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र स्थापनामा चालु आ.व.मा विनियोजित रु.४ अर्ब मध्ये २ अर्ब सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको ।<br>● प्रत्येक स्थानीय तहमा न्यूनतम १५ शैयाको अस्पताल स्थापना गर्ने नीतिगत व्यवस्था कार्यान्वयन गर्न चालु आ.व.मा २५० स्वास्थ्य संस्थालाई १५ शैयाको अस्पतालमा स्तरोन्नतीको नीतिगत निर्णय गरिएको । लागत अनुमान सहित सम्भाब्यता अध्ययनका लागि शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरिएको ।<br>शहरी विकास मन्त्रालय :<br>बहुवर्षीय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट एकिन तथ्याङ्क तयार गरी मिति २०७५/१२/२८ गते राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराएको । |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय :<br>बहुवर्षीय ठेक्काको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको र मिति २०७५/८/३ गते राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइसकेको ।<br>वन तथा वातावरण मन्त्रालय :<br>विवरण उपलव्ध गराईसकेको ।<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :<br>सडक विभागको तत्कालिन समयमा बहुवर्षिय ठेक्का दायित्व रु. ३ खर्ब ९ अर्ब १२ करोड भएकोमा हाल रु.१ खर्ब ७० अर्ब ४४ करोड दायित्व बाँकी रहेको छ । सशर्त अनुदानतर्फ प्रदेशमा दायित्व हस्तान्तरण गर्नुपर्ने बहुबर्षीय ठेक्काहरुको कुल रकम रु.२५.६५ अर्ब रहेको तथा सोसम्बन्धी जानकारी गराइएको छ ।<br>उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>माग भए अनुसारको विवरण उपलब्ध गराइएको ।<br>रक्षा मन्त्रालय :<br>मन्त्रालय र नेपाली सेना अन्तर्गत बहुवर्षीय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरूको हालसम्म सिर्जित दायित्वको एकिन गर्न नीति योजना महाशाखा प्रमुखको अध्यक्षतामा नेपाली सेनाको विकास निर्माण निर्देशनालय, बजेट निर्देशनालय र मन्त्रालयका आर्थिक प्रशासन शाखाका उपसचिव सदस्य रहेको समिति गठन भई दायित्व रकम एकिन गरी मिति २०७६/०३/०४ गते राष्ट्रिय योजना आयोगमा पठाइएको ।<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय :<br>● मन्त्रालयको च.नं. ११९ मिति २०७५/१०/१७ को पत्रबाट रु ६,५०,११,००० दायित्व रहेको जानकारी अर्थ मन्त्रालय र योजना आयोगमा पठाईएको ।<br>● साविकमा महिला तथा बालबालिका कार्यालयका नाममा रहेका भवन र जग्गा प्रदेश सरकारलाई हस्तान्तरण गर्न २०७६ असार ६ मा मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएकोमा सामाजिक समितिमा छलफल गरी पेश गर्ने निर्णय भएको<br>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>सम्पन्न भएको ।<br>गृह मन्त्रालय :<br>१७ वटा जिल्ला प्रशासन कार्यालय र ५ वटा इलाका प्रशासन कार्यालयहरुलाई भवन निर्माणको लागि चालु आ.व.मा बजेट |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | विनियोजन भई कार्यक्रम कार्यान्वयनमा रहेको र आगामी आ.व.पनि सो कार्यक्रमलाई निरन्तरता दिइने । |
| ४ | राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको लागि आवश्यक करिव ७ लाख घ.मि.माटो प्राप्त गर्न प्रदेश तहमा समेत कर तिर्नुपर्ने प्रावधानले आयोजना कार्यान्वयनमा समस्या परेकोले प्रदेश नं. ५ को सरकारले उक्त समस्या समाधानको लागि अविलम्व पहल गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>समाधान भैसकेको । |
| ५ | काठमाडौ तराई / मधेस द्रुतमार्ग आयोजनाको लागि खोकना बुङमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा समस्या, त्यस क्षेत्रमा पुरातात्विक सम्पदाको अवस्थिति, एशियाली विकास बैंकबाट प्रस्तावित सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने विषय, द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्तासम्वन्धी विषयलाई सम्वोधन गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा रक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा अविलम्व समाधान गर्ने ।<br>• खोकना तथा बुङ्गमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धी विषय<br>• सुरुङ्ग मार्ग परिवर्तनसम्बन्धी विषय<br>• द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ताको व्यवस्था । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :<br>• व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिको बैठकमा उठेका सवालहरुको जवाफ दिने क्रममा गृहमन्त्रीज्यूबाट प्रचलित कानून तथा मुआव्जा निर्धारणको आधारहरु बमोजिम पूर्वनिर्धारित मुआव्जा उचित रहेकोले संसोधन गर्न नसकिने स्पष्ट पार्नु भएको ।<br>• खोकना इलाकाको धार्मिक एवम् सांस्कृतिक महत्वको सिकाली मन्दिर जोगाउन द्रुतमार्गको रेखांकनलाई सामान्य परिवर्तन गर्ने प्रस्ताव नेपाली सेनाद्वारा गरिएको ।<br>रक्षा मन्त्रालय :<br>• खोकना तथा बुंगमती क्षेत्रको जग्गा अधिग्रहणको विषय समाधान गर्न रा.यो.आ.का सदस्यज्यूको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित समिति गठन भई छलफल परामर्श चलिरहेको । सुरुङ्ग मार्गको विषयमा DPR सम्बन्धी प्रस्ताव पेश भएकोमा सो प्रस्ताव म.पं.वाट स्वीकृत भैसकेको ।<br>• द्रुतमार्ग निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने विषयमा मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भैसकेको । |
| ६ | स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाले बजार नपाउने र व्यापार घाटाको दर बढ्दै गई आर्थिक परिसूचकमा नकरात्मक असर पर्न गएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको प्रावधान | |

| सि. नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| | बमोजिम सवै सार्वजनिक निकायहरुले स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमकिता दिदै संघ, प्रदेश र स्थानीय तहबाट स्वदेशी वस्तु खरिद गर्ने र यस पक्षलाई आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको समयमा ध्यान दिने पद्धतिको विकास सार्वजनिक खरिद अनुगमन कार्यालयले अविलम्व गर्ने । | |
| ७ | मालपोत कार्यालयहरुको स्रेस्ता सुधारको लागि बजेटको समस्या रहेकोले ती कार्यालयहरुले उठाउने गरेको रजिष्ट्रेशन सेवा शुल्कको रकम प्रदेश र स्थानीय तहमा पठाउने गरेकोले मालपोत स्रेस्ता सुधारको लागि आवश्यक पर्ने रकमको व्यवस्था सम्बन्धित प्रदेश सरकारले अविलम्व गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय छलफल भैरहेको । |
| ८ | खानी तथा भूगर्भ विभागबाट खानी रहेको भनी एकिन गरिएको वन क्षेत्रको जग्गामा खानी उत्खनन् कार्यमा उत्पन्न समस्या समाधान गर्न उक्त विभागबाट अन्वेषणात्मक कार्य गरी गुण र परिमाण एकिन गरिएको क्षेत्रलाई खानी क्षेत्र घोषणा गरी सो क्षेत्रमा वन पर्ने भए सोको भोगाधिकार खानी तथा भूगर्भ विभागलाई हस्तान्तरण गरी खनिज प्रयोगमा ल्याउने र खनिज उत्खनन् कार्य सम्पन्न भएपछि पुनर्स्थापना गरी वनलाई हस्तान्तरण गर्ने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको सहकार्यमा निर्णय गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय : वन तथा वातावरण मन्त्रालयलाई कार्यान्वयन गर्न पत्राचार गरिएकोमा तहाँबाट कुनै निर्णय नभएको सो जानकारी राष्ट्रिय योजना आयोगमा समेत गराइएको । |

## ६.२ राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति

| सि.नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | सडक विस्तार तथा स्तरोन्नति गर्ने सन्दर्भमा साविकमा सडकले चर्चेको क्षेत्रफललाई समेत समावेश गरी वा अलग गरी वातावरणीय संरक्षण नियमावलीमा भएको प्रावधान अनुसार IEE वा EIA के गर्ने भन्ने सम्बन्धी अन्यौलता भएकोले सडक विस्तार वा स्तरोन्नती गर्दा थप लिनु पर्ने वनको क्षेत्रफललाई मात्र आधार लिई IEE वा EIA गर्नुपर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :<br>यसै बमोजिम IEE/EIAको अध्ययन अगाडि बढाउने सम्बन्धमा वातावरण संरक्षण नियमावली संसोधनसम्बन्धी विषयमा छलफल भै संसोधनको प्रस्ताव भएको छ ।<br>वन तथा वातावरण मन्त्रालय :<br>वन तथा वातावरण मन्त्रालय (मन्त्रिस्तर) को मिति २०७६।४।५ को निर्णयवाट चार वटै निर्णय कार्यान्वयनका लागि सहसचिवको नेतृत्वमा कार्यदल गठन भएको ।<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :<br>यस मन्त्रालय अन्तर्गत सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजनाबाट सञ्चालित २० वटा योजनाहरुको सडक विस्तार र स्तरोन्नती गर्दा थप लिनु पर्ने वनको क्षेत्रफललाई मात्र आधार लिई वन तथा वातावरण मन्त्रालयबाट ७ वटा आयोजाहरुको EIA स्वीकृत भएको । अन्य आयोजनाहरुको स्वीकृतिको प्रकृयामा रहेको। |
| २ | विद्युत वितरण र टेलिफोन लाईनको लागि काठको पोल प्रयोग गर्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयले आपसी समन्वय गर्ने र उपयुक्तता र उपलब्धताको आधारमा काठको पोल नै प्रयोग गर्नु पर्ने गरी नीतिगत निर्णय हुन वन तथा वातावरण मन्त्रालयले निर्णयको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने | उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>उपयुक्तता तथा उपलब्धता अनुसार काठको पोल प्रयोग गर्ने सम्बन्धमा विश्लेषण गर्ने कार्य भैरहेको र सो अनुसार वन तथा वातावरण मन्त्रालय सँग आवश्यक समन्वय गरिने ।<br>त्र |
| ३ | थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी लगायत विद्युत् प्रसारण लाइनका लागि जग्गा प्राप्तिको समस्या हल गर्न चक्रपथ तथा राजमार्गका Right of Way समेत उपयोग गर्ने गरी सडक विभागसँग समन्वयात्मक रूपमा कार्य गर्न समन्वयका लागि पहल भएता पनि निर्णय भै नसक्दा समस्या यथावत रहेकोले विद्युत प्रसारण लाईन निर्माणमा काठमाडौँ चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी नीतिगत व्यवस्था गर्न निणयका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले नेपाल सरकार मं.प.मा प्रस्ताव पेस गर्ने | उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>चक्रपथ तथा राजमार्गको Rightof way समेत उपयोग गर्ने गरी नीतिगत निर्णयका लागि प्रस्ताव तयार पार्ने कार्य भैरहेको । |
| ४ | विद्युत वितरण आयोजनाको समेत चुरे क्षेत्रमा EIA र अन्य क्षेत्रमा IEE गर्नुपर्ने प्रावधानका साथै वन क्षेत्र तथा निजी वा ऐलानी जग्गा प्राप्त गर्नुपर्ने हुँदा आयोजनाहरूको कार्यान्वयनमा ढिलाई हुने | उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>यसका लागि वन तथा वातावरण मन्त्रालयसँग आवश्यक समन्वय गरिने । |

| | | |
|---|---|---|
| | भएकाले विकास आयोजनाको लागि EIA वा IEE गर्नु पर्ने कार्यविधिको प्रावधानलाई परिमार्जन गर्न वन तथा वातावरण मन्त्रालयले प्रक्रिया अघि बढाउने । | वन तथा वातावरण मन्त्रालय :<br>वन तथा वातावरण मन्त्रालय (मन्त्रिस्तर) को मिति २०७६।४।५ को निर्णयवाट कार्यान्वयनका लागि सहसचिवको नेतृत्वमा कार्यालय गठन भएको । |
| ५ | सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरु विभिन्न निकायहरुबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :<br>एकीकृत संयन्त्र निर्माणका लागि राष्ट्रिय योजनाल आयोगले आयोजना गरेका बैठकमा अन्तक्रिया भइरहेको । |
| ६ | प्रदेश राजधानी र स्थानीय तहका प्रशासनिक केन्द्र तथा स्थानीय तहका वडा केन्द्रको भवन निर्माणका लागि कतिपय स्थानमा सरकारी, सार्वजनिक र वन क्षेत्रभित्र पर्ने जग्गा समेत आवश्यक पर्ने देखिएकोले वनको क्षेत्राधिकार भित्र पर्ने जग्गाको हकमा मापदण्ड अनुसारको जग्गा वन तथा वातावरण मन्त्रालयले र सरकारी र सार्वजनिक जग्गाको हकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले माग भएको ३ महिना भित्र उपलब्ध गराउने । | वन तथा वातावरण मन्त्रालय :<br>वन तथा वातावरण मन्त्रालय (मन्त्रिस्तर) को मिति २०७६।४।५ को निर्णयवाटकार्यान्वयनका लागि सहसचिवको नेतृत्वमा कार्यदल गठन भएको ।<br><br>भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>कार्य सम्पन्न भैसकेको । |
| ७ | संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन, तहगत समन्वय तथा प्रतिवेदनको लागि राष्ट्रिय ढाँचा नभएकोले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य रहेको समितिले ३ (तीन) महिनाभित्र राष्ट्रिय ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने। | • माननीय सदस्य मीन बहादुर शाहीको सयोजकत्वमा गठित सहजीकरण समितिको २०७६।०५।१२ मा बसेको बैठकले राष्ट्रिय योजना आयोगको अनुसन्धान तथा मूल्यांङ्कन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा २०७६ साल भाद्र मसान्त भित्र मा. सदस्यज्यू समक्ष प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गर्ने निर्णय गरेको ।<br>• उक्त बैठकको निर्णयानुसार कार्यदलको बैठक प्रयोजनका लागि प्र.मं. तथा मं.पं. को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सा.प्र. मन्त्रालय, रा.प्रा. श्रोत तथा वित्त आयोगलाई समेत प्रतिनिधि सदस्य तोकी पठाइ दिन अनुरोध भए बमोजिम ती निकायवाट प्रतिनिधि सदस्य तोकिएको । |
| ८ | पूर्वाधार विकास आयोजनाहरुमा विभिन्न निकायहरुबाट ठेक्का सम्झौता भई कार्यान्वयन हुदै आइरहेकोमा ठेक्का सम्झौताहरु मध्ये कुल १८४८ वटा ठेक्का सम्झौता अबधिभित्र सम्पन्न नभई रूग्ण रहेकोले त्यसको समस्या समाधान गर्न समयबद्ध कार्ययोजना बनाई क्रमागत आयोजनाको हकमा ठेक्का सम्झौता अनुसारको काम सम्पन्न गर्ने र न्यून कार्यसम्पादन भएका तथा पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगति कम | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>कार्य भैरहेको ।<br>गृह मन्त्रालय<br>यस प्रकृतिका आयोजनाहरु मन्त्रालयमा नरहेको । काभ्रे र बागलुङ्गको जिल्ला प्रशासन कार्यालय भवनहरुको निर्माणमा समस्या रहेको, समाधानको प्रयास भइरहेको ।<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>नेपाल टेलिकमसँग सम्बन्धित २३ वटा रुग्ण आयोजनाहरु मध्ये १ आयोजनाको सम्झौता रद्द गरिएको । २२ वटा आयोजनालाई विशेष प्राथमिकतामा राखी कार्य प्रकृया अगाडि बढाईएको ।<br>शहरी विकास मन्त्रालय |

| | | |
|---|---|---|
| | भएका आयोजनाको हकमा सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया सम्बन्धित मन्त्रालयले अगाडि बढाउने । | ८० वटा सम्पन्न भएको, ८ वटा ठेक्का तोडिएको थप जटिलताको कारण म्याद थप नभएको, २५ वटाको हकमा म्याद थप भए पश्चात फरफारक हुने ।<br>खानेपानी मन्त्रालय<br>विगतमा खानेपानी मन्त्रालय अन्तर्गत २० वटा ठेक्का सम्झौता अवधि भित्र सम्पन्न नभई रुग्ण रहेका खानेपानी आयोजनाहरु मध्ये १३ वटा ठेक्का सम्झौता सम्पन्न भई बाँकी रहन आएका ७ वटा निम्नानुसार रहेका छन् :<br>१) विदुर नगर आयोजना नुवाकोट<br>२) तमसरिया नगर आयोजना नवलपरासी<br>३) चारआली र काकडभिट्टा दिशाजन्य लेदो व्यवस्थापन आयोजना<br>४) कटारी नगर आयोजना, उदयपुर<br>५) हर्नामाडी सहलगानी खा.पा. तथा स. आयोजना<br>६) तिमाल वृहत खा.पा. यो.<br>७) यसोक खा.पा.यो.<br>उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :<br>सार्वजनिक खरिद नियमावलीको पछिल्लो संशोधन अनुसार आवश्यक विश्लेषण गरी कार्य प्रगति कम भएका ठेक्कामा कारवाही भईरहेको । |

## ६.३ राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति

| सि.नं | निर्णय | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | सरकारबाट घोषणा भएको मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्र स्थित चार किल्ला भित्रको जग्गा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्न गई वातावरणीय प्रभाव मूल्यांकन (EIA) को Scoping र TOR स्वीकृत नभएता पनि उक्त जग्गाको स्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा आइसकेको सन्दर्भमा कार्यान्वयन गर्न कठिनाई भएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्वमा वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रतिनिधि समेतको सहभागीतामा गठित समितिबाट एक महिना भित्र प्रतिवेदन प्राप्त गरी सो समेतका आधारमा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह सचिवको संयोजकत्वमा सम्बन्धित मन्त्रालय समेतको उपस्थितिमा बैठक बसी सम्बन्धित निकायहरूबाट राय माग गरी राय प्राप्त भए पश्चात प्रतिवेदन तयार गरी पठाउने गरी मिति २०७६।७।२९ मा निर्णय भएको । |
| २. | जलविद्युतका जलाशययुक्त आयोजनाहरु निर्माण गर्दा उत्पन्न हुने डुवानले सडक, सिंचाइ लगायत भौतिक पूर्वाधारका निर्माण कार्यहरुमा असर पार्नाले भैरहेका आयोजनाहरुमा क्षति पुग्नुका साथै Right of Way लगायतका विषयमा विवाद देखिएको सन्दर्भमा ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरु सँग समन्वय गरी यससम्बन्धी राष्ट्रिय नीति र रणनीति २०७६ पौष मसान्त भित्र तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने । | ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,<br>• यस सम्बन्धी राष्ट्रिय नीति तथा रणनीति तयार गर्नका लागि विद्यमान अवस्था तथा योजनाहरुका सम्बन्धमा संबन्धित निकायहरूसंग समन्वय भैरहेको । |
| ३. | चुरे फेदी तथा तराईमा जम्मा हुने ढुंगा, गिट्टी, बालुवा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, डुवान तथा कटानको समस्या समेत बढ्नाले निर्माण सामग्रीको उपलब्धतामा कठिनाई भैरहेको हुँदा निर्माण सामग्रीहरूको सहज उपलब्धताका लागि जि.स.स. महासंघ, न.पा. संघ र गा.पा. संघ समेतको सहभागितामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोको मापदण्डसम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने एवं सो बमोजिम प्रदेश तथा स्थानीय तहले सरलीकृत नीतिगत कानुनी व्यवस्था कार्यान्वयनमा ल्याउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>गिटी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६ को मस्यौदा वन तथा वातावरण मन्त्रालय समेतको राय परामर्श प्राप्त भई मन्त्रिपरिषद्मा पेश गर्ने क्रममा रहेको । |
| ४. | लामो समयदेखि संघले कार्यान्वयन गर्नुपर्ने अधूरा आयोजनाहरूको विवरण अद्यावधिक हुन नसकेको एवं प्रदेशमा हस्तान्तरण भईसकेका सडक, सिंचाइ तथा खानेपानीका क्रमागत वा अधूरा आयोजना कार्यान्वयनका लागि आवश्यक रकम नपुग हुने देखिएकोले संघीय मन्त्रालयहरुले तत्सम्बन्धी अद्यावधिक विवरण २०७६ साल कार्तिक महिना | अर्थ मन्त्रालय :<br>माग बमोजिमको रकम समय समयमा पठाइएको ।<br>ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,<br>• संघ तथा प्रदेशमा हस्तान्तरित क्रमागत एवं अधुरा योजनाहरूको प्राथमिकीकरण गरी योजना पुरा गर्नका लागि आवश्यक रकम सहित अध्यावधिक |

| | | |
|---|---|---|
| | भित्र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सबै प्रदेशहरुमा समेत पठाउने र संघका विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशले क्रमागत र अधूरा आयोजनाहरुको प्राथमिकीकरण गरी नपुग रकमको हकमा अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने । अर्थ मन्त्रालयले श्रोत उपलब्धताको अबस्था हेरी यस प्रकृतिका आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गर्ने । साथै ती आयोजनाहरुको अद्यावधिक बिवरण प्रदेशले सोझै र स्थानीय तहहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सोही अवधि भित्र राष्ट्रिय योजना आयोगमा पठाउने । | विवरण शीघ्र पेश गर्न सम्बन्धित निकायहरूमा पठाई संकलन गर्ने कार्य भैरहेको ।<br><br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।<br>• २०७५ साल पौष ३ गतेको अन्तर प्रदेश परिषद् र पौष ६ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णय बमोजिम संघबाट ठेक्का व्यवस्थापन भएका र बजेट शिर्षक प्रदेशमा समावेश भएका सडकहरु साथै सो सडकका ठेक्काहरु तत्काल प्रदेशमा हस्तान्तरण गर्ने निर्देशन भएकोमा अधिकांश ठेक्काहरु प्रदेशमा हस्तान्तरण भैसकेका, केहि ठेक्का लागेका सडकहरु पुन सडक पूर्वाधार विकास कार्यक्रम र तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रममा समेत समावेश भएकोले थप बजेट व्यवस्था गर्न पहल भैरहेको साथै बाँकी ठेक्काको हकमा थप तथ्याङ्क अद्यावधिक गर्ने कार्य भैरहेको ।<br>• जग्गा मुआब्जा निर्धारणमा समस्या देखिएको । व्यक्ति विशेष मुआब्जा माग्ने रकम फरक हुनुका कारण थप जटिलता सिर्जना भएकोले वैज्ञानिक आधार तय गरी जग्गा मुआब्जा निर्धारणलाई व्यवस्थित गर्न कानुनी व्यवस्था संसोधन हुनु पर्ने ।<br>• सार्वजनिक खरिद नियमावली अनुसार योजना क्षेत्रको IEE/EIA सम्पन्न गरे पश्चात् मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको तर EIA को अन्तिम प्रतिवेदन स्वीकृत हुन अत्यधिक समय लाग्ने गरेको यस सम्बन्धी प्रावधानलाई सरलीकरण गर्न बोलपत्रको प्रक्रिया र IEE/EIA स्वीकृति प्रक्रियालाई साथसाथै लैजाने गरी संसोधन हुनु पर्ने ।<br>• चालु आ.व. को बजेट वक्तव्यमा उल्लिखित कामदारको ज्याला भुक्तानी बैंक खातामा मात्र गर्ने तथा PAN Card भएका कामदारलाई मात्र काममा लगाउने उल्लेख भएको हुँदा समस्या उत्पन्न भएको।<br>शहरी विकास मन्त्रालय<br>• यस विभागबाट जनता आवास कार्यक्रम प्रदेशमा हस्तान्तरण भएको र सो अन्तर्गत गत आ.व. मा रु ४ अर्ब ४८ करोड ५० लाख विनियोजन भएको साथै चालु आ.व.मा रु ४ अर्ब ३० करोड ५८ लाख ७१ हजार विनियोजन भएको र मन्त्रालयबाट ७ वटै प्रदेशमा अनुगमनको जिम्मेवारी तोकिएको ।<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>स्थानीय पूर्वाधार विभाग अन्तर्गत सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजनावाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका ६ वटा सडकहरुका लागि अपुग बजेट माग भई आएको ।<br>प्रदेश नं. ३<br>१. मन्थली (सुनारपानी-सालुपाटी सडक, रामेछाप |

| | | |
|---|---|---|
| | | २.ठिमी ट्रसपुल (गणेश प्रा.वि.(बालकोट पानी ट्याङ्की) महेन्द्र शान्ति सडक भक्तपुर<br><br>गण्डकी प्रदेश<br>१. चामे टङ्की(मनाङ सडक, मनाङ<br>२.आँपको रुख (खर्चंग-पाटन-दम्सदी-पारीडाँडा)हुँदै छोरेपाटन सडक, कास्की<br>स्थानीय तह<br>१. गोसपुल (विडोल फाँट सुडाल सडक) चाँगुनारायण नगरपालिका<br>२.पलासे (डोलेश्वर चक्रपथ सडक) सूर्यविनायक नगरपालिका ३. |
| ५. | पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजना (PDR) मा परेका तर सरकारका सम्बन्धित मन्त्रालय र निकायबाट नियमित कार्यक्रम अन्तर्गत पुनर्निर्माण गर्नुपर्ने खानेपानी, सडक, सिंचाइ, स्थानीय तहका भवन, सुरक्षा निकायका भवन लगायतका संरचनाहरुको पुनर्निर्माण कार्य एवं जोखिमयूक्त वस्तीहरुको संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था नभएकाले सम्बन्धित संघीय मन्त्रालयले अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी पुनर्निर्माण सम्बन्धी कार्य आगामी एक वर्ष भित्र सम्पन्न गर्ने । | अर्थ मन्त्रालय :<br>• माग बमोजिमको रकम समय समयमा पठाइएको।<br>पुनर्निर्माण आयोजना<br>• सुरुको PDRF मा पुनर्निर्माणको लागि रु.९३८ अर्ब आवश्यक पर्ने भनी अनुमान गरिएकोमा हालसम्म संचालन नै नभएका आयोजनाहरु संम्बन्धित मन्त्रालय मार्फत पुनर्निर्माण गर्ने भनी ती आयोजनाहरु हटाई Revised PDRF मा रु. ६३० अर्ब लाग्ने अनुमान गरिएको ।<br>रक्षा मन्त्रालय<br>• २०७२ सालको विनाशकारी भूकम्पबाट क्षति भई पुनर्निर्माण गर्नुपर्ने नेपाली सेनाका २१० वटा भौतिक संरचनाहरूमध्ये आ.व. २०७५/७६ सम्म ६९ वटा निर्माण सम्पन्न हुनुका साथै चालु आ.व.मा निर्माणाधीन २ वटा भौतिक संरचनाहरूको लागि मात्र रु. आठ करोड पन,, लाख अठहत्तर हजार मात्र) विनियोजित बजेट हालै मात्र LMBIS मा प्रविष्टि भएको । १३९ वटा भौतिक संरचनाहरूको पुनर्निर्माण गर्न बाँकी रहेको ।<br>• पुनर्निर्माण गर्न बाँकी १३९ वटा भौतिक संरचनाहरू निर्माणको लागि आ.व. २०७६/७७ (पहिलो प्राथमिकता मा ७८ वटा भौतिक संरचनाहरू निर्माण गर्न रु. १,२३,०३,५१,०००।- र आगामी आ.व. २०७७/७८ (दोस्रो प्राथमिकता मा निर्माण हुने भौतिक संरचना ६१ वटाको लागि रु. १,५५,९६,०६,३००।- गरी जम्मा २,७८,९९,५७,३००।- (अक्षरेपी दुई अर्ब अठहत्तर करोड उनान्सय लाख सन्ताउन्न हजार तीन सय) बजेट व्यवस्था गरिदिन नेपाली सेनाबाट अनुरोध भई आएको । |
| ६. | जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भइरहने तथा जग्गा प्राप्तिसम्बन्धी आयोजना पिच्छे फाईलहरू मन्त्रिपरिषद्मा लैजानु पर्ने एवं विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको | • जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मुआव्जा क्षतिपूर्ति र राहत सम्बन्धी मार्गदर्शन, २०७६ का साथै एकीकृत भूमि तथा जग्गा प्राप्ति ऐन समेतको मस्यौदा तयार भै |

| | | |
|---|---|---|
| | प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने गरेको हुँदा गृह मन्त्रालयले सरोकारवाला निकायसँगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने । | छलफलमा रहेको र यस सन्दर्भमा गृह मन्त्रालयबाट समेत तयार पारिएको बुंदाहरुलाई समेत एकीकृत राष्ट्रिय नीति, २०७६ मा समावेश गर्नेगरी यसै आयोगबाट समन्वय र एकीकरण हुन गृह मन्त्रालयको च.नं. १९२ मिति २०७६।१०।१९ को पत्रानुसार अनुरोध भै आएको । |
| ७. | केन्द्रीय आयोजनाको रुपमा रहेको विराटनगर-धरान ६ लेन सडक निर्माणमा ढिलाई भएको र निर्माण सम्पन्न भएका ठाउँमा समेत विद्युत पोलहरु सार्नमा ढिलाई भएकोले ऊर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालयले तीन महिना भित्र सो कार्य सम्पन्न हुने गरी आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।<br>क्रमश: कार्यान्वयन भइरहेको । |
| ८ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तरगतका प्रशिक्षण केन्द्रहरु प्रदेशलाई हस्तान्तरण भै नसकेको तर प्रदेश सरकारले बजेट छुट्याई सकेको भएपनि सञ्चालनमा ल्याउन कठिनाई भएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हस्तान्तरणसम्बन्धी कार्य दुई महिना भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br><br>स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्रहरु प्रदेशलाई हस्तान्तरण गरी सञ्चालन गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्र हस्तान्तरण तथा व्यवस्थापन नियमावली, २०७६ तयार गरी स्वीकृतीको लागि नेपाल सरकार मं.प.मा मिति २०७६/०६/१० गते प्रस्ताव पठाईएको । |

## ७. विभिन्न मन्त्रालयहरूवाट ४७ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न उपसमितिको बैठकमा प्रस्तावित विषयहरू

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| १. | परराष्ट्र मन्त्रालय | • यही २-४ अप्रिल २०२० मा काठमाडौंमा "Climate Change, Mountains and the Future of Humanity शीर्षकमा आयोजना गरिने सगरमाथा संवादको पहिलो संस्करण राष्ट्रिय महत्व र गौरवको Mega Event भएको सन्दर्भमा उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न नेपाल सरकारका मन्त्रालय एवम् सम्पूर्ण निकायहरुको सहयोग र समन्वय आवश्यक पर्ने भएकोले परराष्ट्र मन्त्रालय / सगरमाथा संवाद सचिवालयसंगको समन्वयमा आ-आफ्नो स्थानबाट पूर्ण योगदान गर्न निर्देशन दिने ।<br>• हालका वर्षहरुमा नेपालको बैदेशिक सम्बन्धको विस्तार र सुदृढ हुँदै गइरहेको र अन्तर्राष्ट्रिय जगतसंगको बढ्दो अन्तरक्रियाबाट परराष्ट्र मन्त्रालयको कार्यक्षेत्र र कार्यचापमा निरन्तर वृद्धि भई हाल कायम जनशक्तिमा अतिरिक्त कार्य वोझ धान्नै नसक्ने गरी थपिएको सन्दर्भमा यस मन्त्रालयको संगठन एवंम् व्यवस्थापन सर्वेक्षण (O&M survey) को प्रतिवेदनलाई यथोचित मूल्यांकन गरी टुङ्गोमा पुऱ्याउन निर्देशन दिने ।<br>• "समृद्ध नेपाल: सुखी नेपाली"को आकांक्षा पूरा गर्न गत वर्ष नेपालमा सम्पन्न लगानी सम्मेलनमा मित्रराष्ट्रहरुबाट व्यक्त लगानीको प्रतिवद्धता समेतलाई Follow-up गर्न र वैदेशिक लगानी आकर्षण गर्न अन्तर मन्त्रालय संयन्त्र गठन गर्न आवश्यक देखिएकोले परराष्ट्र मन्त्रालय समेतको संलग्नतामा अन्य तालुक मन्त्रालय / निकाय सम्मिलित एक छरितो खालको संयन्त्र खडा गर्ने र सोही संयन्त्रले मित्रराष्ट्रहरुसंग नेपालले दोहोरो कर उन्मुक्ति – र द्विपक्षीय लगानी सन्धि –BET को Model Tex तयार गरी अन्तिम रुप दिने र उल्लिखित सन्धि एवम् अन्य आवश्यक सन्धि-समझदारीहरु सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राख्ने गरी कार्यादेश तोक्ने ।<br>• संयुक्त राष्ट्र संघ लगायतका अन्तर सरकारी तथा अन्तरराष्ट्रिय संघ संगठनहरुमा नेपालको प्रतिनिधिका रुपमा विदेशस्थित सभा-सम्मेलन आदिमा सम्बन्धित मन्त्रालयबाट मात्रै प्रतिनिधित्व हुने र प्रभावकारी समन्वयको अभावले समग्ररुपमा नियोग प्रमुख / नियोगहरुको भूमिका छायाँमा परी ती सभा-सम्मेलनमा प्रतिनिधित्व समेत हुन नसक्दा अन्तरसरकारी निकाय तथा संघ संगठनले गर्ने क्रियाकलाप, छलफल, नयाँ एजेन्डा, आदिको Follow-up गर्न, बैदेशिक सहायता जुटाउन गर्नुपर्ने भेटघाट / सम्पर्क समेत प्रभावकारी हुन कठिनाई भैरहेको । यस अबस्थालाई सम्बोधन गर्न र बैदेशिक मामिलाका हरेक क्रियाकलापमा मन्त्रालय र नियोग / नियोग प्रमुखको भूमिका सक्रिय बनाउन र नेपालका अन्तर-मन्त्रालय / निकाय समन्वय प्रभावकारी बनाई समग्र सरकारको प्रतिनिधित्व हुने गरी (Whole of the government approach) मा रणनीति तयार गरी समन्वय र प्रतिनिधित्वसम्बन्धी बिषयलाई प्रष्ट दिशानिर्देश गर्ने ।<br>• विदेशमा नेपाली नियोगहरुका लागि घर जग्गा (Properites) खरिद गर्न नियोगहरुमा ज्यादै थोरै कर्मचारीहरु भएकोले लेखा, कानून, प्राविधिक पक्षको अनुभव र विज्ञताको अभावले घरजग्गा खरिदको लागि वर्षेनी विनियोजित रकम खर्च गर्न नसकिएको सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र अर्थ, भौतिक योजना (शहरी विकास तथा भवन निर्माण) कानून मन्त्रालय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रतिनिधि सम्मिलित एक अन्तर निकाय कार्यदल गठन गरी विदेशस्थित नियोगहरुलाई सम्पत्ति खरिद प्रक्रियामा सहजीकरण गर्ने । |
| २. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | • मुलुक संघीय संरचनामा गएपछि साना तथा मझौला उद्योगहरूको विकास, विस्तार र प्रवर्द्धन गरी उद्यमशीलता प्रवर्द्धन गर्न एवं स्थानीय उत्पादन र रोजगारी वृद्धि गर्न संस्थागत संरचना रहेको अवस्था छैन । विगतमा घरेलु तथा साना उद्योग विभागले |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | यस्तो कार्य गर्ने गरेको भएतापनि सो विभाग खारेज भएकोले एकीकृत रूपमा यस्तो उद्यमशीलता प्रवर्द्धन हुन नसकेकोले संस्थागत संरचनाको व्यवस्था गर्ने ।<br>• प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने उद्योगहरुको स्थिर पूँजीको सीमा रु २५ करोड रहेकोमा मेशिनरी औजार, जग्गा, भवन जस्ता स्थिर सम्पतिमा भएको मूल्य वृद्धि, वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्न लाग्ने लामो समयावधि साना तथा मझौला उद्योगहरुको लागि झंझटिलो हुने तथा हाल व्यापार घाटा न्यूनीकरणमा निर्यात तर्फ महत्वपूर्ण हिस्सा रहेको पाम आयल उद्योगहरुबाट मूल्य वृद्धिको कारणबाट माग भएको पूँजी वृद्धि समेतलाइ दृष्टिगत गर्दै प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने सीमा (Threshold) रु २ अर्ब पुऱ्याउनु पर्ने देखिन्छ। वातावरण संरक्षण नियमावली संशोधन नभएसम्मको लागि प्रारम्भिक वातावरण परिक्षण (IEE) को सीमा रू २ (दुई) अर्व पुऱ्याउने । |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • विद्यालय भवन निर्माण, फरफारक बेरुजु फर्छ्यौटसँग सम्बन्धित विषयमा अन्तरसरकार बीच कार्यमूलक समन्वय तथा समग्र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा रिपोर्टिङ गर्ने उपयुक्त संयन्त्र र विधि तय गर्नुपर्ने ।<br>• शिक्षकको क्षमता विकासको लागि प्रदेश सरकारले शिक्षक तालिम केन्द्रहरूको पुनर्संरचना र भूमिका पुनरावलोकन गरी गुणस्तरीय शिक्षक व्यवस्थापन गर्नुपर्ने ।<br>• बजारको माग अनुरुप प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तर्फका विद्यालय शिक्षा तथा उच्च शिक्षाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ति तथा स्रोत साधनको उचित व्यवस्थापनका लागि अन्तर सरकार समन्वय र सहजीकरणको संयन्त्र विकास गरिनु पर्ने ।<br>• हाल संघ अन्तर्गत रहेका शिक्षा विकास तथा समन्वय इकाइहरूलाई प्रदेशका प्रस्तावित शिक्षा इकाइसंग सहकार्य गर्ने गरी भौतिक संचरना, जनशक्ति र प्रदेशको स्रोत साधन समेतको उपयोग गर्न सक्ने गरी व्यवस्थापन गर्ने । |
| ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • स्वास्थ्यमा सर्वव्यापी पहुँचको लागि विकासशील देशहरूमा स्वास्थ्य वित्तीय रणनीति अनुरूप स्वास्थ्य बीमाको पक्ष महत्वपूर्ण रहन्छ । यस सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य बीमा ऐन तथा नियमावली अनुरूप स्वास्थ्य बीमा बोर्ड मार्फत स्वास्थ्य बीमा कार्यक्रम संचालनमा ल्याएको छ । यस कार्यक्रमलाई कुशलतापूर्वक दिगो र प्रभावकारी बनाउन बहुपक्षीय सहभागिता र सहकार्य अपरिहार्य रहेको छ ।<br>• हाल विभिन्न निकायहरूबाट स्वास्थ्य बीमासम्बन्धी विविध कार्यक्रमहरू संचालन गर्न प्रयास भइरहेको सन्दर्भमा स्वास्थ्य बीमा सामाजिक सूरक्षाको महत्वपूर्ण पाटो रहेको हुँदा सबै नागरीकलाई स्वास्थ्य बीमाको दायरामा ल्याई स्वास्थ्य नागरिक सम्वृद्ध नेपालको अभियानलाइ एकीकृत रूपमा संचालन गरी रूपान्तरणकारी (Game Changer) एकीकृत कार्यक्रमको रूपमा संचालन गर्ने । |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १. समस्या: अनुदानका कार्यक्रमहरुको कार्यान्वयनमा कठिनाई र कम अनुदान भएका कार्यक्रमहरुमा कृषक र व्यवसायीहरुको अनिच्छा देखिएको ।<br>कारण :संघ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने अनुदानमा एकरुपता नहुनु<br>समाधानका लागि गरिएका प्रयासहरु :<br>समाधान: संघ, प्रदेश र स्थानीय ( तीन तहबाट प्रवाह हुने अनुदानका लागि साझा मापदण्ड हुनुपर्ने ।<br>२.समस्या: संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना र कृषि क्षेत्रमा आशातित प्रतिफल प्राप्त हुन नसक्नु ।<br>कारण: संघ, प्रदेश र स्थानीय तह बीच प्रभावकारी समन्वय नहुनु तथा सांगठनिक संरचना चुस्त नहुनु |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | समाधानका लागि गरिएका प्रयासहरु: अनौपचारिक समन्वय प्रयास हुनुका साथै सांगठानिक संरचनाका विषयमा सम्वद्ध निकायहरुमा जानकारी गराईएको । <br>समाधान प्रदेशहरुमा प्राविधिक विधाका नियामक निकायहरु स्थापना गर्न आगामी सांगठनिक तथा व्यवस्थापन सर्वेक्षणमा प्रस्ताव गर्ने, संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय सम्बन्धी कानुनी व्यवस्था हुनुपर्ने । <br>३.समस्या: मत्स्यपालन व्यवसायमा विद्युत महशुलमा कृषि मिटर सरह सहुलियत नभएको <br>कारण: कृषिका अन्य व्यवसायहरु बाली, तरकारी, फलफूल आदिको व्यवसायिक उत्पादनमा प्रयोग हुने विद्युत महशुलमा ५० प्रतिशत अनुदानको सुविधा रहेको तर नेपाल विद्युत प्राधिकरणले मत्स्यपालन व्यवसायलाई उद्योग समूहमा राखेकोले सो सुविधा प्राप्त नहुँदा मत्स्य पालन कृषक व्यवसायीहरु मर्कामा परेका र माछाको उत्पादन लागत बढेको । <br>समाधानका लागि गरिएका प्रयासहरु: राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकमा समेत समस्या समाधानार्थ पेश गरिएको । <br><br>समाधान : नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी मत्स्यपालन व्यवसायमा कृषि मिटर सरह विद्युत महशुलमा छुटका लागि पहल हुनुपर्ने । |
| ६ | खानेपानी मन्त्रालय | • विभागको कार्यबोझ र कार्य प्रकृतिको आधारमा संगठन पुनसंरचना गर्ने । <br>• गत आ.व.२०७५/७६ मा प्रदेशलाई हस्तान्तरण गरिएका तर चालू आ.व. मा संघले कार्यान्वयन गर्ने गरी संघमै बजेट राखिएका खानेपानी आयोजनाहरु मध्ये कुनै प्रदेशले फिर्ता गर्न नचाहेको हुँदा सो सम्बन्धमा आवश्यक निर्देशन हुनुपर्ने । <br>• मेलम्ची खानेपानी आयोजनामा काम गर्ने ठेकेदार कम्पनी सि.एम.सि को ठेक्का तोडिएकोले निजले भूक्तानी दिन बाँकी रहेका आपूतिकर्ता, सेवाप्रदायक र श्रमिक हरुको भूक्तानी दिने सम्बन्धमा आवश्यक निर्णय हुनुपर्ने । <br>• मेलम्चीको पानी काठमाडौं ल्याए पश्चात आयोजनाको प्रभावित क्षेत्रमा काठमाडौंमा प्राप्त हुने पानीको महशूल मध्येबाट केहि लाभांश स्थानीयवासीलाई दिने सम्बन्धमा आवश्यक निर्देशन हुनुपर्ने । <br>• काठमाडौं उपत्यकामा पाइप लाईन विस्तार भइसकेको क्षेत्रमा तेस्रो पक्षद्वारा क्षति पुऱ्याइएकोले सो को क्षतिपुर्ति सम्बन्धित निकायबाट उपलब्ध गराउने गरी निर्णय गर्ने। |
| ७ | सहरी विकास मन्त्रालय | • मन्त्रालय र विभागको O&M स्वीकृतिको लागि नीतिगत निर्णय हुनुपर्ने । <br>• फोहोरमैला व्यवस्थापनको पूर्वाधार निर्माणसम्बन्धी कार्य शहरी विकास मन्त्रालयले गर्नेगरी जिम्मेवारी प्रदान हुनुपर्ने । <br>• बाढी, पहिरोमा परि घरबार गुमाएका र जनधनको क्षति भएका सुर्खेत, बर्दिया, दाङ्ग लगायतका तराई, मधेश तथा पहाडी जिल्लाहरुमा घर पुनर्निर्माण कार्य अगाडि बढाउन (बजेट वक्तव्यको बुँदा नं. २०३) र ७ वटा मेगासिटी विकास गर्न (बुँदा नं. १९८) बजेट विनियोजन हुनुपर्ने । <br>• विगत आ.व.हरुको बजेट वक्तव्यबाट वार्षिक कार्यक्रममा प्राथमिकताका साथ कार्यान्वयन भइरहेका कार्यक्रम र आयोजनाहरुमा पर्याप्त बजेट विनियोजनका लागि व्यवस्था हुनुपर्ने । |
| ८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • जग्गा मुआब्जा निर्धारणमा समस्या देखिएको । व्यक्ति विशेष मुआब्जा माग्ने रकम फरक हुनुका कारण थप जटिलता सिर्जना भएकोले वैज्ञानिक आधार तय गरी जग्गा मुआब्जा निर्धारणलाई व्यवस्थित गर्न  कानुनी व्यवस्था संसोधन हुनु पर्ने। <br>• सार्वजनिक खरिद नियमावली अनुसार योजना क्षेत्रको IEE/EIA सम्पन्न गरे पश्चात् मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको तर EIA को अन्तिम प्रतिवेदन स्वीकृत हुन अत्यधिक समय लाग्ने गरेको, यससम्बन्धी प्रावधानलाई सरलीकरण गर्न बोलपत्रको प्रक्रिया र IEE/EIA स्वीकृति प्रक्रियालाई साथसाथै लैजाने गरी संसोधन हुनु पर्ने । |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | • चालु आ.व. को बजेट वक्तव्यमा उल्लिखित कामदारको ज्याला भुक्तानी बैंक खातामा मात्र गर्ने तथा PAN Card भएका कामदारलाई मात्र काममा लगाउने उल्लेख भएको हुँदा समस्या उत्पन्न भएको । |
| ९. | अर्थ मन्त्रालय | • विभिन्न प्रकारका अनुदानहरुलाई सदुपयोग गर्दै व्यवस्थित र पारदर्शी बनाउनुको साथै वित्तीय हस्तान्तरण अनुरुप प्रदेश र स्थानीय तहलाई प्राप्त हुने रकमबाट प्रदेश र स्थानीयतह मार्फत अनुदान रकमको वितरण प्रक्रिया व्यवस्थित गर्ने ।<br>• वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको भुक्तानी तथा शोधभर्ना लिने कार्य महालेखा नियन्त्रक कार्यालयको समन्वयमा सँगसँगै गर्ने पद्धति बसाल्ने ।<br>• विकास आयोजनाहरुमा समयमा भुक्तानी नहुने र भुक्तानीको समय एकैपटक आर्थिक वर्षको अन्त्यमा हुने पद्धतिलाई अन्त्य गर्न उपयुक्त सूचना प्रणाली सहितको सबल आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरी निरन्तर अनुगमनको व्यवस्था मिलाउने । |
| १०. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | • हाल राष्ट्रिय अभिलेखालय रामशाहपथमा राष्ट्रका महत्वपूर्ण कागजात नापनक्सा र अभिलेखहरु रहेकोमा मिति २०७१/०१/२५ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार राष्ट्रिय अभिलेखालय रामशाहपथबाट अन्यत्र सार्ने निर्णय भएको तर अभिलेखहरु सुरक्षित राख्न निश्चित तापक्रम र वातावरण आवश्यक हुने तथा स्थानान्तरण गर्दा बिग्रने, नदिने र क्षति पुग्ने जोखिम भएकोले उक्त अभिलेखालय यथास्थानमा नै रहिरहन उपयुक्त हुने हुदाँ स्थानान्तरणको निर्णय संशोधन हुनुपर्ने ।<br>• पुरातत्व विभागको भुकम्प पछिको पुननिर्माण गर्ने सन्द्रर्भमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आ.व. २०७६/०७७ का लागि स्वीकृत ३८९ कार्यक्रममध्ये भारतीय एक्जिम बैंक (Exim Bank) को तर्फबाट सञ्चालन गरिने कार्यक्रमका लागि १ अर्ब ९१ करोड २३ लाख रुपैया Exim bank को Project Implimentation Modality जटिल प्रकारको भएकोले सम्पदा संरक्षणमा व्यावहारिक नहुने हुदाँ नेपाल सरकारको स्रोततर्फ स्रोतान्तर हुनुपर्ने । |
| ११ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई अझ व्यापक बनाउन विभिन्न मन्त्रालय, निकायहरुबाट संस्था नविकरण गर्नुपर्दा त्यस्ता संस्था तथा श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्धता भएको प्रमाण लिने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने<br>• आन्तरिक रोजगारी सिर्जनालाई प्रवर्द्धन गर्न र विभिन्न निकायबाट सिर्जना भएका रोजगारीको एकीकृत विवरण तयार गर्नको लागि हरेक निकायले श्रम तथा रोजगार सम्पर्क व्यक्ति तोक्ने र रोजगारी सिर्जना भएको विवरण मासिक, चौमासिक र वार्षिक रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई उपलब्ध गराउन निर्देशन दिने । |
| १२ | वन तथा वातावरण मन्त्रालय | दरबन्दी अनुसारको पदपूर्ति हुन नसकेको । (रा.प.द्वि, रा.प.तृ. ७, रा.प.अन.प्र. ३<br>सुझाव:<br>विभागमा वातावरण निरीक्षक,ई.ई., मे.ई.,क.अ. लगायत वातावरण विषयका रा.प. द्वि.तहका कर्मचारीहरुको दरबन्दी वृद्धि गर्ने गरी साँगठनिक संरचना विस्तार गर्नु पर्ने, रिक्त दरबन्दी पूर्ति गर्न पहल गर्ने । |
| १३. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संघ र प्रदेश तथा संघ र स्थानीय तहबीच समन्वय तथा सम्पर्क गर्ने निकाय अलग अलग हुँदा विकास आयोजना सञ्चालनमा कठिनाई एवम् ढिलाई हुने गरेको र कतिपय Game Changer Projects तीनै तहको सहलगानीमा सञ्चालन हुने भएकोले संघवाट Sub-National Government सँग एउटै निकायवाट समन्वय र सम्पर्क गर्ने व्यवस्था हुनुपर्ने । |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| १४ | भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | • भूमिसम्बन्धी ऐन (आठौ संशोधन), २०७६ र भूउपयोग ऐन, २०७६ ले सृजना गरेको दायित्व र बजेट कार्यक्रममा समावेश नभएकोले थप बजेट निकासा हुनु पर्ने ।<br>• गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम कार्यान्वयन गर्न थप बजेटको व्यवस्था हुनु पर्ने ।<br>• अग्रपंक्तिमा रही सेवा प्रवाह गर्ने कर्मचारीका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्था हुनु पर्ने ।<br>• राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औ बैठकले मालपोत कार्यालयको श्रेस्ता सुधारको लागि आवश्यक पर्ने रकम सम्बन्धित प्रदेश सरकारले अविलम्ब गर्ने भनी निर्णय भएकोमा सो कार्यान्वयन मन्त्रालयको तहबाट मात्र सम्भव हुने नदेखिएकोले अन्तर प्रदेश समन्वय परिषद्मा राखी निर्णय कार्यान्वयन हुने व्यवस्था हुनुपर्ने ।<br>• प्रदेश राजधानी र स्थानीय तहका प्रशासनिक केन्द्र तथा वडा केन्द्रहरुको भवन निर्माणको लागि सरकारी जग्गा दर्ता तथा लिज कार्यनीति २०७१ (सशोधन सहित) बमोजिम जग्गा उपलब्ध गराउन सहजीकरण गर्न Focal Person तोकी काम अगाडि बढाइएकोमा जग्गा उपलब्ध गराउन आउने कतिपय माग सो नीति अनुसारको प्रक्रिया पुगी आएको नदेखिदा मन्त्रालयले जग्गा उपलब्ध गराउन कठिन भएकोले सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई कार्यनीति, २०७१ अनुसार प्रक्रिया पूरा गरी मन्त्रालयमा पठाउन व्यवस्था मिलाउनु पर्ने । |
| १५ | राष्ट्रिय पुनर्निमार्ण प्राधिकरण | • राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको चालु आ.व. २०७६/७७ को वार्षिक विनियोजित बजेट १४१ अर्ब मध्ये ४२ अर्ब बजेट Exim Bank ३४ अर्ब, OFID ५ अर्ब  र IDA ३ अर्ब तर्फ स्रोत विनियोजन भएकोमा ती स्रोतको रकम प्राधिकरणले खर्च गर्न नसक्ने भएकोले तत्काल स्रोतान्तर गर्न अनुरोध गर्ने ।<br>• Revised PDRF अनुसारको रु. ६३० अर्ब बजेट पुनर्निर्माणको लागि खर्च हुने भनी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको १४ औं निर्देशक समितिको बैठकले जानकारी गरेको र आ.व. २०७६/७७ को लागि १५६ अर्ब बजेट अनुमोदन गरेता पनि आ.व. २०७६/७७ को बजेटमा १४१ अर्ब विनियोजन भएकोमा ४२ अर्ब खर्च गर्न नसकिने अवस्था रहेको छ । यो परिस्थितिमा बजेट अभावले तोकिएको समयमा पुनर्निर्माणको काम सम्पन्न गर्न नसकिने हुदाँ के गर्ने हो नीतिगत निर्णय गर्न जरुरी रहेको छ । |
| १६. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • समस्या: नेपाल सरकारबाट स्वीकृत “डिजिटल नेपाल फ्रेमवर्क, २०७६” कार्यान्वयनका लागि विभिन्न मन्त्रालयको समन्वयमा परियोजना प्रस्ताव तयार गर्न कठिनाई भएको।<br>  • निर्णय हुनुपर्ने व्यहोरा : “डिजटल नेपाल फ्रेमवर्क, २०७६” कार्यान्वयनका लागि मन्त्रालय र केन्द्रीयस्तरका निकायहरुबाट आफ्नो कार्य क्षेत्रभित्र पर्ने डिजिटल पहलहरु कार्यान्वयनका लागि ७ दिनभित्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा परियोजना प्रस्ताव पेश गर्ने<br>  • सञ्चार तथा सुचना प्रविधि मन्त्रालयले OPMC: मार्फत सम्बन्धित निकायलाई पत्राचार गरिदिन अनुरोध गरेको खण्डमा समस्या समाधान हुने देखिएकोले NDAC मा लैजान नपर्ने देखिएको ।<br>  • “डिजटल नेपाल फ्रेमवर्क, २०७६” कार्यानवयनका लागि रा.यो.आ.का माननीय सदस्यको संयोजकत्वमा सम्बन्धित निकायका पदाधिकारीहरु समेत रहेको एक सहजीकरण समिति गठन गरी सो समितिले ३ महिनाभित्र  कार्यान्वयनसम्बन्धी कार्य टुङ्गयाउने । |
| १७ | महिला, बालबालिका तथा जेष्ठ | • समाजकल्याण परिषद् ऐन बमोजिम कुनै पनि INGO ले वैदेशिक सहायता मार्फत कार्यक्रम संचालन गर्दा परिषद्को स्वीकृति लिनुपर्ने प्रावधान पालना नभएकोले एक एकद्वार प्रणाली लागू गर्न सबै मन्त्रालय र निकायलाई निर्देशन गर्ने विषय । |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लैजान प्रस्तावित विषयहरु |
|---|---|---|
| | नागरिक मन्त्रालय | • CRC, CEDAW, UNCRPD जस्ता अन्तर्राष्ट्रय प्रतिवद्धताहरुको कार्यान्वयन तीनै तह (संघ, प्रदेश र स्थानीय) बाट गर्नुपर्ने तर संघ बाहेकका तहबाट रिर्पोटिङ्ग हुने नगरेकोले अन्तर्राष्ट्रिय रिपोर्टिङ्गमा समस्या उत्पन्न भएको हुँदा तीनै तहका मन्त्रालय र निकायहरुले प्रगति विवरण दिने विषय ।<br>• महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकसम्बन्धी कार्य र बजेट (Function & Finance) स्थानीय तहमा हस्तान्तरण भए बमोजिम सबै स्थानीय तहमा सो विषय हेर्ने दरवन्दी अनुसारको कर्मचारी व्यवस्था हुन नसकेको विषय । |
| १८ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | • विभिन्न संघीय कार्यक्रमहरू सञ्चालनका लागि यथेष्ट संख्यामा संरचना तथा जनशक्तिको अभावसम्बन्धी विषय ।<br>• जिम्मेवार निकायहरु : ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय<br>• बाढी, पहिरो जस्ता आकस्मिक प्रकोपबाट हुने क्षती न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेटको अभावसम्बन्धी विषय । यस सम्बन्धी प्रचलित कानूनमै आवश्यक व्यवस्था राख्न पहल गर्दा उपयक्त हुने ।<br>• चुरे फेदी तथा तराइमा जम्मा हुने गिट्टी,बालुवा, ढुंगा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, डुवान तथा कटानको समस्या साथै निर्माण सामग्रीको उपलब्धतामा कठिनाईसम्बन्धी विषय ।<br>समाधान : आकस्मिक कोष खडा गरी आकस्मिक प्रकोप (बाढी, पहिरो)बाट हुने क्षति न्यूनीकरण तथा नियन्त्रणका लागि आवश्यक आकस्मिक बजेटको व्यवस्था हुनुपर्ने ।<br>जिम्मेवार निकायहरु : ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय ।<br>समस्या: चुरे फेदी तथा तराईमा जम्मा हुने गिट्टी, बालुवा, ढुंगा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, दुवान, तथा कटानको समस्या बढ्दो, साथै निर्माण सामग्रीको उपलव्धतामा कठिनाइ गिट्टी बालुवा, ढुङ्गाको उपयोग तथा व्यवस्थापन सम्बन्धमा म.पं. मा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ रायका लागि कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा अनुरोध भएको । |
| १९ | रक्षा मन्त्रालय | • राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) स्थापनाको लागि बनेपा नगरपालिका अन्तर्गत पेरुङ्गे सामुदायिक वन क्षेत्रको करिब ७५० रोपनी जग्गा उपलब्ध गराई दिन वन तथा वातावरण मन्त्रालयमा औपचारिक अनुरोध पत्र पठाई सकिएकोमा सो मन्त्रालयबाट यस विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्मा छिट्टै प्रस्ताव पेश गरी निर्णय गराई दिन पहल हुनुपर्ने ।<br>• भूकम्पबाट क्षतिग्रस्त नेपाली सेनाका पुनर्निर्माण गर्न बाँकी १३९ वटा भौतिक संरचनाहरूमध्ये आ.व. २०७६/७७ मा पहिलो प्राथमिकतामा राखिएका ७८ वटा भौतिक संरचनाहरू निर्माण गर्न रु. १,२३,०३,५१,०००।- र आगामी आ.व. २०७७/७८ मा निर्माण गर्ने भनी दोस्रो प्राथमिकतामा राखिएका भौतिक संरचना ६१ वटाको लागि रु. १,५५,९६,०६,३००।- गरी जम्मा २,७८,९९,५७,३००।– (अक्षरेपी दुई अर्ब अठहत्तर करोड उनान्सय लाख सन्ताउन्न हजार तीन सय) बजेट व्यवस्था गरिदिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने । |
| २०. | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | • नभएको । |
| २१. | गृह मन्त्रालय | • नभएको । |
| २२. | युवा तथा खेलकूद मन्त्रालय | • नभएको । |

## ८. प्रदेश अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरुबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुतिका लागि प्राप्त भएका समस्याहरु

प्रदेश नं. १, विराटनगर

विकास कार्यक्रम तथा आयोजना संचालन तथा कार्यान्वयनमा देखा परेका यस प्रदेश संग सम्बन्धित समस्याहरु :

१. नेपाल सरकारको सशर्त अनुदानबाट हस्तान्तरण भएका अधुरा आयोजनाहरुलाई पूर्णता दिन पर्ने सशर्त अनुदानबाट थप बजेट उपलब्ध नभएकोले सशर्त अनुदानबाट संचालित धेरै आयोजनाहरु अधुरो रहेका छन् ।
२. नेपाल सरकारबाट सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरु हस्तान्तरणं हुदाँ क्रियाकलापगत बजेट नै तोकिएर आउने हुँदा प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार अपेक्षित कार्यक्रम र क्रियाकलापमा बजेट उपलब्ध नहुने भएकोले सशर्त अनुदानको कार्यक्रमगत एकमुष्ट रकम हस्तान्तरण गर्नुपर्ने र प्रदेशले सोही क्षेत्रका कार्यक्रममा खर्च गर्ने गरी प्रदेशको आवश्यकता, प्राथमिकता र औचित्यका आधारमा क्रियाकलापगत बाँडफाँट गरी खर्च गर्न सक्ने व्यवस्था हुनु पर्ने ।
३. IEE/IEA नगरी वा स्विकृत IEE/IEA प्रतिवेदनका सुझावहरु कार्यान्वयन नगरी विकासका भौतिक पुर्वाधारहरु निर्माण भइरहँदा वातावरणीय र प्रकोपजन्य समस्याहरु बढ्दै गएको । यसमा संघीय कानुन तर्जुमा हुनुपर्ने ।
४. कोशी राजमार्ग निर्माण र स्तरवृद्धिको कार्यलाई शीघ्रता दिनुपर्ने ।
५. विराटनगर विमानस्थललाई विराटनगर क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा रुपान्तरण गर्न जग्गा प्राप्तिको कार्य अघि बढाउनु पर्ने ।

प्रदेश नं. २, जनकपुरधाम

आ.व.२०७६/७७ को प्रथम चौमासिक अवधिमा विकास कार्यक्रम तथा योजना संचालन तथा कार्यान्वयनमा देखा परेका समस्याहरु :

(क) आन्तरिक मामिला तथा कानुन मन्त्रालय :

- आवश्यक कानुन र कार्यविधिको अभाव ।
- संरचना र साझा क्षेत्राधिकार स्पष्ट नहुनु ।
- आवश्यक साधन स्रोतको अभाव ।
- समन्वयको अभाव ।
- दरवन्दी अनुसार कर्मचारी नहुनु ।
- सीप र दक्षताको कमी ।

(ख) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय :

- प्रदेश स्तरमा दरवन्दी अनुसारको कर्मचारी अभाव रहेको ।
- कार्यविधिहरु धेरै बनाउन बाँकी रहेकोले विकास कार्यक्रम कार्यान्वयनमा समस्या परेको ।
- प्रदेश सरकारको कार्य विभाजन अनुसार भूमि व्यवस्थापन यस मन्त्रालयको कार्य क्षेत्र रहेकोमा संरचनागत व्यवस्था नभएकोले मालपोत र नापीसम्बन्धी कार्य गर्न नसकेको ।

३. बाग्मती प्रदेश, हेटौंडा

विकास आयोजनाहरुको नाम :

सम्भावित रणनैतिक सडकहरु, प्रोदशिक सडकहरु र अन्य उत्तर दक्षिण सडकहरु :

(क) आयोजना कार्यान्वयनमा देखा परेका मुख्य मुख्य समस्याहरु :

- समयमा बजेट व्यवस्थापन नहुनाले ठेक्का व्यवस्थापनमा कठिनाई भई निर्माण कार्य सम्पन्न गर्न समस्या देखिएको ,
- सडक योजनामा दोहोरोपना हुनु ,

(ख) शसर्त र प्रादेशिक सडक पुलहरु :

- सडक पुलहरुको निर्माणमा दोहारोपना हुनु,
- शसर्त बजेटबाट प्राप्त सडक पुलहरुमा निर्माण कार्यको लागि न्यून बजेट विनियोयोजन हुनु ।

(ग) शसर्त अनुदानका कार्यक्रमहरु कार्यान्वयनका सन्दर्भमा :

- बजेट समयमै निकासा नहुनु ।

(घ) भौतिक पूर्वाधार निर्माण तर्फ :

- प्रादेशिक विकास जग्गा प्राप्ति गर्न कठिनाई ।

(ङ) कार्यक्रमहरु :

- संघीय ऐन कानूनहरु समयमै नबन्दा मन्त्रालयसंग सम्बन्धित विकास कार्यक्रमहरु अलपत्र हुनु ।

४. गण्डकी प्रदेश, पोखरा

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने समस्याहरु:

१. प्रदेश सरकारको चालु आ.व. मा स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विभिन्न विकास निर्माणका आयोजना कार्यान्वयन गर्नु पर्ने समेत भएको छ । त्यसै गरी प्रादेशिक संरचनाको लागि अत्यावश्यक भवन निर्माण गर्ने समेत कार्यक्रम रहेको छ । यी सबै विकास निर्माणका आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा नेपाल सरकारको नाममा रहेको छ । विकास निर्माणका आयोजनाहरुलाई तीब्र गतिमा कार्यान्वयन गर्न प्रदेश सरकारको निर्णय बमोजिम त्यस्ता जग्गाको भोगाधिकार प्रदेश सरकारको नाममा ल्याउनको लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ । हालसम्म त्यस्ता जग्गाको भोगाधिकार प्रदेश सरकारको नाममा नभएकोले त्यस्ता जग्गाको भोगाधिकार प्रदेश सरकारको नाममा आउनु पर्ने ।

२. प्रदेश सरकारको उच्च प्राथमिकतामा परेका तर प्रदेश सरकारको हालको बजेटबाट कार्यान्वयन गर्न सम्भव नभएका पूर्वाधार तथा विकास निर्माणका आयोजनाहरु जस्तै: पोखरामा चक्रपथ र मोनो रेल निर्माण, अन्तर्राष्ट्रियस्तरको खेल मैदान निर्माण जस्ता आयोजनामा विदेशी दातृ निकायहरुले EPCF-Engineering Procurement Construction Finance_ Model, Buyer Credit Business Model, Goverment Sovereign Guarantee मा कार्यान्वयन गर्न ईच्छा देखाई रहेका छन् । नेपाल सरकारबाट यथाशीघ्र यसमा आवश्यक स्वीकृत तथा निकास दिनु पर्ने । अर्थ मन्त्रालय

३. प्रदेशबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण भई स्थायी जनशक्ति पूर्ति नहुँदासम्म प्रदेश मातहत रहेका अस्पतालहरुमा रिक्त डाक्टर लगायतका प्राविधिक स्थायी दरवन्दी र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रिक्त स्थायी दरवन्दीमा प्रदेश सरकारले करारमा लिन सक्ने गरी नेपाल सरकारबाट स्वीकृति दिनुपर्ने ।

४. नेपालको पर्यटकीय राजधानी पोखराभित्र रहेको फेवातालजस्तो राष्ट्रिय महत्वको सम्पदाको संरक्षणको लागि सम्मानित सर्वोच्च अदालतको मिति २०७५/०१/१६ को फैसला कार्यान्वयन गर्न सर्वप्रथम फेवाताल क्षेत्रको सीमाङ्कन गर्नुपर्ने भएकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नापी विभागका विशेषज्ञ सहितको सीमाङ्कन गर्ने टोली तत्काल खटाई तदारुकताका साथ सीमाङ्कनको कार्य सम्पन्न गर्नु पर्ने ।

५. प्रदेश लोकसेवा आयोग ऐन, २०७६ जारी भई प्रदेश लोक सेवा आयोग गठन हुने अन्तिम चरणमा रहेको छ। प्रदेश लोकसेवा आयोग गठन भई सकेपछि प्रदेशभित्रका प्रदेश सरकार र सबै स्थानीय तह अन्तर्गतको पदपूर्ति गर्ने कार्य प्रदेश लोकसेवा आयोगबाटै हने हुदाँ पोखरास्थित लोक सेवा आयोगको कार्यालयको कार्यबोझ घटेर अति नै कम हुने देखिएकोले पोखरास्थित लोकसेवा आयोगको कार्यलय रहेको भवन प्रदेश लोकसेवा आयोगका लागि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने।

६. हुलाक निर्देशनालय पोखराको स्वामित्वमा रहेको भौतिक संरचना प्रदेश सरकारले उपयोग गर्न स्वीकृत दिनु पर्ने।

७. प्रदेश लेखा नियन्त्रक कार्यालय पोखरालाई LMBIS, PLMBIS, TABUCS, TSA / RIMS जस्ता सफ्टवेयर संचालनमा महालेखा नियन्त्रकको कार्यालयबाट पूर्ण पहुँच सुनिश्चितता गरिनु पर्ने र

८. प्रदेश सरकारलाई सशर्त हस्तान्तरण भएका आयोजनाको लागि आवश्यक रकमको सुनिश्चितता समेत संघीय सरकारबाट हुनुपर्ने।

५. प्रदेश नं. ५, बुटवल

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने समस्याहरु :

१ आयोजना स्थलभित्र पर्ने सीमित रुखहरु कटान गर्न समेत नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय आवश्यक पर्ने र त्यस प्रक्रियाले लामो समय लिने कारणले गर्दा प्रदेशमा आयोजना कार्यान्वयन समस्या रहेको छ।

२. प्रदेशमा हस्तान्तरण भईसकेका सडक, सिंचाइ तथा खानेपानीका क्रमागत वा अधुरा आयोजनाका लागि विनियोजित सशर्त अनुदान रकम निकै कम भएको र यी  आयोजनाहरु सम्पन्न गर्न आवश्यक रकम नेपाल सरकारबाट व्यवस्था नभएमा ती आयोजना सम्पन्न हुन नसक्ने स्थिति रहेको छ।

३. कर्मचारी समायोजनको कार्यसम्पन्न भएको अधिकारिक जानकारी प्राप्त नभएको र संघीय निजामती सेवा ऐन जारी नभएकोले समेत प्रदेशको आवश्यकता बमोजिम संगठनको पुनर्संरचना तथा थपघट, प्रदेश निजामति सेवा ऐनको तर्जुमा र आवश्यक जनशक्तिको व्यवस्था गर्ने प्रक्रिया थालनी गर्न नसकिएको स्थिति छ। यसले समग्र शासकीय अधिकारको प्रयोगमा समस्या सृजना भएको छ।

४. यातायात व्यवस्थासम्बन्धी कार्यालयहरु प्रदेश मातहत रहेका तर राजस्व असुली र सवारी चालक अनुमतिपत्र जारी गर्ने प्रणाली वा सफ्टवेयर हस्तान्तरण नभएकोले कार्यसम्पादनमा समस्या रहेको छ।

५. नेपाल विद्यूत प्राधिकरणका प्रादेशिक इकाइहरुको प्रदेशसँगको सम्बन्ध स्पष्ट नभएकोले प्रदेशमा विद्युत विस्तारसम्बन्धी आयोजना संचालन र सडक क्षेत्रमा विद्युतीय पोलहरु हटाउने जस्ता प्रारम्भिक कार्यहरुमा समेत समन्वयको समस्या रहेको छ।

६. विभिन्न शीर्षकबाट प्रदेश र स्थानीय तहले प्राप्त गर्ने रोयल्टी, जस्तै : वन रोयल्टी, खानी रोयल्टी, पर्यटन रोयल्टी लगायतका रकम प्राप्त नभएकोले बजेट आंकलन र स्रोत व्यवस्थापनमा समस्या रहेको छ।

७. प्रदेशले आफ्ना विकास कार्यक्रम तथा आयोजनाहरु निर्माण र संचालन गर्दा जग्गा प्राप्तिको विषय जटिल र कठिन भएको कारणले समग्र कार्यक्रम र आयोजना व्यवस्थापन समस्याग्रस्त रहेको छ।

८ नेपाल सरकारबाट शशर्त अनुदान मार्फत पठाइएका  कार्यक्रमहरु टुक्रे कार्यक्रमका रुपमा रहेका तथा कार्यक्रमसंगै कार्यविधि तथा निर्देशिका नआउँदा काम गर्न अप्ठ्यारो भएको र कार्यक्रमकै प्रभावकारिता कम हुने देखिएको छ।

९ संघबाट प्रदेशमा हस्तान्तरण भएका तर संरचना हस्तान्तरण नभएका निकाय तथा कार्यक्रम संचालनमा कठिनाई भएको छ । जस्तै: CTEVT, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विकास तथा समन्वय इकाई, परीक्षण प्रयोगशाला, विश्वविद्यालय आदि ।

१० Provincial Line Ministry Budget Information System -PLMBIS_ र Treasury Single Account -TSA_ बीच स्वचालित लिङंक नहुँदा बजेट निकासा र कार्यक्रम संचालनमा निकै कठिनाई सिर्जना भएको छ ।

११ संविधानद्वारा निर्दिष्ट संघीय ऐन कानूनहरुको निर्माण समयमा नहुँदा सेवा संचालनमा कठिनाई भएको (जस्तै : निजामती सेवा ऐन, शिक्षा ऐन, विरुवा संरक्षण ऐन, बीउ बिजन ऐन, मल ऐन, पशुस्वास्थ्य तथा पशुसेवा ऐन)

१३ नेपाल सरकार (म.प.) बाट २०७३/१०/१८ मा स्वीकृत "नेपालको संविधानको अनुसूची ५,६,७,८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण" प्रतिवेदनमा आधारित प्रदेशको एकल अधिकार सूचीमा उल्लेखित विषयमा प्रदेश सभाबाट पारित भएको कानून कार्यान्वयनमा गृह मन्त्रालयबाट रोक लगाएको कारण संघसंस्था दर्तासम्बन्धी विषयमा समस्या देखिएको साथै भविष्यमा अन्य कानूनहरुको कार्यान्वयनमा समेत समस्या सृजना हुन सक्ने ।

१४ "राष्ट्रिय योजना आयोगबाट जारी संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरुको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड २०७६" बमोजिम प्रदेश र स्थानीय तहले संचालन गर्ने आयोजना कार्यक्रमहरुको हस्तान्तरण नहुनुले काम र जवाफदेहितामा समस्या भएको ।

१५. गाम्रीण वस्तीहरुमा वन्यजन्तु (विशेषगरी बाँदर) को संख्या वृद्धि भएको र यसबाट बालीनाली संरक्षणमा कठिनाई भएको तथा सोही कारणबाट मानिसहरु बसाइसराई गर्ने अवस्था समेत सृजना भएको छ ।

१६ संघीय सरकारद्वारा सञ्चालित विभिन्न रुग्ण आयोजनाहरु समयमै सम्पन्न हुन नसकेका ।

१७ सडक तथा अन्य सार्वजनिक क्षेत्रमा छाडिने घरपालुवा पशुचौपायाहरु (खासगरी गाई गोरु) को कारणले सडक दुर्घटना बढेको, यातायात व्यवस्थापनमा कठिनाई भएको, नागरिकको बालीनालीमा हानी पुग्ने गरेको तथा त्यसको व्यवस्थापनका क्रममा सामाजिक द्वन्द्व सृजना हुने गरेको छ ।

१८ वन ऐन, २०७६ मा डिभिजनल वन अधिकृत संघको कर्मचारी हुने व्यवस्थाबाट मुद्दाको अनुसन्धान र तहकिकातमा समस्या परेको छ ।

१९ प्रदेश भित्र रहेका औद्योगिक क्षेत्रहरु प्रदेशलाई हस्तान्तरण नहुँदा औद्योगिक प्रवर्द्धनको कार्य संचालनमा समस्या भएको छ ।

## ६. कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने समस्याहरु :

१. दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नभएकोले मन्त्रालय र मातहतको कार्यालयमा कर्मचारी पठाउन नसक्नु ।

२. संघबाट हस्तान्तरण भै आएका आयोजनाहरुको व्यवस्थापनमा कठिनाई हुनु ।

३. निर्माण सामाग्री (ढुगा, गिट्टी, वालुवा)को समयमा उपलव्ध नहुनु ।

## ७. सुदूरपश्चिम प्रदेश, धनगढी

सुदूरपश्चिम प्रदेशको विकाससँग सम्बन्धित केहि प्रमुख समस्या तथा प्रदेशको समग्र विकासलाई थप गतिशिल तुल्याउन सिघ्रताका साथ संचालन गर्नुपर्ने केही विकास आयोजनाहरु :

१. विशिष्टीकृत स्वास्थ्य सेवा लिन नेपालगंज नै पुग्नु पर्ने बाध्यता रहेकोले यस प्रदेशका जनतालाई विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्न सेती प्रादेशिक अस्पतालको स्तरोन्नति गर्ने।

२. यस प्रदेशको पहाडी रुटहरुमा Road Traffic Accident को दर उच्च रहेको भएतापनि गम्भीर रुपमा घाईते भएकाहरुको उपचारको लागि एक मात्र विकल्पको रुपमा रहेको नेपालगंज पुग्न धेरै समय लाग्ने गरेकोले डोटी, बुडरस्थित एक प्रदेशस्तरीय ट्रमा सेन्टरको स्थापना र संचालन गर्ने ।

३. यस प्रदेशको राजधानी र पहाडी जिल्लाहरुवीचको CONNECTIVITY सुधार र विस्तार गरी नागरिकको जनजीवनमा सुधार ल्याउन प्रदेशका रणनीतिक महत्वका निम्न मार्गहरुलाई उच्च प्राथमिकताका साथ निर्माण गर्ने ।

- खुटिया-विपिननगर-दिपायल-चैनपुर-उरै भन्ज्याङ्ग (फाष्ट्रयाक),
- सेती लोकमार्ग,
- महाकाली करिडोर (ब्रम्हादेव (पंचेश्वर-टिंकर-लिपुलेक) का साविकको ट्र्याक सुधार र थप विस्तारका साथै दार्चुला जिल्ला, व्यास गा.पा.२ स्थित तुम्लिङ्गदेखि टिंकर र साङ्गरुसम्मको घोडेटो बाटो,
- खप्तड, रामारोशन, बडिमालिका लगायतका सुदूरपश्चिम प्रदेशका महत्वपुर्ण पर्यटकीय स्थलहरुमा सहज पहुँच कायम गर्ने खप्तड पर्यटकीय मार्ग, रामारोशन मार्ग, चिसापानी (तुर्माखाँद-जयगढ -नन्देगढा-ऋषिदह-वडिमालिका सडक)

४. सुदूरपश्चिमको विद्युत मागलाई सहज रुपमा पुर्ति गर्नुका साथै राष्ट्रिय मागलाई समेत सम्बोधन गर्ने पश्चिम सेती जलबिद्युत आयोजना र SR-6 आयोजनाको निर्माण, संचालन र व्यवस्थापनमा जोड दिने ।

५. यस प्रदेशको प्रमुख प्रशासकीय भवन संरचनाहरु रहने गरी तोकिएको क्षेत्र गोदावरी वडा नं.२ र ४ को जग्गा प्राप्ति र भौतिक संरचना निर्माण गर्न संघीय सरकारबाट सहयोग हुनु पर्ने ।

६. धनगढी विमानस्थल, गेटालाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गर्ने ।

७. सीमा अपराध न्यूनीकरण गर्न, जनतामा देशभक्तिको भावना जगाउन सीमा क्षेत्र विकास कार्यक्रम संचालन गर्ने र आवश्यकता पहिचान भईसकेका स्थानहरुमा BOP स्थापना गर्ने ।

८. यस प्रदेशमा जरिबुटीको प्रचुर सम्भावना रहेकोले मूल्यवान जरिबुटीको संकलन, प्रशोधन र निर्यातबाट उल्लेख्य रुपमा बिदेशी मुद्रा आर्जन हुनुका साथै स्वरोजगारी, रोजगारीको अवसर सृजना हुने भएकोले एक जरिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने ।

९. कर्णाली, मोहना क्षेत्रमा जैविक विविधताको संरक्षण गरी सो क्षेत्रमा पर्यटनको विकास गर्न महत्वपुर्ण डल्फिन संरक्षण कार्यक्रम संचालन गर्ने ।

१०. प्राविधिक जनशक्तिको न्यूनताले समग्र प्रदेशको विकासमा नकारात्मक प्रभाव परेकोले प्राविधिक रुपमा दक्ष जनशक्ति उत्पादन मार्फत स्वरोजगारी, रोजगारी र वाह्य रोजगारीको अवसर सृजना गर्न एक प्राविधिक विश्वविद्यालयको स्थापना गर्ने ।

## ९ .आयोजनाहरुको स्थलगत अनुगमन निरीक्षणमा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु

९.१ आ.व. २०७६/७७ मा आयोगका पदाधिकारीको नेतृत्वमा स्थलगत अनुगमन गरिएका विभिन्न आयोजनाहरुको विवरण

आ.व. २०७६।७७ को प्रथम चौमासिकमा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको नेतृत्वमा गरिएको स्थलगत अनुगमनबाट आयोजनाहरुमा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु :

(१) लमजुङ, तनहुँ तथा गोरखा जिल्लास्थित विभिन्न आयोजनाहरु :

(क) जलविधुत आयोजनाहरु :

- मध्य मर्स्याङदी जलविद्युत आयोजना,
- अपर मर्स्याङदी जलविद्युत आयोजना,
- दोर्दी कोरिडोर १३२ के.भि. प्रसारण लाईन आयोजना,
- मर्स्याङदी कोरिडोर २२० के.भि. प्रसारण लाइन आयोजना,
- माथिल्लो दोर्दी ए जलविद्युत आयोजना,
- तनहुँ जल विद्युत आयोजना,
- बुढीगण्डकी जलविद्युत आयोजना,

(ख) अन्य आयोजनाहरु :

- बन्दिपूर बाख्रा फर्म, कृषि फर्म
- कागती तथा फलफुल खेती,

१. मध्य मर्स्याङदी जलविद्युत आयोजना (७० मेगावाट)

(क) भैरहेका कार्य तथा विद्यमान अवस्था:

- यो आयोजनाबाट ७० मे.वा. विद्युत उत्पादन गर्ने लक्ष्य रहेता पनि ७७. मे.वा. सम्म विद्युत उत्पादनको क्षमता रहेको ।
- उदीपुरमा २२० के.भि. को सवस्टेशन बन्दै गरेको ।
- Dry Season मा औसत २५ मे.वा. प्रति दिन विद्युत उत्पादन हुन्छ भने पूर्ण क्षमतामा ४ महिना उत्पादन हुने ।
- यो आयोजनाको कुल लागत १७.२ अर्ब खर्च भएको थियो । त्यस मध्ये २० प्रतिशत रकम सामाजिक क्षेत्रमा खर्च भएको थियो ।
- आयोजना निर्माण सम्पन्न भएपछि वृक्षारोपणले गर्दा जंगल बढेको छ ।
- Time Set को आधारमा २४ वटा Section मा रहेको बालुवालाई Automatically फाल्ने व्यवस्था गरिएको ।
- पालुङटारको नगरपालिकाको वडा नं ४ र ५ सहित को क्षेत्र समेटेर Smart City बनाउने भन्ने विषयले हाल त्यस क्षेत्रमा जग्गाको मूल्य अत्याधिक वृद्धि भएको कारणले गर्दा पनि निर्माणमा विवाद देखिएको ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु

- पालुङटारको  नगरपालिकाको वडा नं ४ र ५ सहितको क्षेत्र समेटेर Smart City बनाउने भन्ने विषयले गर्दा सोही क्षेत्र भएर जाने भनिएको ट्रान्समिसन लाइन बनाउने कार्यमा स्थानीयद्वारा अवरोध भैरहेको ।
- ट्रान्समिसन लाइन मुनीको जग्गाको मूल्यांकनमा समेत विवाद रहेको पाईन्छ ।
- सामुदायिक वन भएर प्रसारण लाईन लाने विषयमा समेत विवाद रहेको देखिन्छ ।
- ड्याम निर्माणको क्रममा फले साँघुमा रहेका ६२ घरपरिवारलाई आहाल बोटेमा पुनर्वास गराइएको थियो । आफु बसेको स्थान व्यापारिक प्रयोजनको लागि प्रयोग गरिरहेकोले पुनर्वास गरिएका जग्गाधनीहरु हालसम्म पनि सन्तुष्ट हुन नसकेको ।
- ११० कि.मि.प्रशारण लाईन विस्तारका लागी पालुङटार भएरजाने पूर्ववत route  बाहेकको विकल्पमा समेत अध्ययन एवं समन्वय भईरहेको ।
- प्रशारण लाईनको कार्यसंचालन गर्न आयोजनावाट सम्वद्व निकाय, राजनैतिक दल, एवं जनसमुदायसंग समन्वय भैरहेको ।
- यस समस्यालाई समाधानार्थ उर्जा, जलस्रोत तथ सिंचाइ मन्त्रीको अध्यक्षतामा भएको छलफल कार्यक्रमबाट संघीय, प्रदेश र स्थानीय तहको एक एकजना सदस्य समेत मंत्रालयका प्रतिनिधि रहने गरी समस्या समाधान सुझाव समिति गठन गरिएको ।

२. अपर मर्स्याङ्दी जलविद्युत आयोजना

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था :

- १ जनवरी २०१७ देखि यो आयोजना commercial operation सहित संचालनमा रहेको ।
- ६३ जना सदस्य रहेको सरोकार समूहलाई हाल रु १ लाख मासिक प्रदान गरिदै आएको छ।
- जग्गाधनीहरुलाई प्रति रोपनी ३ लाख देखि ८ लाखसम्म मूआव्जा दिइ जग्गा खरिद गरिएको।
- १३२ के.भि. ट्रान्समिसन लाईनलाई ५६ वटा पोलमार्फत हाईटेन्सन लाईन लगिएको छ|
- आयोजनाको कुल लागत १२ अर्ब रहेको र सम्पन्न हुन ३ वर्ष भन्दा बढी लागेको थियो ।
- आयोजनाको टनेल ५ कि.मि., Head ११३ मि. रहेकोमा त्यसको अनुगमन १९ वटा CCT बाट भैरहेको ।
- आयोजनाको कुल लागत १२ अर्ब रहेको र सम्पन्न हुन ३ वर्ष भन्दा केही बढी लागेको थियो ।
- आयोजना ३० वर्षसम्म संचालन गरी त्यसपछि नेपाल सरकारलाई हस्तान्तरण गर्ने संझौता रहेको ।
- यो आयोजनाको कुल लागत १२ अर्व रहेको र सम्पन्न हुन ३ वर्ष भन्दा वढी लागेको थियो।
- आयोजनास्थल तथा कार्यालयमा चिनीया तथा अंग्रेजी भाषाको मात्र प्रयोग भएको देखिन्छ।
- आयोजनामा ४६ जना नेपाली तथा ५७ जना चिनिया कामदार रहेका ।
- आयोजनाले हालसम्म रु ६ अर्ब २४ करोड सामाजिक कार्यमा खर्च गरिसकेको छ ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु

- ड्यामबाट कम्तीमा १० प्रतिशत पानी नदीमा पठाउनु पर्ने व्यवस्था पालना हुन नसक्दा तल्लो क्षेत्रको वातावरणीय तथा पारिस्थितिक प्रणालीमा प्रतिकुल असर पर्न गैरहेको ।
- तल्लो तटिय क्षेत्र र आयोजना बीचको वहुआयामिक फाईदाका क्षेत्र संग अधिक आवद्धता गर्न नसकिएको ।
- आयोजनाको कार्यालय तथा आयोजनास्थलमा चिनीया तथा अँग्रेजी भाषामा मात्र संकेत तथा सुचनाको व्यवस्था भएकोले सर्वसाधारणलाई केही समस्या हुने गरेको ।
- नियमित रुपमा ड्यामबाट कम्तीमा १० प्रतिशत पानी नदीमा पठाउने कार्यलाई पालना गर्न समन्वय एवं संचार गरिनुपर्ने ।
- नेपाल सरकारको सम्वद्ध निकायवाट आवश्यक निर्देशन हुन उपयुक्त हुने ।

३. तनहुँ जल विद्युत आयोजना :

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था :

- आयोजनाको Catchment Area १५.२ कि.मि. रहेको छ ।
- आयोजनाको ट्रान्समिसनलाईन ३७ कि.मि. रहेको र यो चितवनको भरतपुरसम्म रहेको छ ।
- आयोजनाबाट १८ गाउँहरुमा विद्युत वितरण गर्ने लक्ष्य रहेको छ ।
- आयोजनाको DPR एडिवीको सहयोगमा जापानी परामर्शदाताद्वारा २०१५ मा तयार गरिएको हो ।
- आयोजनाको विद्युत खरिद संझौता (Power Purchase agreement) विद्युत उत्पादन भएको मितिबाट ३० वर्षसम्म रहेको छ ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु

- आयोजना निर्माणको क्रममा ५३४ घरपरिवारको जग्गा अधिकरण गरी मूआव्जा वितरण गरिएकोमा हालसम्म २१ घरपरिवारले मूआव्जा लिन बांकी रहेको ।
- मूआव्जा लिन बांकी रहेका घरपरिवार तथा सरोकारवालासंगको छिटो छरितो एवं प्रभावकारी समन्वय र संचारद्वारा मुआव्जा वितरण कार्य समयमा नै सम्पन्न गर्नु उपयुक्त हुने ।

४. बुढीगण्डकी जलविद्युत आयोजना:

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था :

- आयोजनावाट प्रभावित अधिकरण गर्नु पर्ने ५८,१३३ रोपनी जग्गा मध्ये करिव ४५ हजार रोपनी जग्गाको मुआव्जा वितरण कार्य भैसकेको ।
- मुआव्जा वापत प्रति रोपनी ५.२५ लाख देखि ८.३५ लाखका दरले २६ अर्ब ५० करोड रकम वितरण गरी सकेको छ ।
- तल्लो तटिय क्षेत्रमा पुग्ने फाइदाहरुको विषयमा अध्ययन गर्ने कार्य बांकी रहेकोले त्यसको अध्ययन गर्न तयारी भैरहेको ।
- पर्यटन विकासका गुरुयोजनाहरु निर्माण गर्ने कार्य वांकी रहेको ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु

- आयोजनावाट प्रभावित अधिग्रहण गर्नु पर्ने ५८,१३३ रोपनी जग्गा मध्ये करिव ४५ हजार रोपनी जग्गाको मुआव्जा वितरण कार्य भैसकेकोमा वांकी जग्गाको मुआव्जा दिई अधिग्रहण कार्य सम्पन्न हुन नसकेको ।

- बजार क्षेत्रमा रहेको २४०० रोपनी जग्गाको मूआव्जा निर्धारण गर्नेकार्य बाँकी रहेकोले विद्युत उत्पादन लागत र समय वढ्न सक्ने ।
- मुआव्जा वितरण कार्यका लागि कार्ययोजना सहितको सरोकारवालाहरु बीच प्रभावकारी संचार र समन्वय गरिनु पर्ने ।
- तालुक मन्त्रालयवाट समस्या तथा सुझाव संकलन गरी द्रुततर समस्या समाधान कार्य समूह बनाई कार्य संचालन गरिनु उपयुक्त हुने ।
- जलविद्युत बहुउपयोगी नीति बनाई पर्यटन विकासका गुरुयोजनालाई रोजगारीसंग आवद्ध गर्दा उपयुक्त हुने ।

५. मर्स्याङदी कोरिडोर २२० के.भि. प्रसारण लाइन आयोजना

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था :

- पुन: टेण्डर प्रक्रियामा गई कार्य संचालन भैरहेको ।
- आयोजनासंग सम्वन्धित व्यवस्थापकिय कार्यहरु भैरहेको ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु :

- दरबन्दी अनुसार मानवस्रोत नहुँदा कार्यसम्पन्नमा ढिलाई भैरहेको ।
- आयोजना कार्यान्वयनमा जग्गाको मुआव्जा वितरण लगायतको विषयमा स्थानीयको अवरोध ।
- आयोजनामा रहेको कुल दरवन्दी ३५ जना रहेकोमा पूर्ति हुन बांकी २१ जना कर्मचारी उपलव्ध गराउन सम्बन्धित निकाय सजग रहनु पर्ने ।
- आयोजनाका कर्मचारीलाई निश्चित समय सरुवा नगर्ने नीति अंगिकार गर्नुपर्ने ।
- जग्गाको मुआव्जा वितरणमा उचित मूल्याङ्कन, व्यापक जनसहभागिता एवं पारदर्शी कार्यप्रणाली अपनाउनु पर्ने ।
- ट्रान्समिसन लाईनमा पर्ने जग्गाको मुआव्जा वितरणमा उचित मूल्याङ्कन हुनु पर्ने देखिन्छ,

६ दोर्दी कोरिडोर १३२ के.भि. प्रसारण लाईन आयोजना

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था

- यस आयोजनामा कुल दरवन्दी ११ जना रहेकोमा ८ जनाबाट आयोजनाको कार्य सम्पादन हुँदै आएकोमा ३ दरवन्दी रिक्त रहेको छ ।
- निकायगत समन्वयका कार्य भई कार्य संचालनमा रहेको ।

(ख) हाल देखापरेका समस्या तथा समाधानका उपायहरु :

- ट्रान्समिसन लाइन निर्माणमा स्थानीयको अवरोध ।
- वनक्षेत्रवाट प्रसारण लाईन विस्तार गर्न अनुमति प्राप्त गर्न लामो समय लाग्ने गरेको ।
- स्थानीयबासीहरुको जग्गाको मुआव्जा वितरणमा उचित मूल्याङ्कन हुनु पर्ने देखिन्छ ।
- विद्युत सम्बद्ध निर्माणकार्यमा प्रयोगहुने वनक्षेत्रको जग्गाको वरावरको वृक्षारोपणसम्बन्धी कार्य र जग्गाको सट्टाभर्नासम्बन्धी कार्य वन सम्वद्ध निकायलाई नै जिम्मा दिनु उपयुक्त हुने।
- स्थानीयबासीहरुको जग्गाको मुआव्जा वितरणमा उचित मूल्याङ्कन हुनु पर्ने देखिन्छ ।

७. माथिल्लो दोर्दी ए जलविद्युत आयोजना

(क) भैरहेका कार्य, प्रयास तथा विद्यमान अवस्था

- हेड वर्क्समा (head works)बाढीले गर्दा १० जनाको कामदार बगाउनुका साथै रु. १०-१२ करोडको पूर्वाधार एवं सरसामानको क्षति हुन पुगेको थियो ।
- माथिल्लो दोर्दी ए जलविद्युत आयोजनामा बाढीवाट भएको उक्त क्षतिको मूल्याङ्कन गर्न नेपाल सरकारबाट अगष्ट ४, २०१९ मा ५ (पाँच) सदस्यीय समिति गठन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान गरिएको थियो ।
- हाल यस आयोजनाको निर्माण कार्य पुन: संचालनमा रहेको छ ।

(ख) आयोजनाको विद्यमान समस्या तथा समाधानका उपायहरु

- Hazard mapping, Land Slide को भौगोलिक अवस्था तथा Early warning System को व्यवस्था हुन नसक्नु ।
- पुन: निमार्ण कार्य गर्नु परेकोले लक्ष्य अनुसार समय र लागतमा कार्य सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ ।
- थप जनधनको क्षति हुन नदिन Hazard mapping, Land Slide को भौगोलिक अवस्थाको विस्तृत अध्ययन तथा Early warning System को व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- क्षतिको मूल्याङ्कन गरी उचित क्षतिपूर्तिको समेत व्यवस्था गर्नु उपयुक्त हुने ।
- विकास निर्माण कार्यलाई वातावरणमैत्री वनाउने तर्फ सरोकारवाला निकाय तथा व्यक्तिलाई जिम्मेवार वनाउनुका साथै सो सम्बन्धी क्षमता विकास गराईनु पर्ने ।

८. स्थलगत अनुगमन गरिएका अन्य कार्यक्रम/आयोजनाहरु :

(क) कागती तथा फलफुल खेती, लमजुङ

लिपे मल्टिपल एग्रीकल्चर प्रा.लि. नामक संस्था दर्ता गरी लमजुङ जिल्लाको मर्स्याङ्दी गा.पा. मनाङ खोला, लामा गाउँमा १२५ रोपनी क्षेत्रफलको जग्गामा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयको अनुदान तथा निजी लगानिमा कागती, सुन्तला, एभोकाडो, लिची तथा आँपका विरुवाहरु लगाई फलफुल खेती गरिएको छ । यस क्षेत्रमा ५००० विरुवा कागतीका, ७०० विरुवा सुन्तलाका र अन्य विविध फलफुलका विरुवाहरु लगाई व्यवसायिक रुपमा फलफुल खेती गरिएको छ । २०७५ असोजबाट विधिवत रुपमा संचालनमा ल्याइएको यस खेतीमा १६ जनाको संयूक्त लगानी तथा सहभागिता रहेको छ । मुख्यतया कागतीको खेतीको रुपमा विकास गर्ने लक्ष्य रहेको यो कार्यक्रमको लागि आवश्यक पर्ने वीउ विजन प्रायगरी धनकुटा कृषि फार्मबाट ल्याउने गरिएको छ । २५ वर्षको लिजमा जग्गा भाडामा लिएर संचालन गरिएको छ ।

(ख) बाख्रा अनुसन्धान केन्द्र, बन्दीपुर

बाख्रा अनुसन्धान केन्द्र बन्दीपुरले नेपालमा बाख्रापालनका विभिन्न आयायमहरुमा अनुसन्धान परिक्षणहरु गर्दै आईरहेको छ । यस केन्द्रले आ.व. २०७४/७५ मा पाँचवटा आवधिक अनुसन्धान परियोजनाहरु र एक नियमित अनुसन्धान परियोजना लगायत उत्पादन र वितरणका कार्यक्रमहरु तथा प्रविधि प्रमाणीकरण एवं विस्तार गर्ने कार्य गरेको पाईन्छ । यस अनुसन्धान केन्द्रमा हाल ४९६ वटा बाख्राहरुको व्यवस्थापन गर्दै आएको र स्रोतकेन्द्रहरुको रुपमा कार्य गर्दै आएको छ । बाख्रापालन सम्बन्धी तालिमको आयोजना गर्ने, अवलोकन भ्रमण र परामर्श लिन कृषक तथा गैर कृषकहरुलाई परामर्श सेवा दिने जस्ता काम गर्दै आएको छ ।

९. निष्कर्ष तथा सुझावहरु :

जिल्लामा संचालित तथा निर्माणाधिन आयोजनाका विभिन्न क्रियाकलापहरुको कार्यान्वयन स्थिति, कार्यक्रम कार्यान्वयनमा देखिएका सवल तथा सुधार गर्नु पर्ने विषयको पहिचान गरी प्रभावकारी रुपमा आयोजना कार्यान्वयनका लागि समन्वय गर्नु नै अनुगमन भ्रमणको उद्देश्य रहेको थियो । यस क्रममा तपसिलका केही साझा समस्या देखिएकोले सम्बन्धित निकायहरु अझ बढी सक्रिय एवं जिम्मेवार हुनुपर्ने देखिन्छ :

(क) आन्तरिक एवं अन्तर निकायगत प्रभावकारी समन्वय र नियमित संचार हुन नसक्दा आयोजनाको लागत एवं समय बढनुको साथै गुणस्तरमा समेत कमी हुन गएको देखिन्छ ।

(ख) जग्गा अधिग्रहण, मुआव्जा वितरण तथा पुनर्वास कार्य वस्तुनिष्ट, तथ्यपरक एवं समयसापेक्ष हुन नसक्दा विद्युत आयोजनामा स्थानीय अवरोध हुने गरेको देखिन्छ ।

(ग) आयोजना संचालनको लागि पर्याप्त जनशक्ति नहुनु तथा आयोजना प्रमुख लगायत कार्यरत कर्मचारी को छिटो छिटो सरुवाले गर्दा आयोजनाको काम प्रभावित हुनु ।

(घ) वन ऐन लगायत विकास संग सम्बन्धित कानुनलाई विकासमैत्री बनाउनुका साथै संस्थागत क्षमताको विकास गरिनु आवश्यक रहेको छ ।

(ङ) कतिपय स्थानामा स्थानीय सरकार, राजनैतिक दल, विकास आयोजना तथा सरोकारवाला बीचको साझा बुझाई र स्वामित्ववोधको अभाव भईदिदा विकास आयोजनाहरु प्रभावित हुने गरेका छन ।

(च) विद्युत आयोजनालाई विद्युत उत्पादनका साथै अन्य वहुआयामिक उपयोग गर्नुका साथै तल्लो तटिय क्षेत्र संगको एकीकृत विकास आयोजना संचालन गर्नेतर्फ पनि सजग रहनु उपयुक्त हुने ।

(छ) Hazard mapping, Land Slide को भौगोलिक अवस्था तथा Early warning System को व्यवस्था हुनु पर्ने ।

(ज) ट्रान्समिसन लाइन निर्माणमा जग्गा अधिकरण गरी सरकारले मुआव्जा वितरण गर्दा Right of Way को क्षतिपुर्ति सम्बन्धमा उचित मूल्यांकन हुनु आवश्यक रहेको छ ।

(झ) पूर्वाधारसम्बन्धी आयोजनाहरुको डिजाइन तथा सुपरीवेक्षण गर्ने परामर्शदाताको जिम्मेवारी र जवाफदेहिता थप प्रष्ट हुनुपर्ने ।

९.२ माथिल्लो तामाकोशी जलविद्युत आयोजना

(क) आयोजनाको अवस्था

- आ.व. २०६७/६८ को भाद्र देखि मुख्य संरचनाको निर्माण कार्य शुरुवात भएको आयोजनाको Testing and Commissioning सुरु गर्ने प्रक्षेपित मिति २०७६ चैत्र (April 2020) रहेको छ ।
- २०७६ कार्तिक मसान्त सम्मको भौतिक प्रगति ९८.५५ भएको आयोजनाको कुल संशोधित लागत अनुमान रू. ४९ अर्ब २९ करोड रहेको हालसम्म रू. ४७ अर्ब ५० करोड खर्च भैसकेको छ ।
- हेडवर्कस् कंक्रिट कार्य ९९.९५ र मुख्य सुरुङ्मा लाइनिङ कार्य ९२.०५ सम्पन्न भएको आयोजनाको अन्य सिभिल निर्माण कार्य १००५ सम्पन्न भएको ।
- हाइड्रोमेकानिकल इक्वीप्मेण्ट समूह अन्तर्गत मुख्य कार्यहरुको प्रगतिमा गेट, स्टपलग आदिको ढुवानी कार्य ९५५ र जडान कार्य ९०५ सम्पन्न भएको, तल्लो पेनस्टोक ढुवानी कार्य  र जडान

कार्य क्रमश: ९८५ र ५०५ सम्पन्न भएको, माथिल्लो पेनस्टोक डिजाइन र म्यानुफ्याक्चरिङ, ढुवानी कार्य तथा जडान कार्य क्रमश: ८५५, ९४५ र १२५ सम्पन्न भएको छ ।

- प्रसारणलाइन तथा सवस्टेशन अन्तर्गत प्रसारण लाईन टावरको डिजाईन र म्यानुफ्याक्चरिङ, ढुवानी, जग निर्माण तथा जडान कार्य सम्पन्न भईसकेको छ । तार तान्ने कार्य ९७५ सम्पन्न भएको, सबस्टेशन कार्य अन्तर्गत डिजाईन र म्यानुफ्याक्चरिङ कार्य १००५ सम्पन्न भई ढुवानी र निर्माण र जडान कार्य क्रमशस ९५५ र ५०५ सम्पन्न भई बाँकी रहेको काम तदारुकताका साथ अगाडि बढेको पाईयो ।

(ख) समस्याहरु

- आयोजनाको लागि आ.व.२०७६र७७ को बजेट तयार गर्दा २ अर्बको अनुमानित बजेट पेश गरेकोमा बजेट घोषणा हुँदा १ अर्ब मात्र घोषणा भएको हुनाले बजेटको अभाव श्रृजना हुन थालेको व्यहोरा जानकारी गराईएको थियो ।
- लामोसाँघु-चरिकोट खण्डको जिर्ण सडकको निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न हुन सके आयोजनाको लागि आवश्यक बाँकी सामग्रीहरु ढुवानीको लागी सहज हुने थियो भन्ने भनाई आयोजनाका कर्मचारीहरु बाट आएको थियो ।
- भन्सारको प्रकृया झन्झटिलो भएको विषयको पनि उठान भएको थियो । जसले गर्दा कतिपय भन्सार छुट भएका सामग्रीहरु पनि भन्सार भुक्तानी गरेर ल्याउनु पर्ने अबस्था बनेको जानकारी गराईएको थियो ।
- ठेकेदार कम्पनीबाट कार्य सम्पादनमा केही कमजोरी रहेकोले पेनस्टोक जडान कार्यमा केही समय लाग्ने सम्भावना रहेको,
- सो कार्य केही जटिल र प्राविधिक कार्य भएकोले सीमित कामदार तथा कुशल व्यवस्थापनबाट मात्र कार्य अगाडी बढ्न सक्ने ,
- पहिले एकजना मात्र ठेकेदारबाट हुदै गरेको उक्त पेनस्टोक जडान कार्य काम छिटो सम्पन्न गर्नको लागि दुई  भागमा विभाजन गरी दुई जना ठेकेदारबाट संगसंगै काम भैरहेको

(ग) समस्या समाधानका उपायहरु

- आयोजनाको लागि आ.व.२०७६/७७ को आगामी महिनाको लागि बजेटको अभाव श्रृजना हुन थालेकोले थप बजेटको लागि सम्बन्धित निकायमा पहल गर्न र त्यसको लागि आवश्यक परेको खण्डमा राष्ट्रिय योजना आयोगको तर्फबाट सहयोग हुने भनाई मा.उपाध्यक्षज्यूले राख्नु भएको थियो ।
- लामोसाँघु (चरिकोट खण्डको जीर्ण सडक शीघ्र निर्माणको लागि सम्बन्धित पक्षलाई तदारुकता देखाउन र आफ्नो जिम्मेवारी समयमै पुरा गर्ने तर्फ ध्यान दिन मा. उपाध्यक्षज्यूबाट निर्देशन भएको थियो । उहाँले जीर्ण र अलपत्र अवस्थामा रहेको उक्त सडक निर्माण गर्न आफ्नो तर्फबाट पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।
- भन्सारको प्रकृया झन्झटिलो भई भन्सार छुट भएका सामग्रीहरु पनि भन्सार भुक्तानी गरेर ल्याउनु पर्ने अवस्थाको विषयमा मा.उपाध्यक्षज्यूबाट सम्बन्धित निकायमा कुरा राख्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

## १०. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण

| क्र.सं. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | सहरी विकास मन्त्रालय | २०७६/०८/२० |
| २. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २०७६/०८/१५ |
| ३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०७६/०८/०८ |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७६/०८/१६ |
| ५. | रक्षा मन्त्रालय | २०७६/०८/१८ |
| ६. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | २०७६/०८/०१५ |
| ७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७६/०८/११ |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७६/०८/१९ |
| ९. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७६/०८/१८ |
| १०. | गृह मन्त्रालय | २०७६/०८/१९ |
| ११. | खानेपानी मन्त्रालय | २०७६/०८/२० |
| १२. | वन तथा वातावरण मन्त्रालय | २०७६/०८/१९ |
| १३. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७६/०८/२० |
| १४. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६/०८/११ |
| १५. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७६/०८/१३ |
| १६. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०७६/०८/१८ |
| १७. | अर्थ मन्त्रालय | २०७६/०८/१९ |
| १८. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६/०८/२० |
| १९. | युवा तथा खेलकूद मन्त्रालय | २०७६/०८/११ |
| २०. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७६/०८/२० |
| २१. | परराष्ट्र मन्त्रालय | २०७६/०९/०८ |